# गणतन्त्र दक्षिण अफ्रिकाको संविधानः नेपाली अनुवाद

## सामग्री परिचय

नेपाल यसबेला नयाँ संविधान बनाउने क्रममा छ । निकट भविष्यमा बन्न गइरहेको नयाँ संविधानमार्फत् नेपालको एकात्मक व्यवस्थाका ठाउँमा संघीय ढाँचाको शासनप्रणाली स्थापना हुने अपेक्षा गरिएको छ । यस नयाँ प्रणालीको स्थापनापश्चात् नेपाली नागरिक र नेपाल सरकारका बीच हुने अन्तर्क्रियाको शैलीमा उल्लेख्य परिवर्तन आउने छ ।

एकात्मक शासनप्रणालीबाट संघीय प्रणालीमा रूपान्तरणको प्रक्रिया सहज हुँदैन । त्यसमाथि नेपालका चुनौतीहरू अझ ठूला छन् किनकी संविधानको निर्माणमार्फत् नेपालको सशस्त्र द्वन्द्वको रूपान्तरण गर्ने थप जिम्मेवारी पनि संविधानसभाको छ । नेपालमा विद्यमान विविधता, गरिबी, क्षेत्रीय असन्तुलन र गरिब तथा धनीबीचको खाडल पनि नेपाली जनतालाई सुशासनको अनुभुति गराउने खालको संघीय प्रणालीको निर्माणका चुनौतीहरू हुन सक्छन् ।

२०६४ चैत्र २८ मा सम्पन्न निर्वाचनबाट गठन भएको संविधानसभाले नेपालको नयाँ संविधानको मस्यौदा तयार पारिरहेको छ । संविधानसभाका विभिन्न विषय समितिहरू नेपाली जनताको चाहनाअनुरूप नेपालका लागि उपयुक्त संविधान निर्माणका लागि विभिन्न विषयगत मस्यौदा तयार पार्ने कार्यमा जुटेका छन् । यस क्रममा संविधानसभाका सदस्यहरू, विज्ञ तथा नागरिक समाजबीच अन्य संघीय मुलुकको अनुभवका बारेमा बुझ्ने गहिरो अभिरुची रहेको देखिएको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी), फोरम अफ फेडेरेसन्स तथा अन्य अन्तराष्ट्रिय संस्थाहरूसँग नेपालका नीतिनिर्माता तथा स्थानीय संघसंस्थाहरूबाट विभिन्न मुलुकका संविधानको नेपाली अनुवादका लागि अनुरोध हुँदै आएको छ । यसका लागि विभिन्न संस्था तथा दुतावासहरूले विभिन्न मुलुकका संविधानको नेपाली अनुवाद उपलब्ध गराउँदै आएका छन् । यस क्रममा दक्षिण अफ्रिकाको संविधान नेपाली भाषामा अनुवाद गरी नेपालको संविधान निर्माण प्रक्रियामा योगदान पुर्‍याउने अवसर पाएकोमा फोरम अफ फेडेसन्स हर्षित छ ।

हामीलाई आशा छ नेपालीमा अनुवादित यो संविधानले नेपालको संविधानसभाका सदस्य तथा सर्वसाधारण पाठकका लागि संघीय प्रणालीका विषयमा थप बुझ्नका लागि सघाउ पुर्‍याउने छ र नेपालको संविधान निर्माणको प्रक्रियामा केहि सहयोग गर्नेछ ।

नेपाली भाषामा अनुवाद गरिएका संविधान र अनुवाद गर्ने संस्थाको नाम तल उल्लेख गरिएको छ :

| संविधान | संस्था | सम्पर्क टेलिफोन नं. |
|---|---|---|
| क्यानडा | सिडा | +९७७-१-४४१५१९३ |
| संघीय गणतन्त्र जर्मनी | जिटिजेड | +९७७-१-५५२३२२८ |
| स्विट्जरल्यान्ड | एसडिसी | +९७७-१-५५२४९२९ |
| संयुक्त राज्य अमेरिका | अमेरिकी दुतावास | +९७७-१-४००७२०० |
| इथियोपिया | फोरम अफ फेडेरेसन्स | +९७७-१-४२१८८१४ |
| अष्ट्रिया | संवैधानिक संवाद केन्द्र (सम्पादनको क्रममा) | +९७७-१-४००७२०० |

Forum of Federations
THE GLOBAL NETWORK ON FEDERALISM

दक्षिण अफ्रिकाको संविधानको नेपाली अनुवाद स्विस सरकार विकास सहयोगको आर्थिक सहयोगमा फोरम अफ फेडेरेसन्सद्वारा सम्पन्न भएको थियो ।

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC

# गणतन्त्र दक्षिण अफ्रिकाको संविधान

# Constitution of the Republic of South Africa



## विवरणात्मक स्मरणपत्र

यो संविधान अन्तरिम संविधानको भाग (५) (सन् १९९३ को ऐन २००) अनुसार निर्माण गरिएको हो । यसलाई प्रथम पटक संविधानसभाले मे महिनाको ८ तारिख सन् १९९६ मा पारित गरेको थियो । सन् १९९६ सेप्टेम्बर छ तारिखमा संवैधानिक अदालतले गरेको निर्णयअनुसार यो संविधानको पाठ पुनर्विचारका लागि संविधानसभामा पठाइएको थियो । अन्तरिम संविधानको अनुसूची ४ मा उल्लेखित संवैधानिक सिद्धान्तसँग मेलखाने गरी संविधानको पाठलाई संशोधन गरिएको थियो । यसलाई सन् १९९६ डिसेम्बर १० तारिखका दिन कानुनी रूप दिइएको थियो ।

अन्तिम संविधान वैधानिक, विश्वसनीय र सबै दक्षिण अफ्रिकी जनताका लागि स्वीकार्य छ भन्ने प्रत्याभूति दिनु यो प्रक्रियाको निहित उद्देश्य हो ।

यो संविधान निर्माण गर्ने क्रममा दक्षिण अफ्रिकाको अहिलेसम्मकै सबैभन्दा ठूलो जनसहभागितामूलक अभ्यासअन्तर्गत बहुसङ्ख्यक दक्षिणी अफ्रिकी जनताको सहभागिता रहेको थियो ।

करिब दुई वर्षको गहन परामर्शपछि संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलले यस पाठमा उल्लिखित प्रावधानहरूमाथि सहमति जनाए । यस पाठमा उल्लेख भएका प्रावधानहरू सर्वसाधारण, नागरिक समाज र संविधानसभामा प्रतिनिधित्व भएका एवम् बाहिर रहेका राजनीतिक दलहरूका विचारहरूको समष्टिगत रूप हुन् ।

यसर्थ यो संविधानले दक्षिणी अफ्रिकी जनताको सामूहिक विवेकको प्रतिनिधित्व गर्दछ र यसको निर्माण सबैको सहमतिअनुसार भएको हो ।

### प्रस्तावना

विगतको अन्यायलाई मनन गर्दै, हाम्रो मुलुकमा अन्याय तथा स्वतन्त्रताको खातिर पीडा बहन गर्ने तमाम ती व्यक्तिहरूप्रति श्रद्धा दर्शाउँदै, हाम्रो राष्ट्रनिर्माण तथा देश विकासका लागि समर्पित हुनेहरूप्रति सम्मान व्यक्त गर्दै, हामी दक्षिण अफ्रिकी जनतामा यहाँ बसोवास गर्ने सम्पूर्ण जनताको विविधतामा एकताको सूत्रमा आबद्ध सम्पूर्ण जनताको स्वामित्व रहेको प्रति विश्वस्त छौं ।

त्यसैले हामी हाम्रा स्वतन्त्र रूपमा निर्वाचित प्रतिनिधिहरूमार्फत् यो संविधानलाई गणतन्त्रको प्रमुख कानुनको रूपमा निम्न लिखित उद्देश्यसहित सहवरण गरेका छौं ।

- विगतको विभाजनको पीडाको उपचार गर्ने तथा प्रजातान्त्रिक मूल्य मान्यता, सामाजिक न्याय र आधारभूत मानवअधिकारमा आधारित समाजको स्थापना गर्ने,
- प्रजातान्त्रिक तथा खुला समाजको जग बसाउने जहाँ सरकार जनताको इच्छामा आधारित हुनेछ र प्रत्येक नागरिक कानुनद्वारा समानरूपले संरक्षित रहनेछ;
- सम्पूर्ण जनताको जीवनस्तरको सुधार गर्ने र प्रत्येक नागरिकका सामर्थ्यको प्रस्फुटन गर्ने; एवम्
- विश्वका राष्ट्र समुदायमाझ एउटा सार्वभौम राज्यको रूपमा आफ्नो नैसर्गिक स्थान लिन सक्षम एकीकृत र प्रजातान्त्रिक दक्षिण अफ्रिकाको निर्माण गर्ने ।

ईश्वरले हाम्रा जनताको रक्षा गरून् ।

ईश्वरले दक्षिण अफ्रिकालाई आशिष प्रदान गरून् ।

## भाग १ मौलिक प्रावधानहरू

### १. दक्षिण अफ्रिका गणतन्त्र

गणतन्त्र दक्षिण अफ्रिका निम्नलिखित मान्यतामा आधारित एक सार्वभौमसत्ता सम्पन्न प्रजातान्त्रिक राज्य हो ।

(क) मानवीय मर्यादा, समानताको प्राप्ति र मानवअधिकार तथा स्वतन्त्रताको प्रवर्द्धन ।

(ख) गैरजातीयता र गैरलैङ्गिक ।

(ग) वालिग मताअधिकार, साझा राष्ट्रिय मतदाता सूची, नियमित निर्वाचन, लोकतान्त्रिक सरकार, बहुदलीय व्यवस्था जवाफदेहीता, उत्तरदायी र खुलापनको प्रत्याभूति ।

### २. संविधानको सर्वोच्चता

यो संविधान गणतन्त्र दक्षिण अफ्रिकाको सर्वोच्च कानुन हो । यो संविधानसँग मेल नखाने नियम वा आचरण अमान्य हुनेछन् र यसद्वारा लागू भएका कर्तव्यहरूको पूर्ण पालना गर्नुपर्नेछ ।

### ३. नागरिकता

१. दक्षिण अफ्रिकाको एक साझा नागरिकता रहनेछ ।

२. सबै नागरिक

(क) नागरिकताको अधिकार, सेवा, सुविधाका हकवाला हुनेछन्

(ख) समानरूपले नागरिकका काम कर्तव्य र उत्तरदायित्वमा भागिदार रहनेछन् ।

३. नागरिकताको प्राप्ति, हरण र पुनः प्राप्ति राष्ट्रिय कानुनमा व्यवस्था गरिएबमोजिम हुनेछ ।

### ४. राष्ट्रिय गान

गणतन्त्र दक्षिण अफ्रिकाको राष्ट्रिय गान राष्ट्रपतिले घोषणाद्वारा निर्धारण गरेबमोजिम हुनेछ ।

### ५. राष्ट्रिय झन्डा

**अनुसूची १ मा** चित्रित र वर्णन गरे बमोजिम गणतन्त्र दक्षिण अफ्रिकाको राष्ट्रिय झन्डा कालो, पहेँलो (सुनौला), हरियो, सेतो, रातो र नीलो रङको हुनेछ ।

### ६. भाषा

१. गणतन्त्र दक्षिण अफ्रिकाको सरकारी कामकाजको भाषाहरूमा सेपेदी, सेसोथो, सेतसवाना, सीस्वाती टिसिभेनडा, सिट्सोङ्गा, अफ्रिकान्स, अङ्ग्रेजी, इसिएन्डेबेले, इसीझोसा र इसीजुलु रहनेछन् ।

२. हाम्रा जनताहरूको स्थानीय/जातीय भाषाको ऐतिहासिकरूपले खस्कँदो प्रयोग र स्थानलाई मनन गरेर राज्यले ती भाषाको अवस्थाको स्तरोन्नति र प्रयोगलाई बढावा दिन व्यावहारिक र सकारात्मक उपाय अवलम्बन गर्नेछ ।

३ (क) राष्ट्रिय र प्रान्तीय सरकारहरूले सरकारी कामकाजको भाषाको रूपमा कुनै एक भाषाको प्रयोग गर्न सक्नेछन् । यसमा भाषाको प्रयोग, व्यावहारिकता, आर्थिक खर्च, क्षेत्रगत परिस्थिति र समग्ररूपले जनसङ्ख्याको

आवश्यकता एवम् प्राथमिकताबीचको समन्वयलाई तथा सम्बन्धित प्रान्तको आवश्यकता एवम् प्राथमिकतालाई ध्यानमा राखिनेछ । प्रत्येक प्रान्तीय सरकारले कम्तीमा दुईवटा सरकारी भाषाको प्रयोग गर्नुपर्नेछ ।

(ख) नगरपालिकाहरूले भाषाको उपयुक्तता तथा नगरवासीहरूको रूचिलाई ध्यान दिनुपर्नेछ ।

४. राष्ट्रिय र प्रान्तीय सरकारहरूले कानुनी तथा अन्य उपायद्वारा आ आफ्ना सरकारी भाषाको प्रयोगको अनुगमन तथा नियमन गर्नुपर्नेछ । उपदफा २ मा गरिएको प्रावधानको अनुसरण गर्दै सबै भाषाहरूको महत्वमा समानता कायम राख्नुपर्नेछ र समान व्यवहार गर्नुपर्नेछ ।

५. राष्ट्रिय कानुनद्वारा स्थापना गरिएको एक बृहत् दक्षिण अफ्रिकी भाषा परिषद्ले देहायका कार्य गर्नेछ :

(क) निम्न लिखत भाषाहरूको संवर्द्धन, प्रयोग र विकासका लागि वातावरण तयार गर्नेछ :-

i) सबै सरकारी भाषाहरू

ii) खोइ, नामा तथा सान भाषाहरू

iii) साङ्केतिक भाषा, तथा

(ख) देहायका भाषाको उत्थान र तिनीहरूप्रति सम्मान प्रत्याभूति गर्ने

i) दक्षिण अफ्रिकाका समुदायले प्रयोग गर्ने जर्मन, ग्रीक, गुजराती, हिन्दी, पर्तुगाली, तमिल, तेलेगु र उर्दूलगायत सबै भाषाहरू; एवम्

ii) दक्षिण अफ्रिकामा धार्मिक प्रयोजनका लागि प्रयोग गरिने अरबिक, हिब्रु, संस्कृत र अन्य भाषाहरू

# भाग २ अधिकार बडापत्र

## ७. <u>अधिकार</u>

१. यो अधिकार बडापत्र दक्षिण अफ्रिकी लोकतन्त्रको एक प्रमुख दस्तावेश हो । यसमा हाम्रो देशका सबै मानिसहरूका अधिकार स्थापित भएका छन् र यसले मानव प्रतिष्ठा, समानता र स्वतन्त्रताजस्ता प्रजातान्त्रिक मूल्यहरूमाथि जोड दिन्छ ।

२. अधिकारपत्रमा उल्लिखित भएका अधिकारलाई राज्यले सम्मान गर्नुपर्नेछ, तिनको रक्षा गर्नुपर्नेछ, प्रवर्द्धन गर्नुपर्नेछ र परिपूर्ति गर्नुपर्नेछ ।

३. अधिकारपत्रमा समाहित अधिकार यस अधिकारपत्रको भाग ३६ वा अन्यत्र उल्लेख भएअनुसारको दायराभित्र सीमित हुनेछन् ।

## ८. कार्यान्वयन

१. अधिकारपत्र सबै कानुनका हकका साथै व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र राज्यका सबै अङ्गहरूमा लागू हुनेछ ।

२. अधिकारपत्रको प्रावधानले अधिकारको प्रकृति र अधिकारबापत लागू भएको कुनै कर्तव्यलाई ध्यानमा राख्दै प्राकृतिक र कानुनी व्यक्तिलाई लागू हुने हदसम्म बन्धनमा राख्दछ ।

३. अदालतले अधिकारपत्रको प्रावधानलाई उपदफा २ बमोजिम एउटा प्राकृतिक वा कानुनी व्यक्तिमाथि लागू गर्दा :

(क) अधिकारपत्रमा निहित अधिकारलाई प्रभावकारी बनाउन आम काननुलाई लागू गर्नुपर्नेछ वा आवश्यक परेमा कानुनले त्यो अधिकारमाथि प्रभाव नपार्ने दहसम्म प्रवर्धन गर्नुपर्नेछ ।

(ख) अधिकारलाई संकुचित पार्न साधारण कानुनका नियमहरू बनाउन सक्नेछ र त्यस्तो संकुचन दफा ३६ (१) बमोजिम हुनेछ ।

४. अधिकारको प्रकृति र कानुनी व्यक्तिको प्रकारको आवश्यकताको हदसम्म कुनै पनि कानुनी व्यक्ति अधिकारपत्रमा उल्लेख भएका अधिकारको हकदार हुनेछ ।

## ९. समानता

१. कानुनको नजरमा सबै व्यक्ति समान छन् र उनीहरूलाई समान सुरक्षा र कानुनबाट लाभ लिने अधिकार हुनेछ ।

२. समानताभित्र सबै अधिकार र स्वतन्त्रताको पूर्ण र समान उपभोग पर्दछन् । समानताको प्राप्तिलाई प्रवर्द्धन गर्ने, अन्यायपूर्ण भेदभावका कारण असुविधामा परेका व्यक्ति वा समूहलाई सुरक्षा प्रदान गर्न वा उनीहरूलाई उत्थान गर्न कानुनी उपायको अवलम्बन गर्न सकिनेछ ।

३. राज्यले जात, लिङ्ग, गर्भावस्था, वैवाहिक स्थिति, जातीय वा सामाजिक वंशज/मूल, रङ, उमेर, लैङ्गिक सोचाइ, अपाङ्गता, धर्म, विचार, अवधारणा, संस्कृति, भाषा र जन्मलगायत एक वा एकभन्दा बढी आधारमा कसैप्रति प्रत्यक्ष वा अप्रत्यक्षरूपले अन्यायपूर्ण भेदभाव गर्नेछैन ।

४. कुनै पनि व्यक्तिले कसैप्रति प्रत्यक्ष वा अप्रत्यक्षरूपमा उपदफा (३) बमोजिम उल्लेखितलगायत एक वा सोभन्दा बढी आधारमा अन्यायपूर्ण भेदभाव गर्नेछैन । अन्यायपूर्ण भेदभावलाई रोकथाम गर्ने वा निषेध गर्ने उद्देश्यले राष्ट्रिय कानुन बनाउनुपर्नेछ ।

५. उपदफा (३) मा उल्लेख गरिएबमोजिम एक वा सोभन्दा बढी आधारमा हुने भेदभाव त्यस्तो भेदभाव न्यायपूर्ण छ भन्ने प्रमाणित नभएसम्म अन्यायपूर्ण भएको मानिनेछ ।

## १०. मानव प्रतिष्ठा

प्रत्येक व्यक्तिसँग नैसर्गिक प्रतिष्ठा हुन्छ र उनीहरूको प्रतिष्ठाको कदर/मान्यता राख्ने अधिकारको सम्मान र रक्षा गरिनेछ ।

## ११. जीवन

प्रत्येक व्यक्तिलाई बाँच्न पाउने अधिकार छ ।

## १२. व्यक्तिको स्वतन्त्रता र सुरक्षा

१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको अधिकार छ । यसअन्तर्गत निम्न लिखित अधिकार पनि पर्दछन:

(क) गैरकानुनी वा मानासिव कारणबेगर स्वतन्त्रताबाट वञ्चित नगरिने;

ख. मुद्दा नचलाईकन थुनामा राख्न नपाइने;

ग. सार्वजनिक वा निजी स्रोतबाट हुने सबै किसिमका हिंसाबाट मुक्त हुने;

घ. कुनै प्रकारको यातनाबाट मुक्त हुने; र

ङ. क्रुर, अमानवीय र अपमानजनक किसिमको व्यवहार र सजायको भागी नहुने ।

२. प्रत्येक व्यक्तिलाई शारीरिक र मानसिक अस्मिताको अधिकार रहनेछ । यसमा निम्न लिखित अधिकार पर्दछन्:

क. प्रजनन सम्बन्धी निर्णय लिने अधिकार;

ख. शरीरको सुरक्षा र शरीरमाथि स्व-नियन्त्रण गर्ने अधिकार; र

ग. बिनासहमति चिकित्सा वा वैज्ञानिक प्रयोगका लागि सहभागी नगर्ने अधिकार ।

**१३. दासता, दासत्व र जबर्जस्ती श्रम**

कुनै पनि व्यक्तिलाई दास वा नोकरका रुपमा राख्न तथा जवर्जस्ती श्रम गर्न बाध्य पारिनेछैन ।

**१४. गोपनीयता**

प्रत्येक व्यक्तिलाई गोपनीयताको अधिकार हुनेछ । यसअन्तर्गत देहायका अधिकार पर्दछन्:

क. घरको वा शरीरको खानतलासी गर्न नपाइने;

ख. सम्पत्तिको खानतलासी गर्न नपाइने;

ग. साथमा भएको सरसामान जफत गर्न नपाइने; र

घ. सञ्चारको गोप्यता हनन गर्न नपाइने ।

**१५. धामिक, वैचारिक र मतको स्वतन्त्रता**

१. प्रत्येक व्यक्तिलाई विचार, धर्म, स्वविवेक, मत र धारणा राख्न पाउने स्वतन्त्रता रहनेछ ।

२. धार्मिक कर्महरू तथा संस्कार समारोह राज्य वा राज्यबाट सहयोगप्राप्त संस्था देहायका सर्तमा रही सम्पन्न गर्न सकिनेछ :

क. यस्ता धार्मिक कार्य र समारोह सम्बन्धित सार्वजनिक अधिकारीले बनाएका कानुनअनुरूप हुनुपर्नेछ;

ख. त्यस्ता धार्मिक कर्म/समारोह समानतामा आधारित रहेर सम्पन्न गरिनेछन्; र

ग. यस्ता कार्यक्रम/समारोहमा उपस्थिति निःशुल्क वा स्वइच्छापूर्वक हुनुपर्नेछ ।

३. क. यो दफाले देहायका विषयमा कानुन बनाउन निषेध गरेको मानिने छैन ।

i. कुनै पनि परम्परा वा धार्मिक, व्यक्तिगत वा पारिवारिक कानुनी व्यवस्थाअनुसार सम्पन्न गरिने विवाह; वा

ii. कुनै पनि परम्पराअन्तर्गतको वा कुनै एक धर्म मान्ने मानिसले अपनाएको व्यक्तिगत वा पारिवारिक व्यवस्था ।

ख. अनुच्छेद (क) बमोजिम दिइने मान्यता यो खण्ड र संविधानका अन्य प्रावधानसँग मेल खाने हुनुपर्नेछ ।

**१६. अभिव्यक्ति स्वतन्त्रता**

१. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वन्त्रताको हक हुनेछ । अभिव्यक्ति स्वतन्त्रताको हकअन्तर्गत देहायका हक पर्दछन्:-

क. प्रेस वा अन्य सञ्चारमाध्यमसम्बन्धी स्वतन्त्रता;

ख. जानकारी वा विचार प्राप्त गर्ने र प्रदान गर्ने स्वतन्त्रता;

ग. कलात्मक सिर्जना सम्बन्धी स्वतन्त्रता;

घ. प्राज्ञिक स्वतन्त्रता तथा वैज्ञानिक अनुसन्धान गर्ने स्वतन्त्रता ।

२. उपदफा (१) मा उल्लिखित अधिकारले देहायका विषयलाई समावेश गर्दैनन्:

क. युद्धसम्बन्धी प्रचारप्रसार;

ख. तत्कालिक अशान्ति फैलाउने/भड्काउने विषय; वा

ग. हानि पुऱ्याउने उद्देश्यले गरिएको जातीयता, लैङ्गिक वा धार्मिकतामा आधारित विद्वेष वा घृणाको वकालत वा यस्तो प्रकृतिको कुनै पनि काम ।

**१७ सभा, विरोध प्रदर्शन, घेराउ र निवेदन**

प्रत्येक व्यक्तिलाई बिनाहातहतियार शान्तिपूर्वक भेला हुने, विरोध प्रदर्शन गर्ने, घेराउ गर्ने र ज्ञापनपत्र दिने अधिकार हुनेछ ।

**१८. सङ्गठित हुने स्वतन्त्रता**

प्रत्येक व्यक्तिलाई सङ्गठन खोल्न पाउने र सङ्गठित हुने अधिकार हुनेछ ।

**१९. राजनीतिक अधिकार**

१. प्रत्येक नागरिकलाई राजनीतिक रोजाइ/छनोट गर्ने स्वतन्त्रता हुनेछ र यसअन्तर्गत देहायका स्वतन्त्रता हुनेछन्:-

क. राजनीतिक दल गठन गर्न पाउने;

ख. राजनीतिक दलका क्रियाकलापमा सहभागी हुने वा सदस्यहरू भर्ती गर्ने; र

ग. कुनै राजनीतिक दल वा सामाजिक भलाइको कार्यका लागि प्रचारप्रसार गर्ने ।

२. प्रत्येक नागरिकलाई संविधानअन्तर्गत स्थापित कुनै पनि विधायिकी निकायका लागि स्वतन्त्र, निष्पक्ष र नियमित निर्वाचनको अधिकार हुनेछ ।

३. प्रत्येक वयस्क नागरिकलाई देहायका अधिकार हुनेछन्(

क. संविधानबमोजिम स्थापित कुनै पनि विधायिकी निकायको निर्वाचनमा मतदान गर्ने र सो मतदान गोप्यरूपमा गर्ने; तथा

ख. सार्वजनिक पदमा उम्मेदवारी दिने र यदि निर्वाचित भएमा सो पदमा बहाल हुने ।

**२०. नागरिकता**

कुनै पनि नागरिकलाई नागरिकताबाट वञ्चित गरिने छैन ।

**२१. हिँड्डुल गर्न पाउने र बसोवासको स्वतन्त्रता**

१. प्रत्येक व्यक्तिलाई हिँड्डुल गर्न पाउने स्वतन्त्रता छ ।

२. प्रत्येक व्यक्तिलाई गणतन्त्र दक्षिण अफ्रिका छाड्ने अधिकार छ ।

३. प्रत्येक नागरिकलाई गणतन्त्रमा प्रवेश गर्ने, त्यहाँ रहने र कुनै पनि भू(भागमा बसोवास गर्ने अधिकार छ ।

४. प्रत्येक नागरिकलाई राहदानीको अधिकार छ ।

## २२. व्यापार, व्यवसाय र पेसा गर्न पाउने स्वतन्त्रता

प्रत्येक नागरिकलाई आफ्नो पेसा वा व्यवसाय स्वतन्त्रतापूर्वक छनोट गर्न पाउने अधिकार छ । कुनै पनि पेसा, व्यवसाय वा व्यापारलाई कानुनद्वारा नियमन गर्न सकिनेछ ।

## २३. श्रम सम्बन्ध

१. प्रत्येक व्यक्तिलाई न्यायोचित श्रम गर्न पाउने अधिकार छ ।

२. प्रत्येक श्रमिकका देहायबमोजिम अधिकार छन्ः-

  क. श्रम सङ्घ वा सङ्गठन खोल्न पाउने वा त्यसमा आबद्ध हुने;

  ख. श्रम सङ्घ वा सङ्गठनका क्रियाकलाप र कार्यक्रममा सहभागी हुने; र

  ग. हड्ताल गर्ने ।

३. प्रत्येक रोजगारदातालाई देहायका अधिकार हुनेछन्ः-

  क. रोजगारदाता सङ्घ/सङ्गठन गठन गर्ने र त्यसमा आबद्ध हुने; र

  ख. रोजगारदाता सङ्घ/सङ्गठन क्रियाकलाप र कार्यक्रममा सहभागी हुने ।

४. प्रत्येक श्रम सङ्गठन र रोजगारदाता सङ्घसंस्थाका देहायबमोजिम अधिकार हुनेछन्ः

  क. आफ्नै प्रशासन, कार्यक्रम र क्रियाकलाप निर्धारण गर्ने;

  ख. सङ्गठित हुने; र

  ग. महासङ्घ गठन गर्ने र त्यसमा आबद्ध हुने ।

५. प्रत्येक श्रमिक सङ्गठन, रोजगारदाता सङ्घसंस्था र रोजगारदातालाई सामूहिक सौदाबाजी गर्ने अधिकार रहनेछ । सामूहिक सौदाबाजीलाई नियमन गर्नका लागि राष्ट्रिय कानुनको निर्माण गर्न सकिनेछ ।

यस्तो कानुनले यसखण्डमा रहेका अधिकार खण्ड ३६ (१) सँग सम्मत हुने हदसम्म सीमित पार्नसक्छ ।

६. सामूहिक सम्झौतामा उल्लेख गरिएका श्रमिक सुरक्षा व्यवस्थालाई राष्ट्रिय सम्झौतामा उल्लेख गरिएका श्रमिक सुरक्षा व्यवस्थालाई राष्ट्रिय कानुनले मान्यता दिन सकिनेछ । कानुनले यस खण्डमा भएका अधिकार सीमित पार्ने हदसम्म त्यो सीमितता खण्ड ३६ (१) सँग मेलखाने हुनुपर्छ ।

## २४. वातावरण

प्रत्येक व्यक्तिलाई देहायका अधिकार हुनेछन्ः-

क. उनीहरूको स्वास्थ्य र भलाइमा हानि नहुने वातावरणमा बस्न पाउने; र

ख. वर्तमान र भावी पिँढीको कल्याण/भलाइका लागि उपयुक्त कानुनी र अन्य उपायद्वारा वातावरणको संरक्षण गराउने । यसअन्तर्गत देहायका प्रावधानहरू हुनेछन् ।

  i) प्रदूषण र वातावरणीय प्रणालीको ह्रास रोक्ने;

  ii) संरक्षणलाई प्रवर्द्धन दिने; र

iii) समुचित आर्थिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्दै वातावरण मैत्री दिगो विकास र प्राकृतिक स्रोतको प्रयोगको प्रत्याभूति गर्ने ।

**२५. सम्पत्ति**

१. सबैलाई लागू हुने कानुनले व्यवस्था गरेबाहेक कसैलाई पनि सम्पत्तिबाट वञ्चित हुनुपर्ने छैन र कुनै पनि कानुनले जथाभावी स्वेच्छाचारी तवरले सम्पत्तिबाट वञ्चित गर्ने छैन ।

२. आमरूपमा लागू हुने कानुनबमोजिम मात्र सम्पत्ति अधिग्रहण गर्न सकिनेछ । सम्पत्ति अधिग्रहणः-

क. सार्वजनिक उद्देश्य र सार्वजनिक हितका लागि गरिनेछ; र

ख. क्षतिपूर्ति दिइने सर्तमा हुनेछ । क्षतिपूर्तिको रकम र समय र रकम भुक्तानीको तरिका प्रभावित पक्षको सहमति वा अदालतद्वारा पारित गरे वा निर्णय गरेबमोजिम हुनेछ ।

३. क्षतिपूर्तिको रकम र भुक्तानी गर्ने समय र तरिका न्यायोचित र समतामूलक हुनेछ र सम्पूर्ण सामयिक परिस्थितिलाई ध्यानमा राख्दै यसले सार्वजनिक हित र प्रभावित व्यक्तिहरूको हितका बीच समान सन्तुलन कायम राख्नेछ । त्यस्तो गर्दा निम्न कुराहरूलाई ग्रहण गरिनेछः

क. सम्पत्तिको वर्तमान प्रयोग/उपयोग;

ख. सम्पत्ति प्राप्ति र त्यसको उपयोगको इतिहास;

ग. सम्पत्तिको बजारमूल्य;

घ. जग्गा अधिग्रहण गर्दा राज्यले गरेको प्रत्यक्ष लगानी र अनुदान तथा सम्पत्तिको नाफामूलक पुँजी सुधारको क्षेत्र; र

ङ. अधिग्रहण गर्नाको उद्देश्य ।

४. यस खण्डको प्रयोजनका लागिः

क. सार्वजनिक हित भन्नाले भूमिसुधारमा राज्यको प्रतिबद्धता तथा दक्षिण अफ्रिकाको सम्पूर्ण प्राकृतिक स्रोतमा बराबर पहुँच स्थापित गर्नका लागि गरिने सुधारमा राज्यको प्रतिबद्धता; र

ख. सम्पत्ति भन्नाले जग्गाजमिनलाई मात्र जनाउँदैन ।

५. नागरिकले समानताको आधारमा जमिनमा पहुँच पाउन सघाउने अवस्थाको सिर्जना गर्नका लागि राज्यले प्राप्त स्रोत साधनको परिधिभित्र रहेर उपयुक्त कानुनी र अन्य उपाय अवलम्बन गर्नेछ ।

६. विगतका जातीय विभेदपूर्ण कानुन र प्रचलनका कारण जो व्यक्ति वा जुन समुदायको जग्गा उपभोग/प्रयोग कानुनीरूपले सुरक्षित छैन, संसदले बनाएको कुननको हदसम्म त्यस्ता व्यक्ति र समुदाय कानुननीरूपमा सुरक्षित जग्गा उपभोगको हकवाला हुनेछन् वा त्यसको बराबर मुआवजाको हकदार हुनेछन् ।

७. विगतका जातीय भेदभावपूर्ण कानुन वा प्रचलनका कारण ई. सन् १९१३, जुन १९पछि आफ्नो सम्पत्ति गुमाएका व्यक्ति वा समुदाय संसदले बनाएको कानुनको परिधिसम्म त्यो सम्पत्ति फिर्ता पाउन वा त्यसका लागि न्यायोचित मुआवजा पाउन हकदार हुनेछन् ।

८. यस खण्डको प्रावधानबाट बाहिर गएर भएका उपायहरू खण्ड ३६(१) बमोजिम भएसम्म यसखण्डमा भएका कुनै पनि प्रावधानले राज्यलाई जमिन, पानी र अन्य विषयमा विगतको जातीय भेदभावको परिणामलाई समाधान गर्ने उद्देश्यले सुधार ल्याउनका लागि कानुनी तथा अन्य उपाय अपनाउनबाट रोकेको मानिने छैन ।

९. दफा ६ मा उल्लेख भएको कानुन संसदले बनाउने छ ।

**२६. आवास**

१. प्रत्येक व्यक्तिलाई पर्याप्त आवासको पहुँच पाउने अधिकार छ ।

२. प्राप्त साधन र स्रोतको सीमाभित्र रहेर यो अधिकारको निरन्तर प्राप्तिको लागि राज्यले उपयुक्त कानुनी र अन्य उपायहरू अपनाउनुपर्नेछ ।

३. सामयिक सम्पूर्ण परिस्थितिलाई ध्यानमा राख्दै अदालतले गरेको आदेशविपरीत गएर कुनै पनि व्यक्तिलाई तिनको घरबाट निकाला गरिने छैन वा घर भत्काइने छैन ।

**२७. स्वास्थ्योपचार, खाना, पानी र सामाजिक सुरक्षा**

१. प्रत्येक व्यक्तिलाई देहायको सुविधा प्राप्त गर्ने अधिकार हुनेछः

क. प्रजनन स्वास्थ्य उपचारलगायत स्वास्थ्य उपचार सेवा;

ख. यदि आफूलाई र आफूमा आश्रित परिवारका सदस्यको पालनपोषण गर्न सक्षम नभएमा, उपयुक्त सामाजिक सहयोगलगायत प्रयाप्त खाना, भोजन र पानी; तथा

२. यी प्रत्येक अधिकारको निरन्तर परिपूर्तिका लागि राज्यले प्राप्त स्रोतको परिधिभित्र रहेर उचित कानुनी र अन्य उपाय अपनाउनेछ; र

३. कसैलाई पनि आकस्मिक स्वास्थ्य उपचार दिन इन्कार गरिनेछैन ।

**२८. बालबालिका**

१. प्रत्येक बालबालिकालाई देहायका अधिकार हुनेछन्:

क) जन्मेदेखि नै नाम र राष्ट्रियता पाउने;

ख) परिवार वा अभिभावक (आमाबुबा)को रेखदेख र पालनपोषण वा पारिवारिक वातावरणबाट अलग भएमा उपयुक्त वैकल्पिक पालनपोषण र रेखदेख पाउने;

ग) आधारभूत पोषण, वास, न्यूनतम स्वास्थ्य उपचार सेवा र सामाजिक सेवाहरू पाउने;

घ) दुर्व्यवहार, अपमानजनक व्यवहार र बेवास्ताबाट सुरक्षा पाउने;

ङ) शोषणमूलक श्रम व्यवस्थाबाट सुरक्षित रहने; र

च) देहायका काम गर्न र सेवा प्रदान गर्न लगाउन नपाइने वा अनुमति नदिइने ।

i) बालबालिकाको उमेरको व्यक्तिको लागि अनुपयुक्त काम वा श्रम; वा

ii) बालबालिकाको हित, शिक्षा, शारीरिक वा मानसिक स्वास्थ्य वा आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा बाधा पार्ने किसिमका काम वा श्रम ।

छ. अन्तिम उपाय नभएमा बाहेक बालबालिकालाई थुनामा राख्न पाइने छैन । यस्तो अवस्थामा पनि खण्ड १२ र ३५ अन्तर्गत बालबालिकाका अधिकारका अतिरिक्त बालबालिकालाई सकेसम्म छोटो अवधिका लागि मात्र थुनामा राख्न सकिनेछ र थुनामा रहेको अवधिमा बालबालिकालाई देहायको अधिकार हुनेछन्:-

i) अठार वर्षभन्दा बढी उमेरका थुनुवाहरूभन्दा अलग्गै राखिने; र

ii) बालबालिकाको उमेरलाई ध्यानमा राखेर उपयुक्त व्यवहार र उचित वातावरणमा राखिने ।

ज. बालबालिकालाई असर गर्ने देवानी मुद्दामा यदि ठूलै परिमाणमा अन्याय हुने भएमा राज्यले आफ्नो खर्चमा बालबालिकालाई वकिल उपलब्ध गराउने; र

झ. सशस्त्र युद्धमा प्रत्यक्षरूपमा संलग्न र प्रयोग नगराइने एवम् सशस्त्र युद्धको समयमा सुरक्षा प्रदान गरिने ।

२. बालबालिकासँग सम्बन्धित प्रत्येक विषयमा बालबालिकाको सर्वोत्तम हित नै सर्वोपरि महत्वपूर्ण हुनेछ; र

३. यस खण्डमा बालबालिका भन्नाले १८ वर्षभन्दा कम उमेरका व्यक्ति भन्ने बुझ्नुपर्दछ ।

२९. शिक्षा

१. प्रत्येक व्यक्तिलाई देहायका अधिकार हुनेछन्:-

क) प्रौढ शिक्षालगायत वयस्क आधारभूत शिक्षा प्राप्त गर्ने; र

ख) राज्यद्वारा उपयुक्त तरिकाद्वारा निरन्तर प्रदान गरिने र पहुँचमा पुऱ्याइने उच्चशिक्षा ।

२. प्रत्येक व्यक्तिलाई सार्वजनिक शैक्षिक संस्थामा सरकारी भाषामा वा आफ्नो रोजाइको कुनै भाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ, जहाँ यस्तो प्रकारको शिक्षा प्राप्त गर्न सामान्यतया सम्भव हुन्छ । यो अधिकारको प्रभावकारी पहुँच र कार्यान्वयनका लागि राज्यले एक माध्यममा पढाइ हुने शैक्षिक संस्थालगायत अन्य सबै उपयुक्त शैक्षिक विकल्पहरूतर्फ विचार गर्नेछ र यसो गर्दा निम्न कुराहरूमा पनि ध्यान पुऱ्याइनेछ:

क) समानता;

ख. उपयुक्तता; तथा

ग. विगतका जातीय विभेदकारी कानुन तथा प्रचलनको परिणामस्वरूप सिर्जना भएका समस्याको समाधान/सम्बोधन गर्नुपर्ने आवश्यकता ।

३. प्रत्येक व्यक्तिलाई व्यक्तिगत खर्चबाट स्वायत्त/स्वतन्त्र शैक्षिक संस्था स्थापना तथा सञ्चालन गर्ने अधिकार हुनेछ । त्यस्ता शैक्षिक संस्थाले :-

क. जातीयताको आधारमा भेदभाव गर्न पाउने छैनन्;

ख. राज्यको सम्बन्धित निकायमा दर्ता भएका हुनेछन्; र

ग. सार्वजनिक शैक्षिक संस्थाको शिक्षाको गुणस्तरभन्दा राम्रो शैक्षिकस्तर कायम राख्नेछन् ।

४. उपदफा(३) ले स्वायत्त शैक्षिक संस्थाहरूलाई राज्यले दिने अनुदानबाट वञ्चित गरेको मानिने छैन ।

३०. भाषा तथा संस्कृति

प्रत्येक व्यक्तिलाई उनीहरूको रोजाइको भाषा प्रयोग गर्ने तथा साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार रहेको छ । तर यो अधिकार उपभोग गर्ने कुनै पनि व्यक्तिलाई अधिकारपत्रमा समावेश गरिएका प्रावधानसँग मेल नखाने किसिमले सो अधिकार प्रयोग गर्न पाउने छैनन् ।

३१. साँस्कृतिक, धार्मिक तथा भाषिक समुदाय

१. कुनै एक साँस्कृतिक, धार्मिक, वा भाषिक समुदायको व्यक्तिले सो समुदायका अन्य व्यक्तिहरूलाई जस्तै देहायका अधिकारबाट वञ्चित गरिने छैन :-

क. उनीहरूको आफ्नो संस्कृतिमा रमाउन, धर्म अवलम्बन गर्न र भाषाको प्रयोग गर्न; र

ख. साँस्कृतिक, धार्मिक र भाषिक सङ्घ/सङ्गठन र नागरिक समाजका अन्य निकायको स्थापना गर्ने, आबद्ध रहने र सञ्चालन गर्ने ।

२. उपदफा (१) मा उल्लिखित अधिकारहरूको उपभोग गर्दा अधिकार बडापत्रका प्रावधान अनुसार गर्नुपर्दछ ।

### ३२. सूचनाको पहुँच

१. प्रत्येक व्यक्तिलाई देहायका अधिकारमा पहुँच हुनेछ :-

क. राज्यसँग भएका कुनै पनि सूचना; र

ख. कुनै अर्को व्यक्तिसँग भएको सूचना जुन कुनै पनि अधिकारको रक्षा गर्न वा उपभोग गर्न आवश्यक हुन्छ ।

२. यो अधिकारलाई प्रभावकारी बनाउन राष्ट्रिय कानुनको निर्माण गरिनेछ । यस्ता कानुनमा राज्यमाथि पर्न जाने प्रशासनिक र आर्थिक भार कम गर्न प्रावधान राख्न सकिनेछ ।

### ३३. न्यायपूर्ण प्रशासनिक काम

१. प्रत्येक व्यक्तिलाई कानुनसम्मत, न्यायोचित र प्रक्रियागत रूपले निष्पक्ष प्रशासनिक कामको अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्ति जसका अधिकार प्रशासनिक कामका कारण नकारात्मक रूपले प्रभावित भएका छन्, उनीहरूलाई लिखित रूपमा कारण जान्न पाउने अधिकार छ ।

३. यी अधिकारलाई प्रभावी बनाउनका लागि राष्ट्रिय कानुन तर्जुमा गरिनेछ । यस्तो कानुनले :-

क. अदालत वा सम्भव भएसम्म स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट प्रशासनिक कामको सुनुवाइ गर्ने प्रावधान राख्नेछ;

ख. उपदफा (१) र (२) मा उल्लेख गरिएका अधिकारलाई प्रभावी बनाउनका लागि राज्यलाई बाध्य पार्नसक्नेछ, र

ग. प्रभावकारी प्रशासन प्रवर्द्धन गर्न मद्दत गर्नेछ ।

### ३४. अदालतमा पहुँच

प्रत्येक व्यक्तिलाई कुनै पनि कानुनद्वारा निरूपण गर्न सकिने विवाद निष्पक्ष सार्वजनिक सुनुवाइ, अदालत वा उपयुक्त अर्को स्वतन्त्र र निष्पक्ष न्यायाधिकरण वा निकायबाट निर्णय गराउन पाउने अधिकार हुनेछ ।

### ३५. पक्राउ परेका, थुनामा रहेका र आरोपित व्यक्ति

१. अपराध गरेको आरोपमा पक्राउ परेका सबै व्यक्तिलाई देहायका अधिकार हुनेछन् :-

क. मौन बस्ने

ख. देहायका कुराको तत्काल जानकारी पाउने :-

१ मौन रहने अधिकारको; र

२. मौन नरहँदा हुने परिणामको बारेमा ।

ग. कुनै पनि व्यक्तिलाई उनकाविरुद्ध प्रयोग हुनसक्ने गरी स्वीकारोक्ति वा साविती बयान दिन बाध्य पारिने छैन ।

घ. यथासम्भव जतिसक्दो चाँडो अदालतसमक्ष उपस्थित गराइने छ र तल दिइएको समयावधिभन्दा अगावै अदालतसमक्ष उपस्थित गर्नुपर्नेछ

i) पक्राउ गरिसकेपछि ४८ घण्टाभित्र; र

ii) यदि ४८ घण्टाकोअवधि साधारण अदालतभन्दा बाहिर व्यतित भएको खण्डमा अठचालीस घण्टाको समयको म्याद भुक्तान भइसकेपछि अदालत उपस्थिति गराइने दिनको अन्त्यसम्ममा वा अदालतमा उपस्थित नहुने दिनमा ।

ङ. पक्राउपछि अदालतमा प्रथमपटक उपस्थित गराइएपछि अभियोग लगाइने वा थुनामा राखिनुपर्ने कारणबारे जानकारी गराइने वा थुनामुक्त गराइएको कारण जानकारी गराइने; र

च. मनासिव सर्तअन्तर्गत अदालतको सहमतिमा थुनाबाट मुक्त हुन पाउने ।

२. थुनामा राखिएको प्रत्येक व्यक्ति वा कुनै अभियोगमा जेल सजाय भुक्तान गरिरहेका कैदीलाई देहायका अधिकार हुनेछन् :-

क. थुनामा राख्नुपर्ने कारणबारे तत्काल जानकारी पाउने;

ख. कानुन व्यवसायी राख्न पाउने वा उनीसँग सल्लाह लिन पाउने र यस्तो अधिकारको बारेमा तत्काल जानकारी पाउने;

ग. यदि अन्यथा ठूलो परिणाममा अन्याय हुने भएमा राज्यले आफ्नै खर्चमा थुनामा रहेका व्यक्तिलाई कानुन व्यवसायी उपलब्ध गराइदिने र यसको बारेमा तत्काल जानकारी पाउने;

घ. अदालतसमक्ष आफैँ उपस्थित भई थुनामा राखिनुको कानुनी आधारविरुद्ध मुद्दा दायर गर्ने र यदि गैरकानुनीरूपमा थुनामा राखिएको खण्डमा थुनामुक्त हुन पाउने;

ङ. राज्यको खर्चमा पर्याप्त खाना तथा आवास, पोषण, पढ्ने सामग्री र स्वास्थ्य उपचारलगायत मानवीय मर्यादाअनुरूपका थुनामा राख्दा अपनाइने सर्तबमोजिम प्रदान गरिने कुराहरू प्रयोग गर्न पाउने; र

च. देहायका व्यक्तिसँग कुराकानी गर्न र भेट गर्न पाउने ।

i पत्नी वा साथी

ii नजिकको नातेदार

iii आफूले रोजेका धार्मिक सल्लाहकार

Iv आफूले रोजेको चिकित्सक

३ प्रत्येक व्यक्तिलाई निम्न लिखित अधिकारसहितको निष्पक्ष सुनुवाइको हक हुनेछः

क. आफूविरुद्धको अभियोगकोबारेमा पर्याप्त जानकारी पाउने ताकि उनले त्यसको प्रत्युत्तर दिन सकून्;

ख. अभियोगविरुद्ध जवाफ तयार गर्नका लागि पर्याप्त समय र सुविधा;

ग. कुनै पनि साधारण अदालतमा सार्वजनिकरूपमा मुद्दा चलाइने;

घ. अकारण ढिलाइ नगराई सुनुवाइ सुरु र अन्त्य गरिने

ङ. मुद्दा चलाइदा उपस्थित गराइने;

च. कानुन व्यवसायी छनोट गर्न पाउने र उनीद्वारा प्रतिनिधित्व गरिने र यो अधिकारको बारेमा तत्काल जानकारी पाउने;

छ. यदि अन्यथा ठूलो अन्याय हुने भएमा राज्यद्वारा आफ्नै खर्चमा अभियुक्तलाई कानुन व्यवसायी उपलब्ध गराइने र यो अधिकारको बारेमा तत्काल जानकारी पाउने;

ज. मुद्दाको सुनुवाइ भइरहेको अवधिमा निर्दोष भएको मानिने, मौन रहने र सुनुवाइमा साविती बयान नदिने;

झ. प्रमाण पेस गर्ने वा आफूविरुद्धको प्रमाणलाई चुनौती दिने;

ञ. आफैँलाई कुनै अपराधको दोषी सावित गर्ने प्रमाण दिन बाध्य नपारिने;

ट. अभियुक्तले बुझ्ने भाषामा मुद्दा चलाइने वा यदि यो सम्भव नभएमा सुनुवाइको कामकारबाहीलाई उनले बुझ्ने भाषामा अनुवाद गरिने;

ठ. कुनै गल्ती वा कुनै कार्यकोलागि यदि सो गल्ती वा कार्य भएको समयमा त्यो राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनबमोजिम कसुरयोग्य नभएको अवस्थामा अभियोग लागाउन नपाइने;

ड. यदि कुनै व्यक्तिले कसुर र कार्यका लागि यसभन्दा अगाडि नै माफी पाइसकेका रहेछन् वा सजायको भागिदार भइसकेको रहेछन् भने त्यही कसुर र कामका लागि कसुरदारको रूपमा मुद्दा नचलाइने;

ढ. यदि कुनै कसुरकोलागि दिइने सजाय कसुर गरेको समय र सजाय दिइएको समयबीचको अवधिमा परिवर्तन भएको खण्डमा सिफारिस गरिएको सबभन्दा कम कडा सजाय पाउने; र

ण. माथिल्लो अदालतमा निवेदन दिन पाउने र सो अदालतले मुद्दाको पुनरावलोकन गर्ने ।

४. यस खण्डमा उल्लेख भएअनुसार कुनै पनि व्यक्तिलाई जानकारी दिनुपरेमा सो व्यक्तिले बुझ्ने भाषामा दिनुपर्नेछ ।

५. यदि त्यो प्रमाणको स्वीकारोक्तिले मुद्दा/सुनुवाइको निष्पक्षतामा प्रभाव पार्छ वा न्याय दिने काममा अवरोध पुऱ्याउँछ भने अधिकार बडापत्रमा उल्लेख गरिएका अधिकारको उल्लङ्घन हुने गरेर प्राप्त गरिएको प्रमाणलाई सुनुवाइ समावेश गरिने छैन ।

**३६. अधिकारको सीमितता**

१. अधिकार बडापत्रमा उल्लेख गरिएका अधिकार साधारणरूपमा लागू हुने कानुनअनुसार सीमित हुनेछन् । त्यस्तो सीमितता मानवीय प्रतिष्ठा, समानता र स्वतन्त्रतामा आधारित प्रजातान्त्रिक समाजमा देहायका बुँदालगायत सामयिक पक्षहरूलाई ध्यानमा राख्दा उपयुक्त र न्यायोचित हुनुपर्नेछः

क. अधिकारको किसिम;

ख. सीमितताको महत्व र सीमित पार्नुको प्रयोजन;

ग. सीमितताको प्रकृति र व्यापकता;

घ. सीमितता र यसको उद्देश्यबीचको सम्बन्ध; र

ङ. उद्देश्य प्राप्तिमा कम बन्देजपूर्ण उपायको प्रयोग ।

२. उपदफा (१) वा संविधानको अन्य कुनै प्रावधानमा उल्लेख गरिएबाहेक कुनै पनि कानुनले अधिकार बडापत्रमा प्रत्याभूति गरिएका कुनै पनि अधिकारलाई संकुचित पार्न सक्दैन ।

**३७. सङ्कटकालीन अवस्था**

१. संसदद्वारा निर्मित कानुन अनुसार देहायको अवस्था विद्यमान भएमा मात्र सङ्कटकालीन स्थितिको घोषणा गर्न सकिनेछ :-

क. युद्ध, लडाइँ, आमविद्रोह, शान्ति सुरक्षामा गडबडी, प्राकृतिक प्रकोप वा अन्य सार्वजनिक आपत्कालीन स्थितिबाट राष्ट्रको अस्तित्व असुरक्षित भएमा;

ख. शान्ति तथा सुव्यवस्था कायम राख्न यस्तो घोषणा आवश्यक भएमा ।

२. सङ्कटकालीन अवस्थाको घोषणा एवम् सो घोषणाअनुसार बनाइएका कुनै पनि कानुन र त्यो घोषणाको परिणामस्वरूप लिइएका कुनै पनि कदम देहायको अवस्थामा मात्र लागू हुनेछन् :-

क. भविष्य प्रभावी; र

ख. राष्ट्रियसभाले सो घोषणाको अवधि (म्याद) बढाउने सङ्कल्प नगरेसम्म सङ्कटकालीन अवस्था घोषणाको अवधि घोषणा गरेको मितिले २१ दिनभन्दा बढी हुनेछैन । राष्ट्रियसभाले एकपटकसम्मका लागि सङ्कटकालीन अवस्थाको घोषणको अवधि तीन महिनाभन्दा बढी नहुने गरी बढाउन सक्नेछ । पहिलोपटक सङ्कटकालीन अवस्थाको घोषणाको म्याद बढाउँदा राष्ट्रियसभाका बहुमत सदस्यहरूले पक्षमा मतदान गरेको सङ्कल्प प्रस्तावको आधारमा गर्नुपर्नेछ । त्यसपछि सङ्कटकालीन अवस्थाको घोषणाको म्याद बढाउनुपरेमा सभाका कम्तीमा ६० प्रतिशत सदस्यहरूको समर्थनमा पारित प्रस्तावको आधारमा गर्नुपर्नेछ । यो अनुच्छेदमा उल्लेख भएको प्रस्ताव राष्ट्रियसभामा सार्वजनिक बहस/छलफल गरिसकेपछि मात्र पारित गर्नुपर्नेछ ।

३. कुनै पनि योग्य अदालतले देहायका विषयको वैधताको बारेमा निर्णय गर्नसक्नेछ :-

क. सङ्कटकालीन अवस्थाको घोषणा;

ख. सङ्कटकालीन अवस्था घोषणाको म्याद बढाउने घोषणा;वा

ग. सङ्कटकालीन अवस्था घोषणाको परिणामस्वरूप बनाइएको कुनै पनि कानुन र गरिएका काम कारबाही ।

४. सङ्कटकालीन अवस्था घोषणाको परिणामस्वरूप निर्मित कानुन अधिकार बडापत्रबाट देहायका हदसम्म मात्र बाझिएको मानिनेछ ।

क. त्यस्तो असङ्गतिपूर्ण कानुन सङ्कटकालका लागि अपरिहार्य रूपमा आवश्यक भएमा ।

ख. त्यो कानुनः

i. सङ्कटकालमा प्रयुक्त हुने अन्तरराष्ट्रिय कानुनअन्तर्गत देशको दायित्वसँग मिल्दोजुल्दो हुनुपर्छ;

ii. उपदफा (५) सँग मेल खाने हुनुपर्दछ; र

iii लागू भइसकेपछि यथाशक्य चाँडोभन्दा चाँडो राष्ट्रिय सरकारको गजेट (राजपत्र)मा प्रकाशित भएको हुनुपर्छ ।

५. सङ्कटकाल घोषणाको अख्तियारी दिने संसदद्वारा निर्मित कुनै पनि कानुन एवम् सङ्कटकाल घोषणा गरेपछि परिणामस्वरूप निर्माण गरिएको कानुन वा कुनै कदमले देहायको अनुमति वा आदेश जारी गर्न पाउँदैन :-

क. कुनै गैरकानूनी काम गरेमा राज्य र कुनै व्यक्तिलाई क्षतिपूर्तिको सुरक्षा प्रदान गर्ने छैन;

ख. यस खण्डसँग प्रतिकूल हुने खालको; र

ग. अपरिवर्तनीय अधिकार तालिकाको हरफ( १ मा दिइएको खण्डविपरीत तालिकाको हरफ ३ मा देखाइएको हदभन्दा बढी विसङ्गत ।

अपरिवर्तनीय अधिकार तालिका

| १<br>खण्ड सङ्ख्या | २<br>खण्डको नाम | ३<br>अधिकारको रक्षा गरिने हद |
|---|---|---|
| ९ | समानता | जाति, वर्ण, जातीय वा सामाजिक मूल, लिङ्ग धर्म र भाषाको आधारमा मात्र हुने अन्यायपूर्ण भेदभावको हकमा |
| १० | मानवीय प्रतिष्ठा | पूरै |
| ११ | बाँच्न पाउने ⁄ जीवन | पूरै |
| १२ | व्यक्तिको स्वतन्त्रता र सुरक्षा | उपदफा (१) (घ) र (ङ) तथा (२) (ग) |
| १३ | दास, दासत्व र बलपूर्वक श्रम | दास तथा दासत्व सम्बन्धमा |
| २८. | बालबालिका | (उपदफा (१) (घ) र (ङ);<br>(उपदफा (१) (६) का उपअनुच्छेद (i) र (ii) मा उल्लिखित अधिकारहरूका हकमा<br>(पन्ध्र वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाको हकमा उपदफा १ (झ) |
| ३५. | पक्राउ परेका, थुनमा रहेका र अभियुक्तहरू | ( उपदफा १ (क), (ख) र (ग) एवम् (२) (घ); उपदफा (३) अन्तर्गत अनुच्छेद (क) देखि (ण) उल्लेख गरिएका अधिकारका हकमा अनुच्छेद (घ)बाहेक ।<br>(उपदफा (४); र<br>(उपदफा (५) यदि प्रमाणको स्वीकारोक्तिले मुद्दाको निष्पक्षतामा असर पार्छ भने त्यो प्रमाणलाई संलग्न नगर्नेसम्बन्धी |
| | | |

६. सङ्कटकाल घोषणाको परिणामस्वरूप भएको अधिकार उल्लङ्घनबाट कसैलाई मुद्दा नचलाईकन थुनामा राखिएको रहेछ भने देहायका सर्तहरूको पालना गर्नुपर्नेछ :-

क. थुनामा राखिएको व्यक्तिको परिवारको वयस्क सदस्य वा साथीलाई यथासम्भव चाँडो सम्पर्क गरी उक्त व्यक्ति थुनामा रहेको जानकारी दिनुपर्नेछ;

ख. थुनुवाको नाम, थुनेको स्थान र ती व्यक्तिलाई कुन सङ्कटकालीन घोषणाको प्रावधानअन्तर्गत थुनामा राखिएको हो त्यसको उल्लेख गर्दै त्यो व्यक्तिलाई थुनामा राखेको पाँचदिन भित्रमा राष्ट्रिय सरकारी राजपत्रमा सूचना प्रकाशित गर्नुपर्नेछ;

ग. थुनुवालाई आफ्नो चिकित्सक छनोट गर्न दिइनुपर्छ र चिकित्सकलाई कुनै पनि उपयुक्त समयमा उनलाई भेट्न दिनुपर्नेछ;

घ. थुनवालाई आफ्नो कानुनी प्रतिनिधि छनोट गर्न दिइनुपर्छ र कानुनी प्रतिनिधिलाई कुनै पनि उपयुक्त समयमा उनलाई भेट्न दिइनुपर्नेछ;

ङ. अदालतले यथाशाक्य चाँडो कुनै व्यक्तिलाई थुनामा राखेको अवस्था र कारणबारे पुनरावलोकन गर्नुपर्नेछ तर त्यो पुनरावलोकन उक्त व्यक्तिलाई थुनामा राखेको दस दिनभित्रमा गर्नुपर्नेछ । अदालतले शान्ति र सुव्यवस्था कायम राख्नका लागि थुनावालाई थुनामा राखिराख्न उपयुक्त ठानेको अवस्थामा बाहेक थुनामा रहेको व्यक्तिलाई थुनामुक्त गर्नुपर्नेछ;

च. अनुच्छेद (ङ) अनुसार पुनरावलोकनअन्तर्गत थुनामुक्त नभएको थुनुवा वा थुनवा जो यस परिच्छेदअनुसार थुनामुक्त भएका छन्, उनीहरूले यस्तो पुनरावलोकन भएको दस दिनपछि कुनै पनि समयमा उनीहरूलाई थुनामा राखिएकोबारे थप पुनरावलोकनका लागि अदालतमा निवेदन दिनसक्नेछन् र अदालतले शान्ति सुव्यवस्था कायम गर्न थुनामा राख्नुपर्ने अवस्थाबाहेक थुनुवालाई थुनामुक्त गर्नुपर्नेछ;

छ. थुनुवालाई थुनासम्बन्धी मुद्दा हेरिरहेको अदालतमा स्वयम् उपस्थित हुने अवसर दिनुपर्नेछ । त्यससम्बन्धी सुनुवाइमा थुनुवालाई कानुन व्यवसायी राख्ने अवसर दिइनुपर्छ र लगातार थुनामा राखिएको विरुद्ध प्रतिनिधित्व गर्न दिइनुपर्छ;

ज. राज्यले लिखितरूपमा अदालतलाई थुनुवालाई लगातार थुनामा राख्नुपर्ने कारणबारे पुष्टि गर्ने कारण पेस गर्नुपर्नेछ । त्यस्तै राज्यले यस्तो कारणबारे थुनुवालाई अदालतले अर्को थुनाबारे पुनरावलोकन गर्नुभन्दा कम्तीमा दुई दिनअगाडि जानकारी उपलब्ध गराउनुपर्नेछ ।

७. यदि अदालतले कुनै थुनुवालाई थुनामुक्त गरेमा त्यही कारण त्यो व्यक्तिलाई राज्यले पहिले ती व्यक्तिलाई पुनः थुनामा राख्नुपर्ने मनासिव कारण नदिएसम्म पुन थुनामा राख्न पाइने छैन;

८. गैरदक्षिण अफ्रिकी नागरिक जो अन्तरराष्ट्रिय सशस्त्र लडाइँका कारण थुनिएका छन् उनीहरूको हकमा उपखण्ड (६) र (७) लागू हुनेछैन । यस्तो अवस्थामा राज्यले यस्ता व्यक्तिको थुनासम्बन्धी अन्तरराष्ट्रिय मानवीय कानुनअन्तर्गतका मापदण्ड जो दक्षिण अफ्रिकाका लागि बाध्यकारी छन् तिनको पालना गर्नुपर्नेछ ।

### ३८. अधिकार लागू गर्ने

यो खण्डमा सूचीकृत जो कसैले कुनै योग्य अदालतसमक्ष अधिकार बडापत्रअन्तर्गतको कुनै अधिकार हनन भएको वा हनन हुने खतरा भएको आरोपमा निवेदन दिन सक्नेछन् र अदालतले अधिकार घोषणासहित उपयुक्त उपचार दिनसक्नेछ । अदालतमा जानसक्ने व्यक्ति निम्नानुसार छन् :-

क. आफ्नै हकहितका लागि काम गरिरहेका कुनै पनि व्यक्ति;

ख. आफ्नै नाममा क्रियाशील हुननसक्ने अर्को व्यक्तिको तर्फबाट काम गरिरहेका कुनै पनि व्यक्ति;

ग. कुनै पनि व्यक्ति समूहको सदस्य वा त्यसको हितका लागि काम गर्ने व्यक्ति ;

घ. सार्वजनिक हितका लागि काम गर्ने जुनसुकै व्यक्ति; तथा

ङ. आफ्ना सदस्यको हितका लागि क्रियाशील सङ्घ/सङ्गठन ।

### ३९. अधिकार बडापत्रको व्याख्या

१. अधिकार बडापत्रको व्याख्या गर्दा अदालत, न्यायाधीकरण वा मञ्च/संस्थाले :-

क. मानव प्रतिष्ठा, समानता र स्वतन्त्रतामा आधारित खुल्ला र प्रजातान्त्रिक समाजका मूल्य मान्यतालाई प्रवर्द्धन गर्नुपर्नेछ;

ख. अन्तरराष्ट्रिय कानुनलाई ध्यानमा राख्नुपर्नेछ; र

ग. विदेशी कानुनलाई पनि ध्यानमा राख्न सक्नेछन् ।

२. कुनै पनि कानुनको व्याख्या गर्दा र सार्वजनिक कानुन वा परम्परागत कानुनको विकास गर्दा प्रत्येक अदालत, न्यायाधिकरण र मञ्चले अधिकार बडापत्रको भावना, मर्म र उद्देश्यलाई प्रवर्द्धन गर्नुपर्नेछ ।

३. अधिकार बडापत्रले बडापत्रसँग मेल खाने हदसम्म सार्वजनिक कानुन, परम्परागत कानुन वा विधिबाट निःसृत वा मान्यता दिइएका अन्य कुनै अधिकार वा स्वतन्त्रताको अस्तित्वलाई नकार्दैन ।

१. अनुसूची ६ बुँदा २३ (१) हेर्नुहोस् ।

२. उपखण्ड (२) मा परिकल्पना गरिएको कानुन नबनेसम्म उपखण्ड (१) लाई अनुसूची ६ को बुँदा २३ (२) मा निर्दिष्ट गरेअनुसार अर्थ लाग्ने ।

३. उपखण्ड (३) मा परिकल्पना गरिएको कानुन नबनेसम्म उपखण्ड (१) र (२) लाई अनुसूची ५ को बुँदा २३ (२) (ख) मा निर्दिष्ट गरेअनुसार बुझ्नुपर्नेछ ।

कानुन निर्माण गर्ने प्रावधानका लागि अनुसूची ६ को बुँदा २३ (१) र रद्द हुने प्रावधानका लागि बुँदा २३ (३) हेर्नुहोस् ।

## भाग ३ साझा सरकार

### ४०. गणतन्त्र दक्षिण अफ्रिकाको सरकार

गणतन्त्र दक्षिण अफ्रिकामा सरकार राष्ट्रिय, प्रान्तीय र स्थानीय तहमा गठन गरिनेछ र यी सरकार एकअर्कामा अलग, अन्तरनिर्भर तथा अन्तरसम्बन्धित हुनेछन् । सबै तहका सरकारहरूले यो भागमा उल्लेख गरिएका सिद्धान्तको पालना गर्नुपर्नेछ र यस भागले तोकेका सीमाभित्र रही आफ्ना क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

### ४१. साझा सरकारको सिद्धान्त र अन्तरसरकार सम्बन्धहरू

क. सबै तहका सरकार र प्रत्येक तहका राज्यका अङ्गहरूले शान्ति, राष्ट्रिय एकता र गणतन्त्रको एकताको सम्वर्द्धन गर्नुपर्नेछ;

ख. गणतन्त्रका जनताको हित र भलाइको रक्षा गर्नुपर्नेछ;

ग. समग्र गणतन्त्रको लागि प्रभावकारी, पारदर्शी, जवाफदेही र स्थिर सरकार प्रदान गर्नुपर्नेछ;

घ. संविधान, गणतन्त्र र जनताप्रति कर्तव्यनिष्ठ हुनुपर्नेछ;

ङ अन्य क्षेत्रको सरकारको संवैधानिक स्थिति, निकायहरू, अधिकार र काम कर्तव्यलाई सम्मान गर्नुपर्नेछ;

च. संविधानले प्रदान गरेकोबोहक अन्य अधिकार र कर्तव्य आफूले ग्रहण नगर्ने;

छ. अर्को क्षेत्रको सरकारको भौगोलिक, कार्यगत र संस्थागत एकता उल्लङ्घन नहुने गरी आफ्नो अधिकारको प्रयोग; र

ज. मैत्रीपूर्ण सम्बन्धको विकास गर्दै आपसी विश्वास र असल नियतले एक अर्कालाई सहयोग गर्नुपर्नेछ ।

- एकअर्कालाई सहयोग र टेवा पुऱ्याएर;
- आपसी हितका विषयमा एकअर्कालाई जानकारी दिएर र सरसल्लाह गरेर;
- आफ्ना काम-कारबाही र कानुनबारे एकआपसमा समन्वय राखेर;
- सहमति भएका प्रक्रियाको पालना गरेर; र
- एक अर्काप्रति कानुनी कारबाही चाल्नुपर्ने अवस्थाबाट सुरक्षित रहेर ।

झ. संसदबाट निर्माण हुने कानुनले अन्तरसरकारी सम्बन्धलाई सहज पार्ने संयन्त्र र संस्थाहरूको स्थापना तथा व्यवस्था गर्नुपर्नेछ; र

अन्तरसकारी विवादको समाधानका लागि उपयुक्त संयन्त्र र प्रक्रियाको व्यवस्था गर्नुपर्नेछ ।

ञ. अन्तरसरकारी विवादमा परेको राज्यको अङ्गले विवाद समाधानको लागि व्यवस्था गरिएका संयन्त्र र प्रक्रियामार्फत विवाद समाधान गर्न हरतरहले उपयुक्त प्रयास गर्नुपर्नेछ र विवाद समाधान गर्न अदालतमा जानुपूर्व समाधानका सबै उपाय प्रयोग गर्नुपर्नेछ ।

ट. यदि अदालतलाई उपखण्ड (३) का पालना गर्नुपर्ने बुँदाहरू पूरा नभएको लागेमा यसले विवादलाई सम्बन्धित राज्यका निकायमा फिर्ता गर्नसक्नेछ ।

## भाग ४– संसद

### ४२. संसदको स्वरूप

- संसद भनाले :
- राष्ट्रिय सभा; र
- प्रान्तीय राष्ट्रिय परिषद्लाई जनाउने छ ।
- संविधानमा तोकिएको प्रक्रियाबमोजिम राष्ट्रियसभा र प्रान्तीय राष्ट्रिय परिषद् विधायिकी प्रक्रियामा सहभागी हुनेछन् ।
- राष्ट्रियसभा संविधानअन्तर्गत जनताको प्रतिनिधित्व गर्न र जनताद्वारा सरकार सञ्चालन गर्नका लागि निर्वाचित हुन्छ । यसले यी कार्यहरू राष्ट्रपतिको छनोट गरेर, मुद्दाहरूमाथि सार्वजनिक बहस गर्ने राष्ट्रिय मञ्च उपलब्ध गराएर, विधेयक पारित गरेर र कार्यपालिकाको कामकारबाहीको निगरानी र नियन्त्रण गरेर गर्नेछ ।
- प्रान्तीय राष्ट्रिय परिषद्ले सरकारको राष्ट्रिय क्षेत्रमा प्रान्तीय हितलाई संवर्द्धन गर्न र प्रान्तीय हितका कुरालाई पनि ध्यान दिइयोस् भन्ने उद्देश्यले प्रान्तहरूको प्रतिनिधित्व गर्दछ । यसले मुख्यतयाः राष्ट्रिय कानुन निर्माण प्रक्रियामा सहभागी भएर र प्रान्तहरूलाई प्रभाव पार्ने विषयमा सार्वजनिक बहसका लागि राष्ट्रिय मञ्च उपलब्ध गराएर यी कार्यहरू गर्दछ ।
- राष्ट्रपतिले कुनै पनि समयमा विशेष कामका लागि संसदको आकस्मिक बैठक बोलाउन सक्नेछन् ।
- संसदको अधिवेशन हुने थलो केप टाउन हुनेछ । तर संसदले खण्ड ७६ (१) र (५) बमोजिम निर्माण गरेको कानुनअनुसार संसद बस्ने थलो अन्य कुनै स्थानमा पनि तोक्न सक्नेछ ।

### ४३. गणतन्त्र विधायिकी अधिकार

- गणतन्त्रमा, सरकारको राष्ट्रिय कार्यक्षेत्रको विधायिकी अधिकार दफा ४४ मा तोकिएअनुसार संसदमा निहित हुनेछ;
- सरकारको प्रान्तीय कार्यक्षेत्रको विधायिकी अधिकार दफा १०४मा व्यवस्था गरेबमोजिम प्रान्तीय विधायिकामा निहित हुनेछ; र
- स्थानीय सरकारको क्षेत्र दफा १५६ बमोजिम नगरपरिषद्मा निहित हुनेछ ।

### ४४. राष्ट्रिय विधायिकी अधिकारः

- संसदमा निहित राष्ट्रिय विधायिकी अधिकारले राष्ट्रियसभालाई संविधानको संशोधन गर्ने अख्तियारी दिएको छ;
- उपखण्ड (२) को सर्तअन्तर्गत रहने अनुसूची ५ मा उल्लेख गरिएको विषयबाहेक अनुसूची ४ मा उल्लेख गरिएको कार्यक्षेत्रलगायत अन्य विषयमा विधेयक पारित गर्ने;

- संविधान संशोधन गर्ने अधिकारबाहेक अन्य कुनै पनि विधायिकी अधिकार सरकारको अन्य क्षेत्रको विधायिकालाई प्रत्यायोजन गर्नसक्ने; र
- प्रान्तीय राष्ट्रिय परिषद्लाई देहायका अधिकार प्रदान गर्नसक्नेछ ।

  i खण्ड ४७ अनुसार संविधान संशोधन गर्ने प्रक्रियामा सहभागी हुने;

  ii अनुसूची ४ मा उल्लिखित कार्यगत क्षेत्रभित्र पर्ने कुनै पनि विषयसँग सम्बन्धित कानुन र खण्ड ७६ अनुसार संविधानमा आवश्यक अन्य विषयसँग सम्बन्धित कानुन खण्ड ७६ बमोजिम पारित गर्ने;

  iii खण्ड ७५ बमोजिम राष्ट्रियसभाले पारित गरेको अन्य कानुनमाथि विचार गर्ने । देहायबमोजिम आवश्यक परेमा संसदले अनुसूची ५ मा सूचीकृत कार्यगत क्षेत्रभित्र पर्ने विषयमा खण्ड ७६ (१) बमोजिम कानुन निर्माण गरेर हस्तक्षेप गर्नसक्नेछ ।

  – राष्ट्रिय सुरक्षा कायम गर्न;

  – आर्थिक एकता कायम गर्न;

  – आवश्यक राष्ट्रिय मापदण्ड कायम राख्न;

  – सेवा प्रदान गर्न आवश्यक न्यूनतम मापदण्ड स्थापित गर्न; वा

  – कुनै एउटा प्रान्तले अर्को प्रान्त वा सम्पूर्ण देशको हितप्रति अन्यायपूर्ण हुने औचित्यहीन कार्य गर्नबाट रोक्न ।

अनुसूची ४ मा उल्लिखित कुनै विषयसँग सम्बन्धित अधिकारको प्रभावकारी अभ्यासका लागि औचित्यपूर्णरूपमा वा आकस्मिकरूपमा आवश्यक कुराहरूसम्बन्धी कानुन सबै प्रयोजनका लागि अनुसूची ४ मा उल्लिखित विषयसँग सम्बन्धित कानुन हुन् ।

विधायिकी अधिकारको प्रयोग गर्दा संसद केवल संविधानबाट निर्देशित हुने र संविधानबमोजिम संविधानको परिधिभित्र रहेर कार्य गर्नुपर्नेछ ।

**४५. संयुक्त नियम र आदेश एवम् संयुक्त समितिहरूः–**

राष्ट्रियसभा र प्रान्तीय राष्ट्रिय परिषद्ले सभा र परिषद्का संयुक्त नियमावली र आदेशलगायत संयुक्त कार्यव्यवस्थासँग सम्बन्धित नियम र निर्देशको निर्माण गर्न एउटा संयुक्त नियम समिति गठन गर्नुपर्नेछ । यी नियम र निर्देशहरू देहायको प्रयोजनका लागि निर्माण गरिनेछन् ।

१) विधायिकी प्रक्रियालाई सहजीकरण गर्ने प्रक्रियालगायत त्यो प्रक्रियाअन्तर्गतको कुनै पनि चरणका लागि समयसीमा निर्धारण गर्न;

२. खण्ड ७४ र ७५ मा परिकल्पना गरिएका र यस्तो समितिमा पठाइने विधेयक माथि विचार गर्न सूचित गर्न सभा र परिषद्का प्रतिनिधि रहेको एक संयुक्त समिति स्थापना गर्न;

३. कम्तीमा वर्षको एकपटक संविधान पुनरावलोकन गर्न र देहायबमोजिमका कामहरू नियमन गर्न एक संयुक्त समिति गठन गर्ने;

   क. संयुक्त नियम समिति;

   ख मध्यस्थता समिति;

   ग. संवैधानिक पुनरावलोकन समिति ; र

घ. अनुच्छेद 'ख'बमोजिम स्थापना गरिएका कुनै संयुक्त समिति, सभा र परिषद्मा मन्त्रिपरिषद्का सदस्य, राष्ट्रियसभाका सदस्य र प्रान्तीय राष्ट्रिय परिषद्का पार्षदहरूको सुविधा र उन्मुक्ति सभा र परिषद्मा जस्तै समान हुन्छ ।

**राष्ट्रियसभा**

**४६. संरचना तथा निर्वाचन**

अनुसूची ६ 'क' को अधीनमा रही राष्ट्रियसभा देहायका प्रावधानमुताबिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित बढीमा ४०० र घटीमा ३५० जना महिला तथा पुरुष रहेको निकाय हुनेछ ।

१ राष्ट्रिय कानुनअनुसार व्यवस्था गरिएको;

२. राष्ट्रिय आम साझा मतदाता नामावलीमा आधारित;

३ मतदान गर्ने न्यूनतम उमेर १८ वर्षको व्यवस्था गरेको; र

४. सामान्यतया समानुपातिक प्रतिनिधित्वको परिणाम दिने ।

(उपखण्ड ९ (१) ऐन नम्बर २ सन् २००३ को एस १ द्वारा संशोधन भएको)

राष्ट्रियसभाका सदस्यहरूको सङ्ख्या निर्धारण गर्ने सूत्रको व्यवस्था संसदद्वारा निर्मित कानुनद्वारा गरिनेछ ।

**४७. सदस्यता**

१. राष्ट्रियसभाको लागि मतदान गर्न योग्य प्रत्येक नागरिक देहायको अवस्थामा बाहेक सभाको सदस्य हुन पाउनेछन् ।

क. राज्यले नियुक्त गरेका वा राज्यको सेवामा संलग्न जो कोही व्यक्ति जसले सो नियुक्ति र सेवाबापत राज्यद्वारा प्रदान गरिने पारिश्रमिक पाउँछन् । तर देहायका व्यक्तिको हकमा यो कुरा लागू हुने छैन ।

i राष्ट्रपति, उपराष्ट्रपति, मन्त्रीहरू र उपमन्त्रीहरू; र

ii राष्ट्रियसभाको सदस्यहरूसँग मेलखाने प्रकृतिका काम भएका अन्य पदाधिकारीहरू जसको काम राष्ट्रिय कानुनद्वारा मेलखाने भएको घोषणा गरिएको हुन्छ;

iii प्रान्तीय राष्ट्रिय परिषद्का स्थायी पार्षद वा प्रान्तीय विधायिका वा नगरपालिका परिषद्का सदस्यहरू

ख. पुनःस्थापना नगरिएका मानसिक स्थिति ठीक नभएका व्यक्तिहरू;

ग. गणतन्त्रको अदालतले मानसिक स्थिति ठीक नभएको भनी घोषणा गरिएका व्यक्तिहरू; वा

घ. यो खण्ड लागू भइसकेपछि कुनै अपराधमा कसूरदार ठहऱ्याइएका र गणन्त्रतभित्र वा यदि त्यस्तो व्यवहार कार्य गणतन्त्रभित्र कसुर ठहरिने अवस्थामा गणतन्त्रबाहिर जरिवानाको विकल्पबिना १२ महिनाभन्दा बढी अवधिसम्म कारावासको सजाय पाएका कुनै पनि व्यक्ति । तर उक्त कसुर वा सजायविरुद्धको निवेदन अदालतले निर्णय नगरेसम्म वा पुनरावेदनको म्याद नसकिएसम्म कुनै पनि व्यक्तिलाई कसुरदार वा सजाय पाएको मानिने छैन ।

२. यो अनुच्छेदअनुसारको अयोग्यता सजाय भुक्तान गरेको पाँच वर्षपछि समाप्त हुनेछ ।

३. उपखण्ड १(क) र (ख) अनुसार राष्ट्रियसभाको सदस्य हुन अयोग्य व्यक्ति राष्ट्रिय कानुनद्वारा व्यवस्था गरिएको सर्त र हदसम्म राष्ट्रियसभाको लागि उम्मेदवार हुनसक्नेछन् ।

४. कुनै पनि व्यक्ति देहायको अवस्थामा राष्ट्रियसभाको सदस्यता नरहेको मानिनेछ ।

क. अयोग्य ठहरिएमा; वा

ख. राष्ट्रियसभाका नियम र निर्देशनअनुसार सभाको सदस्यता नरहने भन्ने सिफारिस हुने अवस्थामासम्म अनुमति नलिईकनै राष्ट्रियसभामा अनुपस्थित रहेमा; र

ग. अनुसूची ६ क अनुसार राष्ट्रियसभाको कुनै सदस्य अन्य दलको सदस्य नभएमा र राष्ट्रियसभाको सदस्यमा मनोनयन गर्ने दलको सदस्य नरहेमा ।

(ऐन २, सन् २००३ अन्तर्गत उपखण्ड एस (३) एस:२बाट प्रतिस्थापन भएको)

५. राष्ट्रियसभाका रिक्त स्थान राष्ट्रिय कानुनअनुसार परिपूर्ति गरिनेछन् ।

(राष्ट्रियसभाको दोस्रो निर्वाचन नभएसम्म उपखण्ड(एस (४) निलम्बित गरिएको । अनुसूची ६ को बुँदा ६(४) हेर्नुहोस्)

**४८. शपथ वा प्रतिज्ञा**

राष्ट्रियसभाका सदस्यहरूले सभामा आफ्नो काम सुरु गर्नुभन्दा पहिले अनुसूची २ अनुसार गणतन्त्रप्रति इमानदारिता र संविधानप्रति कर्तव्यपालनाको शपथ वा प्रतिज्ञा गर्नुपर्नेछ ।

**४९. राष्ट्रियसभाको अवधि**

राष्ट्रियसभा पाँच वर्षको अवधिसम्मको लागि निर्वाचित हुनेछ ।

यदि राष्ट्रियसभा खण्ड ५० अनुसार भङ्ग भएमा वा यसको अवधि पूरा भएमा राष्ट्रपतिले घोषणाद्वारा भङ्ग भएको वा यसको अवधि पूरा भएको मितिले ९० दिनभित्र सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नुपर्नेछ । निर्वाचनको मिति तोक्ने/बोलाउने घोषणा राष्ट्रियसभाको कार्यकाल समाप्त हुनुभन्दा अगाडि वा पछाडि गर्नसकिनेछ ।

(ऐन २, सन् १९९९ को एस( १ द्वारा उपखण्ड (२) प्रतिस्थापन भएको । )

यदि खण्ड १९० अनुसार व्यवस्था गरिएको अवधिभित्रमा राष्ट्रियसभा निर्वाचनको परिणाम घोषणा नभएमा वा अदालतद्वारा निर्वाचन पर सारिएमा राष्ट्रपतिले घोषणाद्वारा अर्को निर्वाचन मिति तोक्नुपर्नेछ। यस्तो निर्वाचन पहिलेको अवधि समाप्त भएको वा निर्वाचन सारिएको मितिले ९० दिनभित्रमा सम्पन्न गरिसक्नुपर्नेछ ।

राष्ट्रियसभा यसको कार्यकाल समाप्त भएको वा भङ्ग भएको दिनदेखि अर्को राष्ट्रियसभाको निर्वाचनका लागि हुने मतदानको प्रथम दिनको अघिल्लो दिनसम्म काम गर्न सक्नेछ ।

**५०. कार्यावधि समाप्त हुनुअगावै राष्ट्रियसभा भङ्ग हुने अवस्था –**

१ देहायको अवस्थामा राष्ट्रपतिले राष्ट्रियसभा भङ्ग गर्ने छन् :–

क. सदस्यहरूको बहुमतको समर्थनमा सभाले भङ्ग गर्नेसम्बन्धी प्रस्ताव पारित गरेमा; वा

ख. सभा निर्वाचित भएको तीन वर्ष पुगेमा ।

(सन् १९९९ अप्रिल ३० सम्म उपखण्ड एस (१) निलम्बित रहने। अनुसूची ५ को बुँदा नम्बर ५ (२) हेर्नुहोस्)

२. देहायको अवस्थामा कार्यवाहक राष्ट्रपतिले राष्ट्रियसभा विघटन गर्नेछन् ।

क. राष्ट्रपतिकोपद रिक्त भएमा; वा

ख. यदि राष्ट्रियसभाले राष्ट्रपतिको पद रिक्त भएको ३० दिनभित्र नयाँ राष्ट्रपतिको निर्वाचन गर्न नसकेमा ।

**५१. बैठक तथा बैठक नबसेको अवधि**

१ निर्वाचन सकिएपछि राष्ट्रियसभाको बैठक प्रधानन्यायाधीशले तोकेका समय र दिनमा बस्नेछ तर यो बैठक निर्वाचन परिणाम घोषणा भएको दिनले १४ दिनभन्दा बढी अवधिको हुनेछैन । अन्य बैठकको समय र मिति राष्ट्रियसभा आफैंले निर्धारण गर्नेछ ।

(इस्वी सन् २००१ को ऐन ३४ को एस( १ द्वारा उपखण्ड(एस (१) प्रतिस्थापित)

२. विशेष कार्यसम्पादन गर्नका लागि राष्ट्रपतिले कुनै पनि समयमा राष्ट्रियसभाको विशेष अधिवेशन आह्वान गर्नसक्नेछन् ।

३. राष्ट्रियसभाको बैठक सार्वजनिक हित, सुरक्षा र सुविधाको आधारमा र राष्ट्रियसभाका नियम र निर्देशनमा व्यवस्था भएबमोजिम मात्रै राष्ट्रियसभा भएको स्थानभन्दा अन्य स्थानमा बस्नेछ ।

**५२. सभामुख र उपसभामुखः–**

१. राष्ट्रियसभाले निर्वाचन भएलगत्तै पहिलो बैठकमा वा रिक्त स्थान पूर्ति गर्नुपर्ने आवश्यकता पर्न आएमा आफ्ना सदस्यहरूमध्येबाट एकजना सभामुख र एकजना उपसभामुख निर्वाचित गर्नेछ ।

२. प्रधानन्यायाधीशले सभामुखको निर्वाचनको अध्यक्षता गर्नेछन् या उनले कुनै अर्का न्यायाधीशलाई उक्त काम गर्ने जिम्मा दिनेछन् । सभामुखले उपसभामुखको निर्वाचनको अध्यक्षता गर्नेछन् ।

(सन् २००१ को ऐन( ३४ को एस( २ द्वारा उपखण्ड(एस (२) प्रतिस्थापन भएको)

३. अनुसूची( ३ को भाग ‘क’ मा व्यवस्था गरिएको प्रक्रिया सभामुख र उपसभामुखको निर्वाचनमा लागू हुनेछ ।

४. राष्ट्रियसभाले प्रस्ताव पारित गरेर सभामुख र उपसभामुखलाई हटाउनसक्नेछ । प्रस्ताव पारित हुँदाका बखत राष्ट्रियसभाका बहुसङ्ख्यक (बहुमत) सदस्य सभामा उपस्थित हुनुपर्नेछ ।

५. यसको नियम र निर्देशनबमोजिम राष्ट्रियसभाले सभामुख र उपसभामुखलाई सहयोग गर्न सदस्यहरूमध्येबाट अध्यक्षता गर्ने अन्य अधिकारी निर्वाचित गर्नसक्नेछ ।

**५३. निर्णयहरू**

१. संविधानमा अन्य व्यवस्था भएको अवस्थामा बाहेक;

क. विधेयक वा विधेयकको संशोधनमा मतदान हुनुपूर्व राष्ट्रियसभाका बहुसङ्ख्यक (बहुमत) सदस्यहरू उपस्थित हुनुपर्नेछ;

ख. सभामा अन्य कुनै प्रश्नमाथि मतदान हुँदा राष्ट्रियसभाका कम्तीमा एकतिहाइ सदस्यहरू उपस्थित हुनुपर्नेछ; र

ग. राष्ट्रियसभामा प्रस्तुत सबै विषयमा प्राप्त मतको बहुमतको आधारमा निर्णय गरिनेछ;

२. राष्ट्रियसभाको कुनै एउटा सत्रको सभापतित्व गरिरहेका सदस्यको छलफलमा मताधिकार हुनेछैन, तर कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत परेमा निर्णायक मत दिनुपर्नेछ; र

३. राष्ट्रियसभाको न्यूनतम दुईतिहाई पक्ष मतबाट निर्णय लिनुपर्ने कुनै विषयमा छलफलको क्रममा मत दिन पाउनेछन् ।

**५४. राष्ट्रियसभामा केही निश्चित मन्त्रिपरिषद् सदस्य र उपमन्त्रीहरूको अधिकार :–**

१. राष्ट्रपति र राष्ट्रियसभामा सदस्य नरहेको मन्त्रिपरिषद्का सदस्य वा उपमन्त्री राष्ट्रियसभाको नियम वा निर्देशिकाबमोजिम सभामा उपस्थित हुन र सम्बोधन गर्न सक्नेछन् । तर उनीहरूले मत दिन पाउने छैनन् ।

(उपखण्ड ५४ सन् २००१ को ऐन ३४ को एस ३ द्वारा प्रतिस्थापित)

**५५. राष्ट्रियसभाको अधिकारः–**

१. आफ्नो विधायिकी अधिकारको प्रयोग गर्दा राष्ट्रियसभाले सभामा प्रस्तुत कुनै पनि विधेयक माथि विचार गर्न, पारित गर्न, संशोधन गर्न वा खारेज गर्नसक्नेछ र आर्थिक विधेयकबाहेक अन्य विधेयकको निर्माण गर्ने वा पेस गर्ने अधिकार हुनेछ ।

२. राष्ट्रियसभाले सरकारको राष्ट्रिय क्षेत्रभित्र रहेको सम्पूर्ण कार्यकारी निकाय आफूप्रति जवाफदेही छन् भन्ने प्रत्याभूति दिने संयन्त्रको व्यवस्था गर्नुपर्नेछ;

३. कानुनहरू कार्यान्वयनलगायत राष्ट्रिय कार्यकारी अधिकारको अभ्यासमा राज्यका अन्य कुनै निकायमा निगरानी राख्ने ।

**५६. राष्ट्रियसभासामु प्रमाण वा सूचना :–**

१. राष्ट्रियसभा वा राष्ट्रियसभाका कुनै पनि समितिलेः–

(क) कुनै पनि व्यक्तिलाई शपथ वा प्रतिज्ञामा कुनै प्रमाण दिन वा कागजपत्र वा अन्य दस्तावेज प्रस्तुत गर्नका लागि बोलाउन सक्नेछन्;

(ख) कुनै व्यक्ति वा संस्थालाई सूचना दिन लगाउन सक्नेछन् ।

२. कुनै व्यक्ति वा संस्थालाई राष्ट्रिय कानुन, नियम र निर्देशिकाअनुसार अनुच्छेद (क) वा (ख) अनुसार आदेश वा निर्देशन पालना गराउन सक्नेछन्, र

३. इच्छुक कुनै पनि व्यक्ति वा संस्थाबाट निवेदन, प्रतिनिधित्व वा ज्ञापनपत्र लिनेछन् ।

**५७. राष्ट्रियसभाको आन्तरिक व्यवस्था कामकारबाही र प्रक्रिया**

१. राष्ट्रियसभालेः–

क. आफ्नो आन्तरिक व्यवस्था, कार्यसञ्चालन र प्रक्रिया निर्धारण गर्न र नियन्त्रण गर्नसक्नेछ;

ख. प्रतिनिधित्वमूलक र सहभागितात्मक प्रजातन्त्र, जवाफदेहिता, पारदर्शिता र सार्वजनिक सहभागिताको पूर्ण सम्मान गर्दै आफ्नो कार्यसम्पादनसम्बन्धी नियम र निर्देशन बनाउन सक्नेछ ।

२. राष्ट्रियसभाका नियम र आदेशलेः–

क) यसका विभिन्न समितिको गठन, संरचना, अधिकार, काम, प्रक्रिया र तिनीहरूको कार्यकालको बारेमा व्यवस्था गर्नुपर्नेछ;

ख) प्रजातन्त्र अनुकूल हुने तवरले राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने साना दलका समितिलाई सभाको कामकारबाहीमा सहभागी गराउने व्यवस्था गर्नुपर्नेछ;

ग) सभामा प्रतिनिधित्व गर्ने प्रत्येक दललाई त्यसको प्रतिनिधित्वको अनुपातमा त्यो पार्टी र त्यसको नेतालाई सभामा प्रभावकारीरूपले कार्यसम्पादन गर्न सकुन् भन्ने उद्देश्यले आर्थिक र प्रशासनिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ; र

घ) राष्ट्रियसभामा सबैभन्दा ठूलो विपक्षी दलका नेतालाई प्रमुख प्रतिपक्षी दलको नेताका रूपमा मान्यता दिनुपर्नेछ ।

**५८. सुविधाः–**

१. मन्त्रिपरिषद्का सदस्य, उपमन्त्री र राष्ट्रियसभाका सदस्यहरूलाई :–

क. सभामा र यसका समितिहरूमा यसका नियम र आदेशको परिधिभित्र रही वाक् स्वतन्त्रता हुनेछ; र

ख. उनीहरूले सभामा र त्यसका कुनै समितिमा बोलेका, प्रस्तुत गरेका वा बुझाएका कुनै कुरालाई लिएर उनीहरूविरुद्ध देवानी वा फौजदारी मुद्दा लगाउन पाइने छैन, पक्राउ गर्न सकिने छैन, कारावास सजाय दिन वा क्षतिपूर्ति तिर्न लगाउन पाइने छैन ।

ग. सभामा र त्यसका कुनै पनि समितिमा उनीहरूले बोलेका, प्रस्तुत गरेका वा बुझाएका कुनै सूचनाले कुनै कुराको रहस्योद्घाटन भएमा उनीहरूविरुद्ध देवानी वा फौजदारी मुद्दा लगाउन पाइने छैन र साथै पक्राउ गर्न, कारावासको सजाय दिन वा हर्जाना तिर्न लगाउन पाइने छैन ।

२. राष्ट्रियसभा, मन्त्रिपरिषद्का सदस्य र राष्ट्रियसभा सदस्यहरूका अन्य सुविधा र उन्मुक्ति राष्ट्रिय कानुनद्वारा निर्धारण र व्यवस्था गरेबमोजिम हुनेछन् ।

३. राष्ट्रियसभाका सदस्यहरूलाई प्रदान गरिने तलब, भत्ता र सुविधाहरू राष्ट्रिय राजस्व कोषबाट प्रत्यक्ष व्ययभारको रूपमा झिकिनेछ ।

(उपखण्ड ५८ ई. सन् २००१ को ऐन ३४ को दफा एस ४ मुताविक संशोधन भएको हो)

**५९. राष्ट्रियसभामा सर्वसाधारणको पहुँच र संलग्नताः–**

१ राष्ट्रियसभालेः–

क. सभाका र आफ्ना समितिका विधायिकी र अन्य प्रक्रियामा सर्वसाधारणको संलग्नतालाई प्रवर्द्धन गर्नुपर्छ;

ख. यसका कामकारबाही खुलारूपले गर्नुपर्नेछ एवम् यसका र यसअन्तर्गतका समितिका बैठक खुला स्थानमा गर्नुपर्नेछ । तर यसका लागि देहायबमोजिमका उपयुक्त उपाय अवलम्बन गर्न सकिनेछ;

i) राष्ट्रियसभा तथा त्यसका समितिमा सञ्चारमाध्यमलगायत सर्वसाधारणको पहुँचलाई नियमन गर्ने;

ii) कुनै व्यक्तिलाई खानतलासी लिन र आवश्यक परेमा कुनै पनि व्यक्तिलाई प्रवेश गर्नमा रोक लगाउन वा निष्कासन गर्ने ।

२. राष्ट्रियसभाले खुला र प्रजातन्त्रिक समाजमा कुनै पनि व्यक्तिलाई सभाबाट बहिष्कृत गर्नु उपयुक्त र मुनासिव भएको अवस्थामा बाहेक कुनै पनि सञ्चारमाध्यामलगायत सर्वसाधारणलाई समितिको बैठकबाट वञ्चित गर्नेछैन ।

**प्रान्तीय राष्ट्रिय परिषद्**

**६०. राष्ट्रिय परिषद्को गठन**

१. प्रान्तीय राष्ट्रिय परिषद्मा प्रत्येक प्रान्तबाट आउने दस जना प्रतिनिधिको एक(एकवटा प्रतिनिधिमण्डल रहने छन् ।

२. ती दस जना प्रतिनिधिहरूमध्ये :

क) चार जना देहायबमोजिमका प्रतिनिधि रहनेछन्;

i) प्रान्तका मुख्यमन्त्री, यदि मुख्यमन्त्री नभएको अवस्थामा निजले प्रान्तीय राष्ट्रिय परिषद्मा साधारणतया वा कुनै निश्चित कामका लागि खटाएका प्रान्तीय राष्ट्रिय परिषद्का कुनै पनि सदस्य;

ii) तीन अन्य विशेष प्रतिनिधि; तथा

ख. उपखण्ड ६१ (२) अनुसार नियुक्त ६ जना स्थायी प्रतिनिधि ।

२. कुनै पनि प्रान्तको मुख्यमन्त्री वा यदि मुख्यमन्त्री नभएको अवस्थामा निजले तोकेको सम्बन्धित प्रान्तको प्रतिनिधिमण्डलको सदस्यले उक्त प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछन् ।

## ६१. प्रतिनिधिको बाँडफाँड

१. अनुसूची ३ को भाग 'ख' मा उल्लिखित सूत्रबमोजिम प्रान्तीय विधायिकामा प्रतिनिधित्व गर्ने दलहरूले प्रान्तको प्रतिनिधिमण्डलमा आफ्नोतर्फबाट प्रतिनिधि पठाउनुपर्नेछ ।

२. प्रान्तीय विधायिकाको लागि भएको निर्वाचनको परिणाम घोषणा भएको ३० दिनभित्र प्रान्तीय विधायिकालेः

क. राष्ट्रिय कानुनअनुसार प्रत्येक दलका कति जना प्रतिनिधि स्थायी प्रतिनिधि हुनेहुन् र कतिजना प्रतिनिधि विशेष प्रतिनिधि हुन्छन् त्यसको निधो गर्नुपर्छ, र

ख. सम्बन्धित दलले गरेको मनोनयनअनुसार स्थायी प्रतिनिधि नियुक्त गर्नुपर्नेछ ।

३. यदि प्रान्तीय विधायिकामा त्यहाँ रहेका दलहरूबीच एकीकरण वा विभाजन भई दलको सदस्यतामा परिवर्तन आई विधायिकाको बनावटमा परिवर्तन भएमा यस्तो परिवर्तन भएको ३० दिनभित्र माथि अनुच्छेद (क) मा उल्लेख भएबमोजिम प्रत्येक दलका कति जना प्रतिनिधि हुने भन्ने निश्चित गरिसक्नुपर्नेछ। एवम् दलको मनोनयनबमोजिम स्थायी प्रतिनिधिको नियुक्ति गर्नुपर्ने छ ।

(सन् २००२ को ऐन, २१ को दफा १द्वारा उपखण्ड एस २ प्रतिस्थापन गरिएको )

४. उपखण्ड २ (क) मा परिकल्पना गरिएको राष्ट्रिय कानुनले प्रतिनिधिमण्डलमा स्थायी र विशेष प्रतिनिधिहरूको अंशमा साना दलको सहभागिता प्रजातन्त्रअनुरूप प्रत्याभूत गर्नुपर्नेछ ।

५. विधायिकाले मुख्यमन्त्री तथा प्रान्तीय प्रतिनिधिमण्डलमा विशेष प्रतिनिधि पठाउन पाउने दलका नेताको सहमतिमा विधायिकाका सदस्यमध्येबाट समयसमयमा आवश्यक पर्ने विशेष प्रतिनिधि तोक्नुपर्नेछ ।

## ६२. स्थायी प्रतिनिधि

१. स्थायी प्रतिनिधिको रूपमा मनोनयन भएको व्यक्ति प्रान्तीय विधायिकाको सदस्य हुन योग्य हुनुपर्नेछ ।

२. यदि प्रान्तीय विधायिकाको कुनै सदस्यलाई स्थायी प्रतिनिधिको रूपमा नियुक्त गरिएमा उक्त व्यक्ति विधायिकाको सदस्य रहने छैनन् ।

३. स्थायी प्रतिनिधि देहायको अवधिसम्मका लागि नियुक्त हुन्छन् ।

क. प्रान्तीय विधायिकाको अर्को निर्वाचन भएपछि हुने प्रथम बैठकको ठीक अघि; वा

ख. खण्ड ६१ (२) (ख) (ii) अनुसार भएको स्थायी प्रतिनिधिको नियुक्ति लागूहुने अघिल्लो दिन ।

(सन्२००२ को ऐन २१ को एस २ द्वारा उपखण्ड(एस (३) प्रतिस्थापना भएको ।)

४. देहायको अवस्थामा कुनै व्यक्ति स्थायी प्रतिनिधि रहने छैनन्ः–

क. यदि ती व्यक्ति स्थायी प्रतिनिधिको रूपमा नियुक्त भएको कारणबाहेक अरू कुनै कारणबाट प्रान्तीय विधायिकाको सदस्य हुने हैसियतमा नरहेको अवस्थामा रहेमा

ख. मन्त्रिमण्डलको सदस्य नियुक्त भएमा;

ग. प्रान्तीय विधायिकाको विश्वास गुमाएमा र मनोनयन गर्ने दलले फिर्ता बोलाएमा; वा

घ. राष्ट्रिय प्रान्तीय परिषद्को नियम र निर्णयबमोजिम स्थायी प्रतिनिधि नरहने गरी सिफारिस हुने अवस्था सिर्जना हुन्जेलसम्म प्रान्तीय सभामा अनुमतिबिना अनुपस्थित रहेमा ।

५. राष्ट्रिय कानुनअनुसार स्थायी प्रतिनिधिको रिक्त स्थान परिपूर्ति गर्नुपर्नेछ ।

६. स्थायी प्रतिनिधिले राष्ट्रिय प्रान्तीय परिषद्मा आफ्नो कार्यसम्पादन गर्नुपूर्व अनुसूची २ अनुसार गणतन्त्रप्रति इमानदारी तथा संविधानप्रति कर्तव्यपालना गर्ने शपथ वा प्रतिज्ञा गर्नुपर्नेछ

**६३. राष्ट्रिय परिषद्को बैठकः–**

१. राष्ट्रिय प्रान्तीय परिषद्ले आफ्नो बैठक बस्ने समय र अवधिको निर्धारण गर्नेछ ।

२. राष्ट्रपतिले विशेष कार्यसम्पादन गर्न कुनै पनि समयमा राष्ट्रिय प्रान्तीय परिषद्को विशेष बैठकका लागि आह्वान गर्नसक्नेछन् ।

३. राष्ट्रिय प्रान्तीय परिषद्को बैठक सार्वजनिक हित, सुरक्षा र सुविधाको आधारमा र परिषद्को नियम र आदेशले व्यवस्था गरेको अवस्थामा मात्र संसद भएको स्थानभन्दा अन्य स्थानमा गर्न पाइनेछ ।

**६४. अध्यक्ष र उपाध्यक्षः–**

१. राष्ट्रिय प्रान्तीय परिषद्ले प्रतिनिधिमध्येबाट अध्यक्ष र उपाध्यक्ष निर्वाचित गर्नुपर्नेछ ।

२. अध्यक्ष र कुनै एक उपाध्यक्ष प्रतिनिधिको रूपमा उनीहरूको कार्यकाल चाँडै सकिएको अवस्थाबाहेक स्थायी प्रतिनिधिहरूमध्येबाट पाँच वर्षका लागि निर्वाचित हुनेछन् ।

३. अर्का उपाध्यक्ष एक वर्षको कार्यकालसम्मका लागि निर्वाचित हुन्छन् र प्रत्येक प्रान्तले पालो पाउने गरी कुनै अर्को प्रान्तको प्रतिनिधि उनको उत्तराधिकारीको रूपमा रहन्छन् ।

४. प्रधानन्यायाधीशले अध्यक्षका लागि हुने निर्वाचनको अध्यक्षता ग्रहण गर्नेछन् वा उनले अर्को कुनै न्यायाधीशलाई अध्यक्षता गर्न तोक्नसक्नेछन् । अध्यक्षले उपाध्यक्षका निर्वाचनको अध्यक्षता गर्नेछन् ।

(उपखण्ड(एस (४) सन् २००१ को ऐन ३४ को दफा ५ द्वारा प्रतिस्थापित ।)

५. अध्यक्ष र उपाध्यक्षको निर्वाचनका लागि अनुसूची ३ को खण्ड 'क' मा उल्लेख गरिएबमोजिमको प्रक्रिया लागू हुनेछ ।

६. राष्ट्रिय प्रान्तीय परिषद्ले अध्यक्ष र उपाध्यक्षलाई पदबाट हटाउन सक्नेछ ।

७. आफ्नो नियम र निर्देशनअनुसार राष्ट्रिय प्रान्तीय परिषद्ले प्रतिनिधिहरूमध्येबाट अध्यक्ष र उपाध्यक्षलाई सघाउनका लागि अध्यक्षता गर्ने अन्य अधिकारीको चयन गर्नसक्नेछ ।

**६५. निर्णयः–**

१. संविधानमा अन्य व्यवस्था गरेबाहेक

क. प्रत्येक प्रान्तको एउटा मात्र मताधिकार हुनेछ र उक्त मताधिकारको प्रयोग उक्त प्रान्तको प्रतिनिधिमण्डलका नेताले गर्नेछन् ।

ख. राष्ट्रिय प्रान्तीय परिषद्समक्ष आएका सबै विषयहरू कम्तीमा पाँच प्रान्तले पक्षमा मतदान गरेमा सहमति भएको मानिनेछ ।

खण्ड ७६ को उपखण्ड (१) वा (२) बमोजिम तर्जुमा भएको संसदको ऐनद्वारा निर्माण गरिएको प्रान्तीय विधायिकाले उनीहरूको तर्फबाट भोट दिन पाउने अधिकारको अख्तियारी गर्ने समान प्रक्रियाको प्रत्याभूति गर्नुपर्दछ ।

**६६. राष्ट्रिय कार्यकारीका सदस्यहरूको सहभागिता**

१. मन्त्रिपरिषद्का सदस्यहरू तथा उपमन्त्रीहरूले राष्ट्रिय प्रान्तीय परिषद्मा भाग लिन तथा बोल्न पाउने छन् तर मत दिन पाउने छैनन् ।

२. राष्ट्रिय प्रान्तीय परिषद्ले मन्त्रिपरिषद्का सदस्य, उपमन्त्री वा राष्ट्रिय कार्यपालिका तथा प्रान्तीय कार्यपालिकाका अधिकारीलाई परिषद्को वा परिषद्अन्तर्गतको समितिको बैठकमा अनिवार्यरुपले भाग लिनुपर्ने बनाउनसक्छ ।

**६७. स्थानीय सरकारी प्रतिनिधिको सहभागिता**

१. खण्ड १६३ बमोजिम सङ्गठित स्थानीय सरकारले तोकेका बढीमा दस जना आंशिक प्रतिनिधिले आवश्यकता परेमा विभिन्न तहका नगरपालिकाको प्रतिनिधित्व गर्दै राष्ट्रिय प्रान्तीय परिषद्को बैठकमा भाग लिन पाउने छन् तर उनीहरूले मतदान गर्न पाउने छैनन् ।

**६८. राष्ट्रिय परिषद्को अधिकार**

१. आफ्नो विधायिकी अधिकारको प्रयोग गर्ने क्रममा राष्ट्रिय प्रान्तीय परिषद्ले यस भागबमोजिम परिषद्समक्ष पेस भएको कुनै पनि विधेयक माथि विचार गर्न, त्यसलाई पारित गर्न, संशोधन गर्न, संशोधनका लागि प्रस्ताव राख्न वा त्यसलाई अस्वीकार गर्न सक्नेछ; र

२. अनुसूची ४ मा सूचीबद्ध गरिएको कार्यक्षेत्रभित्र पर्ने विधेयक वा खण्ड ७६ (३) मा उल्लिखित अन्य विधेयकको तयारी वा तर्जुमा गर्नेछ तर आर्थिक विधेयकको तयारी वा तर्जुमा गर्नसक्ने छैन ।

**६९. राष्ट्रिय परिषद्समक्ष प्रमाण र सूचना**

१. राष्ट्रिय प्रान्तीय परिषद् वा यसका कुनै पनि समितिलेः–

क. कुनै पनि व्यक्तिलाई शपथमा वा प्रतिज्ञामा रही परिषद्सामु प्रमाण दिन वा दस्तावेज प्रस्तुत गर्न बोलाउन सक्नेछन्;

ख. कुनै पनि व्यक्ति वा संस्थालाई उपस्थित गराउन सक्नेछन्, सूचना वा अनुच्छेद (क) र (ख) बमोजिम गर्नुपर्ने कुरा पालना गर्न लगाउन सक्नेछन् तथा कुनै पनि इच्छुक व्यक्ति वा संस्थाबाट निवेदन, ज्ञापनपत्र वा सूचना लिनसक्नेछन् ।

**७०. राष्ट्रिय परिषद्को आन्तरिक व्यवस्था, कार्यव्यवस्था र प्रक्रिया**

१. राष्ट्रिय प्रान्तीय परिषद्ले देहायका कार्य गर्नेछःः–

क. यसको आफ्नो आन्तरिक व्यवस्था, कार्यप्रणाली र प्रक्रियाको निर्क्योल र नियन्त्रण; र

ख. प्रतिनिधित्वमूलक र सहभागितामूलक प्रजातन्त्र, जवाफदेहिता, पारदर्शिता र जनसहभागितालाई ध्यान दिँदै आफ्नो कार्यव्यवस्थाबारे नियम र आदेशहरू बनाउने ।

२. राष्ट्रिय प्रान्तीय परिषद्का नियम र निर्देशनहरूमा

क. यसका समितिहरूको गठन, बनावट, अधिकार, प्रक्रिया र अवधिको बारेमा व्यवस्था गरेको हुनुपर्नेछ ।

ख. प्रजातन्त्रअनुरूप हुने गरी यसका सबै कामकारबाहीमा सबै प्रान्तहरूको सहभागिताको व्यवस्था; र

ग. खण्ड ७५ अनुसार कुनै विषयमाथि निर्णय लिनुपरेमा प्रजातन्त्रअनुरूप परिषद्मा प्रतिनिधित्व गर्ने साना दलहरूको परिषद् र यसका समितिका काम कारबाहीमा सहभागिताको व्यवस्था ।

**७१. सुविधा**

१. राष्ट्रिय प्रान्तीय परिषद्का प्रतिनिधि र खण्ड ६६ र ६७ मा उल्लेख गरिएका व्यक्तिहरूलाई देहायका सुविधा हुनेछन्ः–

क. परिषद्को नियम र आदेशअन्तर्गत हुने गरी परिषद् र यसका समितिमा वाक् स्वतन्त्रता; र

ख. सभामा र त्यसका कुनै समितिमा बोलेका कुरालाई लिएर वा प्रस्तुत गरेका वा बुझाएका कुनै कुरालाई लिएर देवानी र फौजदारी मुद्दा लगाउन पाइने छैन, पक्राउ गर्न पाइने छैन, कारावासको सजाय दिन वा क्षतिपूर्ति तिर्न लगाउन पाइने छैन, वा

ग. सभामा र तिनका कुनै पनि समितिमा उनीहरूले बोलेका, प्रस्तुत गरेका वा बुझाएका कुनै सूचनाले कुनै कुराको रहस्योद्घाटन भएमा उनीहरू विरुद्ध देवानी वा फौजदारी मुद्दा लगाउन पाइने छैन र साथै पक्राउ गर्न, कारावासको सजाय दिन वा हर्जाना तिर्न लगाउन पाइने छैन ।

२. राष्ट्रिय प्रान्तीय परिषद्, परिषद्का प्रतिनिधि र खण्ड ६६ र ६७ मा उल्लेख गरिएका व्यक्तिहरूका अन्य सुविधा राष्ट्रिय कानुनमा निर्धारण गरिएबमोजिम हुनेछन् ।

३. राष्ट्रिय प्रान्तीय परिषद्का स्थायी प्रतिनिधिलाई प्रदान गरिने तलब, भत्ता र सुविधाहरू राष्ट्रिय राजस्व कोषमा प्रत्यक्ष खर्चको रूपमा जनाइनेछ ।

**७२. राष्ट्रिय परिषद्मा सर्वसाधारणको पहुँच र संलग्नताः–**

१. राष्ट्रिय प्रान्तीय परिषद्ले

क. परिषद् र यसका समितिहरूका विधायिकी र अन्य प्रक्रियामा जनताको सहभागितालाई सहजीकरण गर्नुपर्नेछ;

ख. आफ्नो कामकारबाही खुलारूपले सम्पन्न गर्नुपर्नेछ र आफ्ना र अन्तर्गतका समितिका बैठकहरू सार्वजनिकस्थलमा गर्नुपर्नेछ । तर यसका लागि उपयुक्त उपायको व्यवस्था गर्न सकिनेछ:

i) परिषद् र त्यसको समितिमा सञ्चारमाध्यमलगायत सर्वसाधारणको पहुँचलाई नियमन गर्न, र

ii) कुनै व्यक्तिको खानतलासी लिन र आवश्यक परेमा कुनै पनि व्यक्तिलाई प्रवेशमा रोक लगाउन वा निष्काशन गर्न ।

२. राष्ट्रिय प्रान्तीय परिषद्ले खुला र प्रजातान्त्रिक समाजमा कुनै पनि व्यक्तिलाई समितिको बैठकबाट बहिष्कार गर्न उपयुक्त र मुनासिव भएको अवस्थामा बाहेक कुनै पनि सञ्चारमाध्यमलगायत सर्वसाधारणलाई समितिको बैठकबाट वञ्चित गरिने छैन ।

**राष्ट्रिय कानुन निर्माण प्रक्रिया**

**७३. सबैप्रकारका विधेयकहरू**

१. राष्ट्रियसभामा जुनसुकै विधेयक प्रस्तुत गर्न सकिनेछ;

२. मन्त्रिपरिषद्को सदस्य, उपमन्त्री वा राष्ट्रियसभाको समिति वा समितिका सदस्यले मात्र विधेयक प्रस्ताव गर्न सक्नेछन् । तर राष्ट्रिय आर्थिक विषयमा जिम्मेवारी भएका मन्त्रिपरिषद्का सदस्यले देहायका विधेयक राष्ट्रियसभामा पेस गर्नसक्ने छनः

क. अर्थ विधेयक, वा

ख. खण्ड २१४ मा परिकल्पना गरिएको कानुनको व्यवस्था गर्ने विधेयक ।

(उपखण्ड- एस (२) सन् २००१ को ऐन ६१ दफा एस १ द्वारा प्रतिस्थापित भएको)

३. यस खण्डको उपखण्ड २ (क) वा (ख) मा उल्लेख भएको विधेयकबाहेक खण्ड ७६(३) मा उल्लेख गरिएको विधेयक राष्ट्रिय प्रान्तीय परिषद्मा प्रस्तुत गर्न सकिनेछ ।

(उपखण्ड(एस (३) सन् २००१ को ऐन ६१ को दफा एस १ (ख) द्वारा प्रतिस्थापना भएको)

४. राष्ट्रिय प्रान्तीय परिषद्को समिति वा सदस्यले मात्र परिषद्मा विधेयक प्रसतुत गर्नसक्नेछन् ।

५. राष्ट्रियसभाद्वारा पारित विधेयक यदि राष्ट्रिय प्रान्तीय परिषद्ले विचार गर्नुपर्ने भएमा उक्त विधेयक परिषद्मा सिफारिस गर्नुपर्नेछ । परिषद्ले पारित गरेको विधेयक राष्ट्रियसभामा सिफारिस गर्नुपर्नेछ ।

**७४. संविधान संशोधन गर्ने विधेयक**

१. देहायका प्रावधानअनुसार पारित विधेयकद्वारा खण्ड १ र यो उपखण्डको संशोधन गर्न सकिनेछ ।

क. राष्ट्रियसभाले यसका ७५ प्रतिशत सदस्यको सहमतिय मतद्वारा पारित;

ख. राष्ट्रिय प्रान्तीय परिषद्ले कम्तीमा ६ वटा प्रान्तको सहमतिमा गरेको मतदानद्वारा पारित;

ग. यदि संशोधन देहायका प्रावधानअनुसार भएमा राष्ट्रिय प्रान्तीय परिषद्ले पनि कम्तीमा ६ वटा प्रान्तको सहमतिय मतदानद्वारा पारित गर्नसक्नेछ ।

i) यदि त्यो संशोधन परिषद्लाई प्रभावित गर्ने विषयसँग सम्बन्धित छ भने;

ii) प्रान्तीय सीमाना, अधिकार, काम कर्तव्य वा संस्थाहरूमा हेरफेर (फेरबदल हुने भएमा); र

iii) विशेष गरी प्रान्तीय विषयसँग सम्बन्धित प्रावधानको संशोधन गर्ने विषय ।

२. संविधान संशोधन गर्ने विधेयकमा संविधान संशोधन र संशोधनसँग सम्बन्धितबाहेक अन्य विषय हुने छैनन् ।

३. विधेयक प्रस्तुत गर्न चाहने व्यक्ति वा समितिले खण्ड ७३ (२) बमोजिम संविधान संशोधन विधेयक प्रस्तुत गर्नुभन्दा कम्तीमा ३० दिनअघिः

क. सर्वसाधारण नागरिकको प्रतिक्रियाका लागि प्रस्तावित संशोधन विधेयकका विवरण राष्ट्रियसभाको नियम र आदेशबमोजिम राष्ट्रिय सरकारी राजपत्रमा प्रकाशित गर्नुपर्नेछ;

ख. राष्ट्रियसभाको नियम र आदेशबमोजिम त्यो विवरणलाई राष्ट्रिय प्रान्तीयसभाको मत/विचारका लागि प्रान्तीयसभामा पठाउने; र

ग. यदि प्रस्तावित संशोधन परिषद्बाट पारित गरिनुपर्ने संशोधन होइन भने राष्ट्रिय प्रान्तीय परिषद्को नियम र आदेशबमोजिम त्यो विवरणलाई सार्वजनिक बहसका लागि परिषद्मा पठाउने ।

४. संविधान संशोधन गर्ने विधेयक पेस गर्दा उक्त विधेयक पेस गर्ने व्यक्ति वा समितिले सर्वसाधारण र प्रान्तीय विधायिकाबाट लिखितरुमा प्राप्त कुनै प्रतिक्रिया/टिप्पणी देहायका व्यक्तिसमक्ष पेस गर्नुपर्नेछ ।

क. राष्ट्रियसभामा प्रस्तुत गर्नका लागि सभामुखलाई र

ख. उपखण्ड (१), (२) वा ३ (ख) मा उल्लेख भएका संशोधनको हकमा राष्ट्रिय प्रान्तीय परिषद्मा पेस गर्नका लागि परिषद्का अध्यक्षसमक्ष ।

५. संविधानलाई संशोधन गर्ने विधेयकलाई देहायको अवस्थामा ३० दिनभित्र मतदानका लागि राष्ट्रियसामा पेस गरिनुहुँदैन ।

क. यदि विधेयक प्रस्तुत गर्ने समयमा राष्ट्रियसभाको बैठक चलिरहेको छ भने र

ख. यदि विधेयक प्रस्तुत गर्ने समयमा राष्ट्रियसभाको बैठक बसेको छैन भने ।

६. उपखण्ड (३) (ख) मा उल्लेख गरिएको विधेयक वा त्यसको कुनै अंश कुनै निश्चित प्रान्त वा प्रान्तहरूसँग मात्र सम्बन्धित भएमा राष्ट्रिय प्रान्तीय परिषद्ले सो प्रान्तको विधायिका वा ती प्रान्तहरूका विधायिकाहरूले पारित नगरेसम्म उक्त विधेयक वा त्यसको अंशलाई पारित गर्न पाउने छैन ।

७. राष्ट्रियसभाले र लागू हुने अवस्थामा राष्ट्रिय प्रान्तीय परिषद्ले पारित गरेको संविधान संशोधन गर्ने विधेयक स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष पेस गर्नुपर्नेछ ।

**७५. प्रान्तहरूसँग असम्बन्धित साधारण विधेयकहरू**

१. राष्ट्रियसभाले खण्ड ७४ र ७६ मा उल्लेखित प्रक्रिया लागू हुने विधेयकबाहेक अन्य विधेयक पारित गरेको अवस्थामा उक्त विधेयकलाई राष्ट्रिय प्रान्तीय परिषद्मा पठाउनुपर्नेछ र देहायका प्रक्रियाअनुसार त्यसमाथि कारबाही गर्नुपर्नेछ ।

क. परिषद्ले :

i) विधेयक पारित गर्नुपर्नेछ;

ii) परिषद्ले प्रस्ताव गरेको संशोधनअनुसार हुने गरी विधेयक पारित गर्नुपर्नेछ; वा

iii) विधेयकलाई अस्वीकृत गर्नुपर्नेछ ।

२. यदि संशोधनको प्रस्तावबिना नै परिषद्ले विधेयक पारित गरेमा त्यसलाई स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष पेस गर्नुपर्नेछ ।

३. यदि परिषद्ले विधेयक अस्वीकृत गरेमा वा त्यसलाई संशोधन गर्ने गरी पारित गरेमा परिषद्ले प्रस्ताव गरेको संशोधनलाई ध्यानमा राख्दै राष्ट्रियसभाले त्यसमाथि पुनर्विचार गर्नुपर्नेछ र यसलेः–

क. संशोधन गरेर वा नगरिकनै विधेयकलाई पुनः पारित गर्नसक्नेछ; वा

ख. विधेयकमाथिको कारबाही अघि नबढाउने निर्णय लिनसक्नेछ ।

४. अनुच्छेद (ग) अनुसार सभाले पारित गरेको विधेयकलाई स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष पेस गर्नुपर्नेछ ।

५. यस खण्डअनुसार कुनै विषयमा राष्ट्रिय प्रान्तीय परिषद्ले मतदान गरेमा खण्ड ६५ लागू हुनेछैन; बरु

क. प्रान्तीय प्रतिनिधिमण्डलको प्रत्येक प्रतिनिधिको एक मताधिकार हुनेछ;

ख. कुनै पनि विषयमा मतदान हुनुपूर्व कम्तीमा एकतिहाई प्रतिनिधि उपस्थित हुनुपर्नेछ; र

ग. कुनै पनि विषयमाथि निर्णय गर्दा जम्मा खसेको मतको बहुमतको आधारमा निर्णय गरिनेछ । तर कुनै विषयको पक्ष वा विपक्षमा बराबर मत परेमा अध्यक्षता गर्ने प्रतिनिधिले निर्णायक मत दिनुपर्नेछ ।

**७६. प्रान्तसँग सम्बन्धित साधारण विधेयक**

१. राष्ट्रियसभाले उपखण्ड (३), (४) र (५) मा उल्लेख गरिएको विधेयक पारित गरेमा उक्त विधेयकलाई राष्ट्रिय प्रान्तीय परिषद्मा पठाउनुपर्नेछ र देहायका प्रक्रियाअनुसार त्यसमाथि कारबाही गर्नुपर्नेछ;

क. परिषद्लेः–

i) विधेयक पारित गर्नुपर्नेछ

ii) संशोधित विधेयक पारित गर्नुपर्नेछ; वा

iii) विधेयक अस्वीकृत गर्नुपर्नेछ ।

२. यदि परिषद्ले बिनासंशोधन विधेयक पारित गरेमा उक्त विधेयकलाई स्वीकृतिको लागि राष्ट्रपतिसमक्ष पेस गर्नुपर्नेछ ।

३. यदि परिषद्ले संशोधन विधेयक पारित गरेमा उक्त विधेयकलाई राष्ट्रियसभामा पठाउनुपर्नेछ। यदि सभाले संशोधन विधेयक पारित गरेमा उक्त विधेयक स्वीकृतिको लागि राष्ट्रपतिसमक्ष पेस गरिनुपर्नेछ ।

४. यदि परिषद्ले विधेयक अस्वीकृत गरेमा वा अनुच्छेद (ग) अनुसार राष्ट्रियसभामा प्रस्तुत संशोधन विधेयक पारित गर्न मन्जुरी नदिएमा उक्त विधेयक र लागूहुने अवस्थामा संशोधित विधेयकसमेतलाई मध्यस्थकर्ता समितिमा पठाउनुपर्नेछ । मध्यस्थ समितिले देहायको कुरामा सहमत हुनसक्नेछ ।

क. सभाद्वारा विधेयक पारित भएको;

ख. परिषद्द्वारा संशोधित विधेयक पारित भएको; वा

ग. विधेयकको अन्य स्वरूप

५. यदि मध्यस्थता समितिले विधेयक प्राप्त भएको ३० दिनभित्र सहमत हुन नसकेमा राष्ट्रियसभाले फेरि पारित नगरेसम्म उक्त विधेयकको म्याद गुज्रिएको मानिनेछ। राष्ट्रियसभाले विधेयक पुनः पारित हुनका लागि सभाका कम्तीमा दुईतिहाई सदस्यहरूको सहमति हुनुपर्नेछ।

६. यदि मध्यस्थता समितिले सभाले पारित गरेको विधेयक सहमति दिएमा उक्त विधेयक परिषद्मा पठाउनुपर्नेछ र यदि परिषद्ले स्वीकृति दिएमा उक्त विधेयक स्वीकृतिका लागि राष्ट्रपति कहाँ पठाउनुपर्नेछ।

७. यदि मध्यस्थता समितिले परिषद्ले पारित गरेको सशोधन विधेयकप्रति सहमति जनाएमा उक्त विधेयकलाई राष्ट्रियसभामा पठाउनुपर्ने र यदि सभाले पारित गरेमा त्यसलाई स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष पेस गर्नुपर्नेछ;

८. यदि मध्यस्थता समितिले विधेयकको भिन्न स्वरूपमा सहमति जनायो भने विधेयकको त्यो भिन्न स्वरूपलाई सभा र परिषद्मा पठाउनुपर्ने र यदि सभा र परिषद्ले त्यसलाई पारित गरेमा त्यसलाई स्वीकृतिका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्नेछ।

९. यदि अनुच्छेद (च) र (ज) अनुसार परिषद्मा पठाइएको विधेयक परिषद्ले पारित नगरेमा सभाले दुईतिहाइ सदस्यहरूको सहमतिको पक्षमा मतदान गरेर उक्त विधेयकलाई पारित नगरेसम्म सो विधेयकको अवधि समाप्त भएको मानिनेछ।

१०. यदि अनुच्छेद (छ) वा (ज) अनुसार राष्ट्रियसभामा पठाइएको विधेयक सभाद्वारा पारित नभएमा त्यसको म्याद समाप्त भएको मानिनेछ। तर उक्त विधेयकलाई सभाले सुरुमा पारित गरेको अवस्थामा कम्तीमा दुईतिहाइ सदस्यहरूको पक्ष मतले पुनः पारित गर्नसक्नेछ।

११. राष्ट्रियसभाले अनुच्छेद (ङ), (झ) वा (ञ) अनुसार पारित गरेको विधेयक स्वीकृतिका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्नेछ।

१२. उपखण्ड (३) मा उल्लेख गरिएको विधेयकलाई राष्ट्रिय प्रान्तीय परिषद्ले पारित गरेमा उक्त विधेयकलाई राष्ट्रियसभामा पठाउनुपर्नेछ र त्यसमाथि देहायका प्रक्रियाबमोजिम कारबाही अगाडि बढाइनेछ;

क. सभाले :

i) विधेयक पारित गर्नुपर्नेछ;

ii) संशोधित विधेयक पारित गर्नुपर्नेछ ; वा

iii) विधेयकलाई अस्वीकृत गर्नुपर्नेछ।

१३. अनुच्छेद (क) (ष)अनुसार राष्ट्रियसभाले पारित गरेको विधेयकलाई स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष पठाउनुपर्नेछ।

१४. यदि सभाले संशोधित विधेयक पारित गरेमा उक्त संशोधित विधेयकलाई परिषद्मा पठाउनुपर्ने छ र यदि परिषद्ले उक्त संशोधित विधेयकलाई पारित गरेमा त्यसलाई स्वीकृतिका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्नेछ।

१५. यदि राष्ट्रियसभाले विधेयक अस्वीकृत गरेमा वा यदि अनुच्छेद (ग) अनुसार परिषद्मा पेस गरिएको संशोधित विधेयकलाई परिषद्ले पारित गर्न मन्जुरी नदिएमा उक्त विधेयक र लागू हुने अवस्थामा संशोधित विधेयकसमेतलाई मध्यस्थता समितिसमक्ष पठाउनुपर्नेछ। मध्यस्थता समिति देहायका बुँदामा सहमत हुनसक्नेछ;

क. परिषद्द्वारा विधेयक पारित भएकोमा;

ख. राष्ट्रियसभाद्वारा संशोधित विधेयक पारित भएकोमा, वा

ग. विधेयकको परिवर्तित स्वरूपमा।

१६. यदि मध्यस्थता समितिसमक्ष विधेयक पेस भएको ३० दिनभित्र पनि समिति सहमत हुन नसकेमा उक्त विधेयकको म्याद समाप्त भएको मानिनेछ।

१७. यदि मध्यस्थता समितिले परिषद्द्वारा पारित विधेयकमाथि सहमति जनाएमा उक्त विधेयकलाई राष्ट्रियसभामा पठाउनुपर्ने र यदि सभाले विधेयक पारित गरेमा उक्त विधेयक स्वीकृतिका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्नेछ ।

१८. यदि मध्यस्थता समितिले सभाद्वारा पारित संशोधित विधेयकमाथि सहमति जनाएमा उक्त विधेयकलाई परिषद्मा पठाउनुपर्नेछ र यदि परिषद्ले उक्त विधेयक पारित गरेमा सो विधेयकलाई परिषद्मा पठाउनुपर्नेछ र यदि परिषद्ले उक्त विधेयक पारित गरेमा सो विधेयक स्वीकृतिका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्नेछ ।

१९. यदि मध्यस्थता समितिले विधेयकको परिवर्तित स्वरूपलाई सहमति दिएमा उक्त विधेयकको परिवर्तित स्वरूपलाई परिषद् र राष्ट्रियसभामा पेस गर्नुपर्नेछ र यदि त्यसलाई परिषद् र सभाले पारित गरेमा उक्त विधेयकलाई स्वीकृतिका लागि राष्ट्रपतिकहाँ पठाउनुपर्नेछ ।

२०. यदि अनुच्छेद (च) वा (ज)अनुसार राष्ट्रियसभामा प्रस्तुत भएको विधेयकलाई सभाले पारित नगरेको खण्डमा उक्त विधेयकको अवधि समाप्त भएको मानिनेछ ।

२१. यदि विधेयक अनुसूची ४ मा उल्लेख गरिएको कार्यक्षेत्रअन्तर्गत पर्ने भएमा वा देहायका कुनै पनि खण्डमा परिकल्पना गरिएको कानुन निर्माणको व्यवस्थासँग सम्बन्धित भएमा त्यसमाथि उपखण्ड (१) वा उपखण्ड (२) मा स्थापित प्रक्रियाअनुसार कामकारबाही अगाडि बढाउनुपर्नेछ ।

क. खण्ड ६५(२);

ख. खण्ड १६३;

ग. खण्ड १८२;

घ. खण्ड १९५ (३) र (४);

ङ. खण्ड १९६; र

च. खण्ड १९७;

२२. यदि विधेयक देहायबमोजिमका कानुन निर्माण गर्ने व्यवस्थासँग सम्बन्धित छ भने त्यसमाथि उपखण्ड (१) द्वारा स्थापित प्रक्रियाबमोजिम कामकारबाही अगाडि बढाइनेछ ।

क. खण्ड ४४ (२) वा २२० (३); वा

ख. भाग १३ मा परिकल्पना गरिएबमोजिमको र प्रान्तीय सरकारको क्षेत्रको वित्तीय हितलाई प्रभाव पार्ने कुनै प्रावधान भएको ।

(अनुच्छेद (ख) सन् २००३ को ऐन ३ को एस १ द्वारा प्रतिस्थापन भएको)

२३. देहायको अवस्थामा बाहेक खण्ड ४२ (६) अनुसार परिकल्पना गरिएको विधेयकमाथि उपखण्ड (१) मा स्थापित प्रक्रियाबमोजिम कामकारबाही गर्नुपर्नेछ ।

क. राष्ट्रियसभाले विधेयकमाथि मतदान गरेमा खण्ड ५३ (१) का प्रावधान लागू हुने छैनन् । यदि सभाका बहुमत सदस्यले विधेयकको पक्षमा मतदान गरेमा मात्र उक्त विधेयक पारित भएको मानिनेछ; र

ख. यदि विधेयकलाई मध्यस्थता समितिमा पठाइएको खण्डमा देहायका नियम लागूहुनेछन् :

(i) यदि राष्ट्रियसभाले उपखण्ड (१) (छ) वा (ज) मा परिकल्पना गरिएको विधेयकमाथि विचार गरेमा सभाका बहुमत सदस्यले त्यसको पक्षमा मतदान गरेको खण्डमा मात्र उक्त विधेयक पारित भएको मानिनेछ ।

(ii) यदि राष्ट्रियसभाले उपखण्ड (१) (ङ), (झ) र (ञ) अनुसार परिकल्पना गरिएको विधेयकमाथि विचार गरेमा वा पुनर्विचार गरेमा उक्त विधेयक सभाका कम्तीमा दुईतिहाइ बहुमत सदस्यले त्यसको पक्षमा मतदान गरेमा मात्र पारित हुनेछ ।

२४. यो खण्ड अर्थ विधेयकको हकमा लागू हुने छैन ।

**७७. अर्थ विधेयक**

१. कुनै पनि विधेयक देहायको अवस्थामा अर्थ विधेयक हुनेछः

क. यदि त्यसले रकम विनियोजन गरेमा;

ख. यदि त्यसले राष्ट्रिय कर, शुल्क, भन्सार शुल्क आदि लगाउने भएमा;

ग. कुनै पनि राष्ट्रिय कर, शुल्क, भन्सार आदि हटाउने वा छुट दिने भएमा; वा

घ. खण्ड २१४ मा परिकल्पना गरेबमोजिम प्रत्यक्ष खर्च गर्ने अधिकार प्रत्यायोजन गर्ने विधेयकबाहेक राष्ट्रिय राजस्व कोषमा प्रत्यक्ष खर्च गर्नसक्ने गरी अधिकार प्रदान गर्ने भएमा;

२. देहायका विषयबाहेक अर्थ विधेयक अन्य कुनै विषयसँग सम्बन्धित हुनेछैनः–

क. रकम विनियोजनसँग प्रासङ्गिक अतिरिक्त विषय;

ख. राष्ट्रिय कर, शुल्क, दस्तुर आदि लगाउने, हटाउने वा कम गर्ने;

ग. राष्ट्रिय कर, शुल्क, दस्तुर आदिमा मिनाहा दिने;

घ. राष्ट्रिय राजस्व कोषमा प्रत्यक्ष खर्च गर्ने अधिकार प्रत्यायोजन गर्ने ।

३. सबै अर्थ विधेयक माथि खण्ड ७५मा स्थापित प्रक्रियाअनुसार विचार गर्नुपर्नेछ। अर्थ विधेयक संशोधन गर्नेसम्बन्धी व्यवस्था संसदले बनाएको कानुनबमोजिम हुनेछ। संसदले बनाएको ऐनले संसदमा अर्थ विधेयकको संशोधनसम्बन्धी व्यवस्था गर्नुपर्नेछ ।

(खण्ड ७७ सन् २००१ को ऐन ६१ को एस २ द्वारा प्रतिस्थापित भएको)

**७८. मध्यस्थता समिति**

१. मध्यस्थता समितिमा देहायका व्यक्तिहरू रहनेछन्:–

क. राष्ट्रियसभाले सभाको नियम र आदेशमा व्यवस्था भएका प्रक्रियाअनुसार आफ्ना सदस्यहरूमध्येबाट निर्वाचित गरेका नौजना राष्ट्रियसभाका सदस्यहरू । यी नौ सदस्यहरूले राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको उनीहरूको सभामा भएको प्रतिनिधित्वको अनुपातमा समितिमा प्रतिनिधित्व गर्नेछन्; र

ख. राष्ट्रिय प्रान्तीय परिषद्मा रहेका प्रत्येक प्रान्तीय प्रतिनिधिमण्डलले तोकेको एक जना सदस्य ।

२. देहायको अवस्थामा मध्यस्थता समितिले विधेयकको कुनै स्वरूप वा कुनै विषयमा सहमति जनाएको मानिनेछ ।

क. जब कुनै विधेयकको स्वरूप वा कुनै विषयको एक पक्षमा राष्ट्रियसभाका कम्तीमा पाँच जना प्रतिनिधिले समर्थन जनाउँछन् ।

ख. राष्ट्रिय प्रान्तीय परिषद्का कम्तीमा पाँच जना प्रतिनिधिले कुनै विधेयकको स्वरूप वा कुनै विषयको एक पक्षमा समर्थन जनाएमा ।

**७९. विधेयकको स्वीकृति**

१. संविधानको यो भागमा व्यवस्था गरिएअनुसार पारित भएको विधेयकलाई राष्ट्रपतिले स्वीकृति प्रदान गरेर हस्ताक्षर गर्नुपर्नेछ वा राष्ट्रपतिलाई यदि विधेयकको वैधानिकताका बारेमा चित्त नबुझेमा उनले पुनर्विचारका लागि राष्ट्रियसभामा नै फिर्ता गर्नसक्ने छन् ।

२. राष्ट्रियसभाले विधेयक पुनर्विचार गर्ने कार्यविधि र यो प्रक्रियामा राष्ट्रिय प्रान्तीय परिषद्को सहभागिता सम्बन्धमा संयुक्त नियम र निर्देशमा व्यवस्था गरिएको हुनेछ ।

३. राष्ट्रिय प्रान्तीय परिषद्ले देहायको अवस्थामा राष्ट्रपतिले पुनर्विचारका लागि राष्ट्रियसभामा फिर्ता पठाएको विधेयक माथिको पुनर्विचार प्रक्रियामा सहभागी हुनुपर्नेछ । यदिः–

क. राष्ट्रपतिको उक्त विधेयकको संवैधानिकतामाथिको असन्तुष्टि परिषद्सँग सम्बन्धित कार्यविधिको विषयसँग जोडिएको छ भने; वा

ख. विधेयक पारित गर्दा खण्ड ७४(१), (२) वा (३) (ख) वा ७६ लागू भएको खण्डमा ।

४. यदि पुनर्विचार भइसकेपछि विधेयकले राष्ट्रपतिको त्यसमा भएका असन्तुष्टि पूर्णरूपले सम्बोधन गरेमा राष्ट्रपतिले विधेयकमा सहमति जनाएर स्वीकृति प्रदान गर्नुपर्नेछ । यदि त्यस्तो नगरेको खण्डमा राष्ट्रपतिलेः–

क. कि त विधेयकमा सहमति जनाएर स्वीकृति प्रदान गर्नुपर्नेछ; वा

ख. त्यसलाई त्यसको वैधानिकताको जाँच गर्नका लागि संवैधानिक अदालतमा पठाउन सक्नेछन् ।

५. यदि संवैधानिक अदालतले उक्त विधेयक वैधानिक भएको ठहर गरेमा राष्ट्रपतिले त्यसमा सहमति जनाएर स्वीकृति प्रदान गर्नुपर्नेछ ।

**८०. राष्ट्रियसभाका सदस्यद्वारा संवधानिक अदालतमा निवेदन**

१. संसदको पूरै ऐन वा त्यसको कुनै अंश असंवैधानिक भएको घोषणा गर्ने आदेशको माग गर्दै राष्ट्रियसभाका सदस्यहरूले संवैधानिक अदालतमा निवेदन दिन पाउनेछन् ।

२. निवेदनः–

क. राष्ट्रियसभाका कम्तीमा एकतिहाइ सदस्यले समर्थन गरेको हुनुपर्छ;

ख. राष्ट्रपतिले सहमति जनाएको र स्वीकृति प्रदान गरेको मितिले ३० दिनभित्रमा निवेदन दिनुपर्नेछ;

३. संवैधानिक अदालतले उपखण्ड (१) अनुसारको निवेदनको विषय भएको पूरै ऐन वा त्यसको कुनै अंश अदालतले निवेदनउपर निर्णय नदिउन्जेलसम्म उक्त ऐन बाध्यकारी नभएको आदेश दिनसक्नेछ । यदिः–

क. न्यायको हितका लागि आवश्यक भएमा; र

ख. निवेदन सफल हुने पर्याप्त सम्भावना भएमा ।

४. यदि निवेदन सफल भएमा वा सफल हुने पर्याप्त सम्भावना नभएमा संवैधानिक अदालतले निवेदकहरूलाई लागत तिर्न आदेश दिनसक्नेछ ।

**८१. ऐनको प्रकाशन**

१. राष्ट्रपतिद्वारा सहमति जनाएर स्वीकृति दिइएको विधेयक संसदको कानुनको रूपमा मान्यता पाउनेछ । त्यसलाई तत्काल प्रकाशित गर्नुपर्नेछ र त्यो ऐन प्रकाशित भएपछि वा ऐनमा उल्लेख भएको मितिबाट लागूहुनेछ ।

**८२. संसदको ऐनको सुरक्षाः–**

१. हस्ताक्षर गरिएको संसदीय ऐन उक्त ऐनमा भएका प्रावधानको निश्चित प्रमाण हो र प्रकाशन पछि सुरक्षाका लागि संवैधानिक अदालतलाई जिम्मा लगाउनुपर्छ ।

(अनुसूची ६ को बुँदा २१ (५) हेर्नुहोस्)

## भागः ५

### ८३. राष्ट्रपति

१. राष्ट्रपतिः–

क.  राज्यप्रमुख र राष्ट्रिय कार्यकारी प्रमुख हुनेछन्;

ख. संविधानलाई गणतन्त्रको सर्वोच्च कानुनको रूपमा त्यसको पालना, रक्षा र सम्मान गर्नेछन्; र

ग. राष्ट्रको एकता प्रवर्द्धन गर्नेछन् जसले गर्दा गणतन्त्रको विकास हुनेछ ।

### ८४. राष्ट्रपतिको अधिकार र कार्य

१. राष्ट्रपतिका संविधान तथा कानुनले प्रदान गरेकालगायत राष्ट्रप्रमुख र राष्ट्रिय कार्यपालिका प्रमुखको रूपमा कार्य गर्न आवश्यक अधिकार हुनेछन् ।

२. राष्ट्रपतिका देहायका जिम्मेवारी हुनेछन्ः–

क. विधेयक स्वीकृत गर्ने;

ख. विधेयकको वैधानिकतामाथि पुनर्विचार गर्न लगाउने उद्देश्यले विधेयक राष्ट्रियसभामा फिर्ता पठाउने;

ग. विधेयकको वैधानिकतासम्बन्धी निर्णयका लागि विधेयकलाई संवैधानिक अदालतमा पठाउने;

घ. विशेष कार्यव्यापारका लागि राष्ट्रियसभा र राष्ट्रिय प्रान्तीय परिषद् वा संसदको विशेष अधिवेशन आह्वान गर्ने;

ङ. राष्ट्रिय कार्यपालिका प्रमुखका हैसियतले गर्ने नियुक्तिका अतिरिक्ति संविधान र कानुनद्वारा राष्ट्रपतिले गर्ने नियुक्ति गर्ने;

च. जाँचबुझ आयोग नियुक्त गर्ने;

छ. संसदले बनाएको कानुनअनुसार राष्ट्रिय जनमत सङ्ग्रहको आह्वान गर्ने;

ज. विदेशी कूटनीतिक र महावाणिज्यदूतका प्रतिनिधिको स्वागत गर्ने र ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने/मान्यता प्रदान गर्ने;

झ. राजदूत, पूर्ण अधिकार पाएको दूत र कूटनीतिक र महावाणिज्यदूत प्रतिनिधि नियुक्त गर्ने;

ञ. अपराधीलाई माफी दिने वा सजाय कम गर्ने, दण्ड जरिवाना वा कुनै कुराको जफत हुनबाट माफी( मिनाहा गर्ने र सम्मान र मान पदवी प्रदान गर्ने ।

(सामान्य जानकारीः मानपदवी ६ डिसेम्बर सन् २००२ को सरकारी राजपत्रमा व्यवस्था गरिएको, २५ जुलाई २००३ को सरकारी राजपत्र २५२१३ मा व्यवस्था गरिएको र २ डिसेम्बर २००३ को सरकारी राजपत्र २५७९९ मा व्यवस्था गरिएको)

### ८५. गणतन्त्रको कार्यकारिणी अधिकार

१. गणतन्त्रको कार्यकारिणी अधिकार राष्ट्रपतिमा निहित हुनेछ ।

२. राष्ट्रपतिले मन्त्रिपरिषद्का अन्य सदस्यहरूसँगै देहायबमेजिम कार्यकारिणी अधिकारको प्रयोग गर्दछन् :

क. संविधान र संसदीय कानुनले अन्य व्यवस्था गरेबाहेक राष्ट्रिय कानुन लागू गर्ने;

ख. राष्ट्रिय नीतिको तर्जुमा र कार्यान्वयन गर्ने;

ग. राज्यका विभाग र प्रशासन निकायका काममा समन्वय कायम राख्ने;

घ. विधेयक तर्जुमा गर्ने र प्रस्तुत गर्ने; र

ङ संविधान र राष्ट्रिय कानुनमा व्यवस्था भएअनुसार अन्य कार्यकारी कार्यसम्पादन गर्ने ।

**८६. राष्ट्रपतिको निर्वाचनः**

१. राष्ट्रियसभाले निर्वाचन भएपछि बस्ने प्रथम अधिवेशन र रिक्त स्थान परिपूर्ति गर्नुपर्ने अवस्थामा आफ्ना सदस्यहरूमध्येबाट महिला वा पुरुष एक जनालाई राष्ट्रपतिमा निर्वाचित गर्नेछ ।

२. प्रधानन्यायाधीशले राष्ट्रपति निर्वाचनको अध्यक्षता गर्नेछन् वा अर्को न्यायाधीशलाई सो जिम्मेवारी तोक्न सक्नेछन् ।

अनुसूची ३ को भाग 'क' मा उल्लिखित प्रक्रिया राष्ट्रपतिको निर्वाचनको हकमा लागू हुनेछन् ।

(उपखण्ड(एक (२) सन् २००१ को ऐन ३४ बुँदा एस ६ द्वारा प्रतिस्थापित भएको।)

३. राष्ट्रपतिको रिक्त पद परिपूर्ति गर्ने निर्वाचन प्रधानन्यायाधीशले तोकेको समय र मितिमा सम्पन्न हुनेछ । तर सो निर्वाचन पद रिक्त भएको ३० दिनभित्र गरिसक्नुपर्नेछ ।

(उपखण्ड एक (३) सन् २००१ को ऐन ३४ बुँदा एस(६ द्वारा प्रतिस्थापित)

**८७. राष्ट्रपतिद्वारा पदभार ग्रहणः**

१. राष्ट्रपतिमा निर्वाचित भएपछि कुनै व्यक्ति राष्ट्रियसभाको सदस्य रहने छैनन् र पाँच दिनभित्र अनुसूची २ बमोजिम गणतन्त्रप्रति इमानदारिता र संविधानको पालन गर्ने शपथ वा प्रतिज्ञा गरेर आफ्नो पदभार ग्रहण गर्नेछन् ।

**८८. राष्ट्रपतिको कार्यकाल/कार्याविधि**

१. राष्ट्रपतिको कार्यकाल उनले आफ्नो कार्यभार सम्हालेपछि सुरु भएर पद रिक्त भएमा वा राष्ट्रपतिमा निर्वाचित अर्को व्यक्तिले पदभार ग्रहण गरेपछि समाप्त हुन्छ ।

२. कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपतिको पदमा रहन पाउने छैनन् । तर कुनै व्यक्ति राष्ट्रपति पदको रिक्त स्थान परिपूर्ति गर्न भएको निर्वाचनमा निर्वाचित भएमा सो निर्वाचन र राष्ट्रपतिको अर्को निर्वाचनको अवधिलाई एक कार्यकाल मानिने छैन ।

**८९. राष्ट्रपतिको पदमुक्तिः**

१. राष्ट्रियसभालेः

क. यसका कम्तीमा पनि दुईतिहाई सदस्यहरूको समर्थनले पारित प्रस्तावबाट संविधान वा कानुनको गम्भीर उल्लङ्घन गरेको आधारमा मात्र राष्ट्रपतिलाई पदबाट हटाउन सक्नेछ;

ख. गम्भीर दुराचार गरेमा; वा

ग. पदीय दायित्व सम्हाल्न असमर्थ भएमा;

२. उपखण्ड (क) वा (ख) अनुसार राष्ट्रपतिको पदबाट हटाइएको व्यक्ति सो पदमा रहँदा पाउने सुविधा पाउने छैनन् र उनी कुनै पनि सार्वजनिक पदमा रहनसक्ने छैनन् ।

**९०. कार्यबाहक राष्ट्रपति**

१. राष्ट्रपति देशमा अनुपस्थित भएको बेलामा र यदि राष्ट्रपतिले पदीय दायित्व पूरा गर्न असमर्थ भएमा वा राष्ट्रपतिको पद रिक्त रहेको अवस्थामा देहायका पदाधिकारीले देहायमा दिइएको क्रमानुसार कार्यवाहक राष्ट्रपतिको काम गर्नेछन् ।

क. उपराष्ट्रपति;

ख. राष्ट्रपतिले तोकेको मन्त्री;

ग. मन्त्रिमण्डलका अन्य मन्त्रीले तोकेका मन्त्री;

घ. राष्ट्रियसभाले आफ्नो कुनै अन्य सदस्यलाई नतोकेसम्मका लागि सभामुख ।

२. राष्ट्रपतिको काम, कर्तव्य र जिम्मेवारी लिनुभन्दा अघि कार्यवाहक राष्ट्रपतिले अनुसूची २ अनुसार गणतन्त्रप्रति इमानदार रहने र संविधानको पालना गर्ने शपथ वा प्रतिज्ञा गर्नुपर्नेछ ।

३. कार्यवाहक राष्ट्रपतिको रूपमा गणतन्त्रप्रति इमानदार रहने प्रतिज्ञा गरेको व्यक्तिले उनीपछि राष्ट्रपति निर्वाचित भएको व्यक्तिले पदबहाली नगरेसम्मको अवधिसम्म अर्को पदावधिको लागि पुनः शपथ लिनुपर्ने छैन वा प्रतिज्ञा गर्ने प्रक्रिया दोहोऱ्याउनुपर्ने छैन ।

(सन् १९९७ को ऐन ३५ को बुँदाले उपखण्ड(एस (४) थप गरिएको)

**९१. मन्त्रिमण्डल**

१. मन्त्रिमण्डलमा राष्ट्रपति मन्त्रिमण्डलको प्रमुखको रूपमा, कुनै एक उपराष्ट्रपति र मन्त्रीहरू रहनेछन् ।

२. राष्ट्रपतिले उपराष्ट्रपति र मन्त्रीहरूको नियुक्ति गर्नेछन्, उनीहरूको काम कर्तव्य र अधिकार तोक्नेछन् र उनीहरूलाई बर्खास्त पनि गर्नसक्ने छन् ।

३. राष्ट्रपतिलेः

क. राष्ट्रियसभाका सदस्यहरूमध्येबाट उपराष्ट्रपतिको छनोट गर्नुपर्नेछ;

ख. राष्ट्रियसभाका सदस्यहरूमध्येबाट जतिसुकै सङ्ख्यामा मन्त्रीहरू छनोट गर्नसक्नेछन्; र

ग. राष्ट्रियसभा बाहिरबाट दुईभन्दा बढी मन्त्री नियुक्त गर्न पाउने छैनन् ।

४. राष्ट्रपतिले मन्त्रिमण्डलका कुनै एक सदस्यलाई राष्ट्रियसभामा सरकारी कामको नेताको रूपमा नियुक्त गर्नुपर्नेछ ।

५. उपराष्ट्रपतिले राष्ट्रपतिलाई सरकारको कामकारबाही सञ्चालन गर्न सहयोग गर्नुपर्नेछ ।

**९२. उत्तरदायित्व, जवाफदेहिता र जिम्मेवारी**

१. उपराष्ट्रपति र मन्त्रीहरू उनीहरूलाई राष्ट्रपतिले तोकेका कार्यकारी/कार्यपालिकाको काम, कर्तव्य र अधिकारका लागि जिम्मेवार हुनेछन् ।

२. मन्त्रिमण्डलका सदस्यहरू उनीहरूको अधिकारको प्रयोग र कर्तव्यपालना र कार्यसम्पादनका लागि सामूहिक र व्यक्तिगतरूपमा संसदप्रति उत्तरदायी हुनेछन् ।

३. मन्त्रिमण्डलका सदस्यहरूलेः

क. संविधानबमोजिम काम गर्नुपर्नेछ; र

ख. आफ्नो नियन्त्रण/जिम्मेवारीअन्तर्गतका विषयमा संसदमा पूर्ण र नियमित प्रतिवेदन पेस गर्नुपर्नेछ ।

**९३. उपमन्त्रीहरूः**

१. राष्ट्रपतिलेः

क. राष्ट्रियसभाका सदस्यहरूमध्येबाट जतिसुकै सङ्ख्यामा उपमन्त्री नियुक्त गर्नसक्नेछन्;

ख. सभाबाहिरबाट दुईभन्दा बढी उप(मन्त्री नियुक्त गर्नसक्ने छैनन्; र

ग. उनीहरूलाई (उपमन्त्रीहरू) हटाउन सक्नेछन् ।

२. उपखण्ड १ (ख) अनुसार नियुक्त भएका उपमन्त्रीहरू अधिकारको प्रयोग र कार्यसम्पादनका लागि संसदप्रति उत्तरदायी हुन्छन् ।

(खण्ड ९३ सन् २००१ को ऐन ३४ को एस ७ द्वारा प्रतिस्थापित)

**९४. निर्वाचनपछि मन्त्रिमण्डलको निरन्तरता**

१. राष्ट्रियसभाको निर्वाचन सम्पन्न भइसकेपछि अर्को (नयाँ) सभाले राष्ट्रपति निर्वाचित गरेको व्यक्तिले कार्यभार नसम्हालेसम्म मन्त्रिमण्डल, उपराष्ट्रपति, मन्त्रीहरू र अन्य उपमन्त्रीहरू आफ्नो कार्य गर्न सक्षम हुनेछन् ।

**९५. शपथ तथा प्रतिज्ञा**

१. उपराष्ट्रपति, मन्त्रीहरू र उपमन्त्रीहरूले आफ्नो कार्यभार सम्हाल्नुअघि अनुसूची २ बमोजिम गणतन्त्रप्रति इमानदारिता वा निष्ठा र संविधानप्रति आज्ञाकारिताको शपथ वा प्रतिज्ञा लिनुपर्नेछ ।

**९६. मन्त्रिमण्डलका सदस्य र उपमन्त्रीको आचारः–**

१. मन्त्रिमण्डलका सदस्य र उपमन्त्रीहरूले राष्ट्रिय कानुनद्वारा निर्दिष्ट आचारसंहिताअनुसार चल्नुपर्छ ।

२. मन्त्रिमण्डलका सदस्य र उपमन्त्रीले देहायका कुरा गर्नुहुन्नः

क. अन्य आयमूलक काम गर्न पाउने छैनन्;

ख. आफ्नो पदीय मर्यादासँग मेल नखाने कार्य गर्नेछैनन् वा पदीय जिम्मेवारी र निजी हितलाई जोखिममा पार्ने छैनन् वा त्यसबाट आफूलाई टाढै राख्नेछन्; र

ग. आफ्नो पदीय हैसियत वा उनीहरूलाई दिइएको विश्वस्त सूचना कुनै आर्थिक लाभको लागि प्रयोग गर्ने छैनन् वा उनुपयुक्त तवरले अन्य कुनै व्यक्तिको लाभका लागि दुरूपयोग गर्ने छैनन् ।

**९७. कामको स्थानान्तरण**

१. राष्ट्रपतिले घोषणाद्वारा मन्त्रिमण्डलका कुनै एक सदस्यलाई दिइएको कानुन कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रिमण्डलका अर्का सदस्यलाई सुम्पिन्न सक्नेछन् वा कानुनद्वारा अन्य मन्त्रिमण्डलका सदस्यलाई दिएको अधिकार र काम कुनै अर्को सदस्यलाई हस्तान्तरण गर्न सक्नेछन् ।

**९८ अस्थायी रूपमा कार्यभार तोक्ने**

१. राष्ट्रपतिले कुनै एक मन्त्रिमण्डलका सदस्यको अधिकार र कार्यभार ती सदस्य कार्यालयमा अनुपस्थित रहेको अवधिसम्म वा त्यो अधिकारको प्रयोग गर्न र आफ्नो काम गर्न नसकेको अवस्थामा मन्त्रिमण्डलका अन्य सदस्यलाई तोक्न सक्नेछन् ।

**९९ काम तोक्ने**

१. मन्त्रिमण्डलका सदस्यले संसदद्वारा निर्मित कानुनअनुसार प्रयोग गरिने कुनै अधिकार वा गर्नुपर्ने कुनै काम प्रान्तीय कार्यकारी परिषद् वा नगरपरिषद्को सदस्यलाई दिनसक्नेछन् । तोकिएको काम देहायबमोजिम हुनुपर्नेछः–

क. सम्बन्धित मन्त्रिमण्डलको सदस्य र कार्यकारी परिषद् वा नगरपरिषद्को सदस्यबीच भएको सम्झौताअनुसार हुनुपर्नेछ;

ख. सम्बन्धित अधिकारको प्रयोग र कार्यसम्पादनका लागि संसदले निर्माण गरेको कानुनअनुसार मेल खाने हुनुपर्नेछ; र

ग. राष्ट्रपतिले जारी गरेपछि लागू हुनेछ ।

**१०० प्रान्तीय प्रशासनमा राष्ट्रिय हस्तक्षेप**

१. संविधान वा कानुनअनुसार जब कुनै प्रान्तले कार्यकारी काम पूरा गर्न सक्दैन वा गर्दैन त्यस्तो अवस्थामा केन्द्रीय कार्यापालिकाले त्यो काम सम्पन्न गराउनका लागि उपयुक्त कदम चाल्न सक्नेछ । त्यसमा देहायका काम पनि पर्दछन् ।

क. के कति काम हुनसकेन र काम पूरा गर्नलाई चाल्नुपर्ने आवश्यक कदमका बारेमा विस्तृत रूपमा उल्लेख गर्दै प्रान्तीय कार्यपालिकालाई निर्देशन दिने;

ख. आवश्यक हदसम्म सम्बन्धित प्रान्तको उपयुक्त जिम्मेवारीप्रति देहायका उद्देश्यका लागि उत्तरदायित्व बहन गर्नेः–

i) सेवा प्रदान गर्नका लागि चाहिने आवश्यक राष्ट्रिय मापदण्ड वा स्थापित न्यूनतम मापदण्ड कायम गर्ने; र

ii) आर्थिक एकता कायम गर्न;

iii) राष्ट्रिय सुरक्षा कायम गर्न; वा

iv) अर्को प्रान्त वा पूरै देशको हितविपरीत कुनै अनुपयुक्त काम गर्नबाट कुनै एक प्रान्तलाई रोकथाम गर्न ।

(उपखण्ड(एस (१) सन् २००३ को ऐन ३ एस २ (ख)द्वारा प्रतिस्थापित)

२. उपखण्ड १ (ख) अनुसार यदि राष्ट्रिय कार्यपालिकाले कुनै प्रान्तमा हस्तक्षेप गरेमाः–

क. उसले हस्तक्षेप गरेको १४ दिनभित्रमा हस्तक्षेपको गरेको बारेमा राष्ट्रिय प्रान्तीय परिषद्लाई लिखित सूचना दिनुपर्नेछ;

ख. यदि परिषद्ले अस्वीकार गरेमा हस्तक्षेप गरेको १८० दिनभित्र उक्त हस्तक्षेपको अन्त्य गर्नुपर्नेछ वा हस्तक्षेप स्वीकार नभए त्यस अवधिको समाप्ति पछि हस्तक्षेपको अन्त्य भएको मानिनेछ ; र

ग. हस्तक्षेप जारी रहेको अवधिमा परिषद्ले नियमित रूपमा हस्तक्षेपको समीक्षा गर्नुपर्ने छ र राष्ट्रिय कार्यपालिकालाई उपयुक्त सुझाव दिनुपर्नेछ ।

(उपखण्ड(एस (२) सन् २००३ को ऐन सङ्ख्या ३ को एस (२) (ग) द्वारा प्रतिस्थापित भएको)

३. यस खण्डद्वारा स्थापित प्रक्रियालाई राष्ट्रिय कानुनद्वारा नियमन गर्न सकिने ।

(खण्ड १०० सन् २००३ को ऐन ३ को एस (२) (क) द्वारा संशोधित)

**१०१. कार्यकारी निर्णय**

१. राष्ट्रपतिको निर्णय लिखित रूपमा हुनुपर्छ । यदिः–

क. निर्णय कानुनको हैसियतमा लिइएको हो भने; वा

ख. त्यसको कानुनी परिणाम हुने भएमा ।

२. यदि राष्ट्रपतिको निर्णय मन्त्रिमण्डलको अर्को सदस्यलाई कार्यभार थप गरेकोसम्बन्धी हो भने राष्ट्रपतिको त्यस्तो लिखित निर्णयमा कार्यभार सम्हाल्ने सदस्यले पनि हस्ताक्षर गर्नुपर्नेछ ।

३. घोषणा, विधेयक र सहायक विधेयकका अन्य दस्तावेजमा सर्वसाधारणको पहुँच हुनुपर्दछ ।

४ राष्ट्रिय कानुनले उपखण्ड (३)मा उल्लिखित दस्तावेजलाई देहायअनुसार गर्ने तरिका र हद तोक्नसक्नेछ ।

क. संसदमा पेस गर्ने; र

ख. संसदले स्वीकृत गर्ने ।

**१०२ अविश्वासको प्रस्तावः**

१. यदि राष्ट्रियसभाले राष्ट्रपतिबाहेक मन्त्रिमण्डलप्रति विश्वास नभएको प्रस्ताव सभाका बहुमत सदस्यको सहमतिसहित पारित गरेमा राष्ट्रपतिले मन्त्रिमण्डल पुनर्गठन गर्नुपर्नेछ ।

२. यदि राष्ट्रियसभाले राष्ट्रपतिप्रति अविश्वासको प्रस्ताव सभाका बहुमत सदस्यको सहमतिसहित पारित गरेमा राष्ट्रिपति, मन्त्रिमण्डलका अन्य सदस्य र उपमन्त्री सबैले राजीनामा दिनुपर्नेछ ।

- अनुसूची ६ को परिशिष्ट ‘ख’ मा व्यवस्था गरिएअनुसार ३० अप्रिल, १९९९ सम्मका लागि उपखण्ड(एस (३) एस ८४ मा समाहित भएको मानिनेछ । अनुसूची ६ को बुँदा ९ (२) हेर्नुहोस् ।
- ३० अप्रिल, १९९९ सम्मका लाीग अनुसूची ६ को परिशिष्ट (ख) मा व्यवस्था भएअनुसार उपखण्ड(एस (३) एच ८९ मा समाहित भएको मानिनेछ । अनुसूची ६ को बुँदा ९ (२) हेर्नुहोस् ।
- ३० अप्रिल, १९९९ सम्मका लागि एस( ९० (१) (क) अनुसूची ६ को परिशिष्ट ‘ख’ अनुसार लिइनुपर्नेछ । अनुसूची ६ को बुँदा ९ (२) हेर्नुहोस् ।
- ३० अप्रिल ३०, १९९९ सम्मका लागि एस(९१ लाई अनुसूची ६ को परिशिष्ट (ख) अनुसार पढ्नुपर्नेछ । अनुसूची ६ को बुँदा ९ (२) हेर्नुहोस् ।
- ३० अप्रिल, १९९९ सम्मका लागि एस ९३ लाई अनुसूची ६ को परिशिष्ट (ख) अनुसार अध्ययन/व्याख्या गर्नुपर्नेछ । अनुसूची ६ को बुँदा ९ (२) हेर्नुहोस् ।
- ३० अप्रिल १९९९ सम्मका लागि अनुसूची ६ को परिशिष्ट (ख) अनुसार उपखण्ड(एसएस (३) (६) एस ९६ मा समावेश भएको मानिनेछ । अनुसूची ६ को बुँदा ९ (२) हेर्नुहोस् ।

**भाग ६ः प्रान्तहरू**

१. गणतन्त्र दक्षिण अफ्रिकामा देहायका प्रान्तहरू हुनेछन्ः

क. इस्टर्न केप (पूर्वी केप)

ख. फ्रि–स्टेट (स्वतन्त्र राज्य)

ग. गौटेङ्ग

घ. कवाजुलु नाटाल

ङ. लिम्पोपो

च. मपुमालाङ्गा

छ. नर्दन केप (उत्तरी केप)

ज. नर्थ वेस्ट (उत्तर पश्चिम)

झ. वेस्टर्न केप (पश्चिमी केप)

२. प्रत्येक प्रान्तको भौगोलिक क्षेत्रले अनुसूची १ ‘क’ मा सम्मिलित सूचनामा दिइएका, विभिन्न नक्शामा दर्शाइएका र इङ्गित भौगोलिक क्षेत्रलाई समष्टिगतरुपमा समाहित गर्नेछ ।

(क) जब संविधानमा संशोधन गरेर कुनै प्रान्तको भौगोलिक क्षेत्रलाई पुनः निर्धारण गरिन्छ पुनः निर्धारणस्वरुप हुने कानुनी, व्यावहारिक र अन्य परिणामलाई उपयुक्त समयभित्र नियमन गर्न संसदले बनाएको कानुनले व्यवस्था गर्नेछ ।

(ख) अनुच्छेद (क) मा परिकल्पना गरिएको संसदले निर्माण गर्ने कानुन संविधानमा यो संशोधन लागू हुनुपूर्व नै तर्जुमा गरी कार्यान्वयन गर्नसकिने छ । तर त्यो ऐन अनुसार कुनै पनि प्रान्तीय कार्य, सम्पत्ति, अधिकार, कर्तव्य, दायित्व वा ऋणभार संविधानको संशोधन लागू भएपछि मात्र हस्तान्तरण हुनेछ ।

(खण्ड १०३ सन् २००३ को ऐन ३ को एस ३ अनुसार संशोधित तथा संविधानको १२औं संशोधन ऐन, २००५ को एस १ द्वारा प्रतिस्थापित)

**प्रान्तीय विधायिका**

१. कुनै पनि प्रान्तको विधायिकी अधिकार त्यस प्रदेशको प्रान्तीय विधायिकामा निहित हुनेछ । प्रान्तीय विधायिकाको देहायका अधिकार हुनेछन्:

क. सम्बन्धित प्रान्तको संविधान पारित गर्ने वा विधायिकाले खण्ड १४२ र १४३ अनुसार पारित गरेको संविधानलाई संशोधन गर्ने;

ख. देहायका विषयमा सम्बन्धित प्रान्तको कानुन पारित गर्नसक्ने;

i) अनुसूची ४ मा उल्लिखित कार्यगत क्षेत्रभित्र पर्ने जुनसुकै विषय,

ii) अनुसूची ५ मा उल्लिखित कार्यगत क्षेत्रभित्र पर्ने जुनसुकै विषय;

iii) यी कार्यगत क्षेत्रभन्दा बाहिरको कुनै विषय र राष्ट्रिय कानुनद्वारा त्यस प्रान्तलाई स्पष्ट रुपले विशेष गरी तोकिएको विषय;

iv) संविधानको प्रावधानअनुसार परिकल्पना गरिएको प्रान्तीय कानुनसम्बन्धी कुनै विषय; र

v) सम्बन्धित प्रान्तमा यसका कुनै विधायिकी अधिकारलाई नगरपरिषद्मा तोक्ने विषय ।

२. कुनै एक प्रान्तको विधायिकाले यसका कम्तीमा पनि दुईतिहाइ विधायकहरूको समर्थन मतद्वारा पारित गरिएको प्रस्तावद्वारा संसदलाई त्यो प्रान्तको नाम फेर्न अनुरोध गर्न सक्नेछ ।

३. प्रान्तीय विधायिका संविधानबाट मात्र बाँधिएको छ र यदि त्यसले आफ्नो प्रान्तका लागि संविधान पारित गरेको छ भने सो संविधानबाट पनि बाँधिएको हुन्छ । त्यसैले प्रान्तीय विधायिकाले संविधान र सो प्रान्तको संविधानअनुरूप र त्यसको परिधिभित्र रही कार्य गर्नुपर्नेछ ।

४. अनुसूची ४ मा उल्लेख गरिएको कुनै विषयसँग सम्बन्धित अधिकारको प्रभावकारी प्रयोगका लागि यथोचितरूपमा आवश्यक र प्रासङ्गिक विषयको प्रान्तीय कानुन सबै प्रयोजनका लागि अनुसूची ४ मा उल्लेख गरिएको विषयअनुसारको कानुन हुनेछ ।

५. प्रान्तीय व्यवस्थापिकाले राष्ट्रियसभालाई आफ्नो अधिकारभन्दा बाहिरको कुनै विषय वा प्रान्तीय संविधानभन्दा संसदीय कानुन हावी हुने विषयसँग सम्बन्धित कुरामा कानुन बनाउन सुझाव दिनसक्नेछ ।

**१०५. प्रान्तीय विधायिकाको बनोट र निर्वाचन**

१. अनुसूची ६ को अधीनमा रहने गरी प्रान्तीय विधायिका देहायको निर्वाचन पद्धतिअनुसार निर्वाचित महिला तथा पुरुषहरू रहेको निकाय हुनेछः–

क. राष्ट्रिय कानुनद्वारा निर्दिष्ट गरिएको निर्वाचन पद्धति;

ख. राष्ट्रिय साझा मतदाता नामावलीको सम्बन्धित प्रान्तको अंशमा आधारित;

ग. मतदाताको न्यूनतम उमेर १८ वर्ष प्रावधान भएको; र

घ. सामान्यतया समानुपातिक प्रतिनिधित्वको परिणाम दिने ।

(उपखण्ड(एस (१) सन् २००३ को ऐन २ को एस ३ द्वारा संशोधित)

२. प्रान्तीय विधायिकामा ३० देखि ८० जनासम्म सदस्यहरू हुन्छन् सदस्यहरूको सङ्ख्या राष्ट्रिय कानुनद्वारा निर्दिष्ट सूत्रअनुसार निर्धारण गरिनेछ । प्रान्तपिच्छे सदस्यहरूको सङ्ख्या फरकफरक हुनेछ ।

**१०६. सदस्यता**

१. राष्ट्रियसभाका लागि मतदान गर्न योग्यता पुगेका प्रत्येक नागरिक देहायको अवस्थाबाहेक प्रान्तीय विधायिकाको सदस्य हुने योग्यता राख्नेछन् ।

क. राज्यद्वारा नियुक्त वा निजामति (राज्यको) सेवामा बहाल व्यक्ति जसले उक्त नियुक्ति वा सेवाबापत तलब वा पारिश्रमिक पाउँछन् ।

यसमा देहायका व्यक्ति पर्दैनन्:–

i) सम्बन्धित प्रान्तका मुख्यमन्त्री, कार्यकारिणी परिषद्का अन्य सदस्यहरू; र

ii) अन्य पदाधिकारीहरू जसको काम प्रान्तीय विधायिकाको सदस्यसँग समान छ र राष्ट्रिय कानुनद्वारा ती कामहरू एकै प्रकृतिका छन् भनेर घोषणा गरिएको छ ।

ख. राष्ट्रियसभाका सदस्यहरू, राष्ट्रिय प्रान्तीय परिषद्का स्थायी सदस्य वा नगरपरिषद्का सदस्यहरू;

ग. पुनस्थापना नभएका टाटपल्टेका व्यक्तिहरू;

घ. गणतन्त्रको अदालतले मानसिक सन्तुलन गुमेको भनी प्रमाणित गरेको कुनै व्यक्ति; वा

ङ. यो खण्ड लागू भइसकेपछि कुनै अपराधका लागि दोषी प्रमाणित भई गणतन्त्रभित्र वा यदि त्यो आचरण गणतन्त्रभित्र अपराध नै मानिने भएमा विदेशमा समेत जरिवानाको विकल्पबिना १२ महिनाभन्दा बढी कारावास सजाय पाएको व्यक्ति ।

(तर अभियोग वा सजायविरुद्धको निवेदनउपर निर्णय नहुन्जेलसम्म वा अभियोगविरुद्ध अपिल (निवेदन) गर्ने म्याद नगुज्रिएसम्म कुनै पनि व्यक्तिलाई दण्डित भएको मानिने छैन । यो अनुच्छेदअनुसारको अयोग्यता सजाय भुक्तान भएको पाँच वर्षपछि समाप्त हुनेछ ।

२. उपखण्ड १ (क) र (ख) अनुसार प्रान्तीय विधायिकाको सदस्य हुने योग्यता नपुगेको व्यक्ति राष्ट्रिय कानुनले स्थापना गरेका हद र सीमाको अधीनमा रहने गरी व्यवस्थापिकाको सदस्य हुनसक्ने छन् ।

३.. कुनै व्यक्ति देहायको अवस्थामा प्रान्तीय विधायिकाको सदस्य रहने छैनन् ।

क. यदि त्यो व्यक्ति अयोग्य भएमा;

ख. व्यवस्थापिकाको नियमावली र आदेशअनुसार सदस्यता नरहने भन्ने अवस्थासम्म यदि कुनै व्यक्ति विनाअनुमति व्यवस्थापिकामा अनुपस्थित रहेमा; वा

ग. अनुसूची ६ 'क' अनुसार अर्को दलको सदस्य नभइन्जेलसम्म व्यवस्थापिका सदस्यमा मनोनित गर्ने दलको सदस्य नरहेमा ।

४. प्रान्तीय विधायिकाका रिक्त पदहरू राष्ट्रिय कानुनअनुसार परिपूर्ति गर्नुपर्नेछ ।

(विधायिकाको दोस्रो निर्वाचनसम्मका लागि उपखण्ड(एस ४ निलम्बित । अनुसूची ६ को बुँदा ११ (२) हेर्नुहोस्)

**१०७. शपथ वा प्रतिज्ञाः**

१. प्रान्तीय विधायिकाका सदस्यहरूले विधायिकामा आफ्नो काम सुरु गर्नुभन्दा पहिले अनुसूची २ अनुसार गणतन्त्रप्रति निष्ठा र संविधानको पालना गर्ने शपथ वा प्रतिज्ञा गर्नुपर्नेछ ।

**१०८. प्रान्तीय विधायिकाको अवधि**

१. प्रान्तीय विधायिका पाँच वर्षको कार्यकालका लागि निर्वाचित गरिएको हुन्छ ।

२. यदि खण्ड १०९ अनुसार प्रान्तीय विधायिका भङ्ग भएमा वा यसको कार्य(अवधि समाप्त भएमा सम्बन्धित प्रान्तको मुख्यमन्त्रीले घोषणाद्वारा निर्वाचनको आह्वान गर्नुपर्नेछ र त्यसका लागि मिति तोक्नुपर्नेछ । त्यस्तो निर्वाचन विधायिका भङ्ग भएको वा त्यसको कार्यकाल समाप्त भएको ९० दिनभित्र सम्पन्न भइसक्नुपर्नेछ ।

३. निर्वाचन आह्वान गर्ने र त्यसको मिति तोक्नेसम्बन्धी घोषणा प्रान्तीय विधायिकाको कार्यकाल समाप्त हुनुभन्दा अघि वा पछि गर्न सकिनेछ ।

(उपखण्ड(एस (२) सन् १९९९ को ऐन ३ को एस १ द्वारा प्रतिस्थापित भएको)

४. यदि प्रान्तीय विधायिकाको निर्वाचन परिणाम खण्ड १०९ मा उल्लेख गरेअनुसार घोषणा नभएमा वा यदि अदालतले निर्वाचन सारेमा राष्ट्रपतिले घोषणाद्वारा अर्को निर्वाचनका लागि आह्वान गर्नेछन् र मिति तोक्नेछन् । यो निर्वाचन सो अवधि गुज्रेको वा निर्वाचन सारिएको अवधिको म्याद समाप्त भएको ९० दिनभित्र गरिसक्नुपर्नेछ ।

५. प्रान्तीय विधायिका भङ्ग भएको समयबाट वा यसको अवधि समाप्त भएको अवस्थादेखि अर्को विधायिकाको निर्वाचनको अघिल्लो दिनसम्म कामकारबाही गर्न योग्य हुनेछ ।

**१०९. कार्यकाल समाप्त हुनअगावै प्रान्तीय विधायिका भङ्ग हुने अवस्थाः–**

१. प्रान्तको मुख्यमन्त्रीले प्रान्तीय विधायिकालाई देहायको अवस्थामा भङ्ग गर्नेछन्:

क. यदि प्रान्तीय विधायिकाले यसका बहुमत सदस्यको सहमतिमा विधायिकालाई भङ्ग गर्ने प्रस्ताव पारित गरेमा

ख. विधायिका निर्वाचित भएको तीन वर्षको अवधि पूरा भएमा ।

२. कार्यवाहक मुख्यमन्त्रीले देहायको अवस्थामा प्रान्तीय विधायिका विघटन गर्नसक्नेछन्:–

क. यदि मुख्यमन्त्रीको पद रिक्त हुन आएमा; र

ख. यदि विधायिकाले पद रिक्त भएको ३० दिनभित्रमा नयाँ मुख्यमन्त्री निर्वाचित गर्न असमर्थ भएमा ।

**११०. अधिवेशन र विधायिकाको बैठक नबसेको अवधिः**

१. निर्वाचन भइसकेपछि प्रान्तीय विधायिकाको पहिलो बैठक प्रधानन्यायाधीशले तोकेका न्यायाधीशले निर्धारण गरेको मिति र समयमा बस्नुपर्नेछ । तर त्यो बैठक निर्वाचनको परिणाम घोषणा आएको १४ दिनभन्दा बढी हुनुहुँदैन । प्रान्तीय विधायिकाले आफ्ना अरू बैठकको मिति र समय आफैँ निर्धारण गर्नेछ ।

(उपखण्ड(एस (१) सन् २००१ को ऐन ३४ को बुँदा एस ८द्वारा प्रतिस्थापित)

२. प्रान्तका मुख्यमन्त्रीले विशेष कार्यका लागि कुनै पनि समयमा प्रान्तीय विधायिकाको विशेष बैठक आह्वान गर्न सक्नेछन् ।

३. प्रान्तीय विधायिकाले साधारणतया आफ्नो बैठक कहाँ बस्ने भन्ने कुराको निर्क्योल गर्नेछ ।

**१११. सभामुख र उपसभामुख**

१. निर्वाचन भइसकेपछिको प्रथम बैठकमा वा रिक्त स्थानमा पदपूर्ति गर्नुपर्ने भएमा प्रान्तीय विधायिकाले आफ्नो सदस्यहरूमध्येबाट सभामुख र उपसभामुख निर्वाचित गर्नेछ ।

२. प्रधानन्यायाधीशले तोकेका न्यायाधीशले सभामुखको निर्वाचनको सभापतित्व गर्नेछन् । उपसभामुखको निर्वाचनको सभापतित्व सभामुखले गर्नेछन् ।

(उपखण्ड(एस (२) सन् २००१ को ऐन ३४ को एस ९ बाट प्रतिस्थापित)

३. अनुसूची ३ को भाग 'क' मा उल्लिखित प्रक्रिया सभामुख र उपसभामुखको निर्वाचनका हकमा लागू हुनेछ ।

४. प्रान्तीय विधायिकाले प्रस्तावद्वारा सभामुख र उपसभामुखलाई पदबाट हटाउन सक्नेछ । प्रस्ताव पारित हुँदाका बखत प्रान्तीय विधायिकाका बहुमत सदस्य उपस्थित हुनुपर्नेछ ।

५. प्रान्तीय विधायिकाले यसको नियम र आदेशबमोजिम सभामुख र उपसभामुखलाई सहयोग पुऱ्याउन आफ्नो सदस्यहरूमध्येबाट अन्य अध्यक्षता गर्ने पदाधिकारी निर्वाचित गर्नसक्नेछ ।

## ११२. निर्णय

१. संविधानमा अन्य व्यवस्था भएबाहेकः–

क. विधेयक वा विधेयकको संशोधनमाथि मतदान हुँदा प्रान्तीय विधायिकाका बहुसङ्ख्यक सदस्य उपस्थित हुनुपर्दछ;

ख. विधायिकाको सामु रहेको कुनै पनि सवालमाथि मतदान हुनुभन्दा अघि कम्तीमा पनि विधायिकाका एकतिहाइ सदस्य उपस्थित हुनुपर्छ; र

ग. प्रान्तीय विधायिकामा रहेका सबै सवालहरू बहुमतको आधारमा निर्णय गरिनेछन् ।

२. प्रान्तीय विधायिकाको अध्यक्षता गरिरहेका सदस्यलाई छलफलमा भाग लिन नपाउने प्रावधान छ । तरः–

क. कुनै विषयको पक्ष र विपक्षमा बराबर मत परेमा उनले निर्णायक मत दिन पाउनेछन्; र

ख. यदि कुनै विषयमाथि निर्णय लिन कम्तीमा पनि दुईतिहाइ मतको आवश्यकता भएको खण्डमा अध्यक्षता गरिरहेका सदस्यले त्यस विषयमाथिको छलफलमा भाग लिन पाउने छन् ।

## ११३. प्रान्तीय विधायिकामा स्थायी प्रतिनिधिमण्डलको अधिकार

१. कुनै पनि प्रान्तका राष्ट्रिय प्रान्तीय परिषद्का स्थायी प्रतिनिधिले प्रान्तीय विधायिका र यसका समितिहरूमा उपस्थित भई आफ्ना धारणा राख्न पाउँछन् । तर उनले मत दिन पाउने छैनन् । विधायिकाले स्थायी प्रतिनिधिलाई विधायिका र समितिमा उपस्थित हुन लगाउन सक्नेछ ।

## ११४. प्रान्तीय विधायिकाको अधिकार

१. आफ्नो कानुन बनाउने अधिकारको प्रयोग गर्दा प्रान्तीय विधायिकालेः–

क. विधायिकामा रहेको कुनै पनि विधेयकमाथि विचार गर्न, पारित गर्न, संशोधन गर्न र अस्वीकार गर्न सक्नेछ; र

ख. अर्थ विधेयकबाहेक अन्य विषयमा कानुन बनाउने प्रक्रियाको सुरुआत गर्ने वा कानुन तयार गर्न सक्नेछ ।

२. प्रान्तीय विधायिकाले देहायका कामका लागि संयन्त्रको व्यवस्था गर्नुपर्नेछः–

क. राज्यका सबै प्रान्तीय कार्यकारी अङ्ग उसप्रति जवाफदेही भएको प्रत्याभूति गर्ने; र

ख. देहायका विषयमा निगरानी राख्ने ।

(i) प्रान्तमा कानुन कार्यान्वयन प्रान्तीय कार्यकारी अधिकारको प्रयोग; र

(ii) राज्यको कुनै पनि प्रान्तीय निकाय ।

**११५. प्रान्तीय विधायिकासामु प्रमाण र जानकारी**

१. प्रान्तीय विधायिका वा यसको कुनै पनि समितिलेः–

क. कुनै पनि व्यक्तिलाई शपथमा प्रमाण प्रस्तुत गर्न वा कागजपत्र/दस्तावेज प्रस्तुत गर्न बोलाउन सक्नेछ;

ख. कुनै पनि व्यक्ति वा प्रान्तीय संस्थालाई प्रान्तीय विधायिकालाई जानकारी दिन लगाउन सक्नेछ;

ग. अनुच्छेद (क) वा (ख) अनुसार प्रान्तीय कानुन, नियम वा आदेशबमोजिम कुनै पनि व्यक्ति वा संस्थालाई विधायिकाले गरेको बोलावट पालना गर्न बाध्य पार्न सक्नेछ; र

घ. कुनै पनि इच्छुक व्यक्ति वा संस्थासँग निवेदन, प्रतिनिधित्व र अपिल गर्नसक्नेछ ।

**११६. प्रान्तीय विधायिकाको आन्तरिक व्यवस्था र प्रक्रिया**

१. प्रान्तीय विधायिकाले(

क. आफ्नो आन्तरिक व्यवस्था, प्रक्रिया र कार्याव्यवस्थाको निर्क्योल; र

ख. प्रतिनिधित्वमूलक र सहभागीमूलक प्रजातन्त्र, जवाफदेहिता, पारदर्शिता र जनसहभागितालाई उचित कदर गर्दै आफ्नो कार्य व्यवस्थाको बारेमा नियम तर्जुमा गर्नसक्नेछ ।

२. प्रान्तीय विधायिकाको नियम र निर्देशले देहायको प्रावधान राख्नुपर्नेछः–

क. प्रान्तीय व्यवस्थापिकाका समितिहरूको स्थापना, गठन, काम, कार्य प्रक्रिया र अवधि

ख. विधायिकामा र यसका समितिका काम कारबाहीमा प्रतिनिधित्व गर्ने साना दलहरूको प्रजातान्त्रिक प्रक्रियाअनुरूप सहभागिता;

ग. विधायिकामा प्रतिनिधित्व गर्ने राजनीतिक दल र त्यसका नेताले विधायिकामा आफ्नो काम प्रभावकारी तवरले गर्न सकुन् भन्नका लागि सो दलको विधायिकामा रहेको प्रतिनिधित्वको अनुपातमा आर्थिक र प्रशासनिक सहयोग; र

घ. विधायिकामा सबैभन्दा ठूलो विपक्षी दलका नेतालाई विपक्षी दलका नेताको रूपमा मान्यता प्रदान गर्ने ।

**११७. सुविधा**

१. प्रान्तीय विधायिकाका सदस्य र राष्ट्रिय प्रान्तीय परिषद्मा प्रान्तका स्थायी प्रतिनिधिलाईः–

क. विधायिकामा र त्यसका समितिहरूमा विधायिकाको नियम र आदेशको अधीनमा रही वाक् स्वतन्त्रता हुनेछ; र

ख. विधायिका र यसका कुनै पनि समिति समक्ष भनेको, प्रस्तुत गरेको वा बुझाएको कुरालाई लिएर देवानी वा फौजदारी मुद्दा लगाउन, पक्राउ गर्न, कारावासको सजाय दिन वा क्षतिपूर्ति तिर्न लगाउन पाइने छैन, वा

ग. उनीहरूले विधायिका र यसका कुनै पनि समितिसमक्ष भनेको, बयान दिएको, प्रस्तुत गरेको वा बुझाएको कुराले रहस्यको खुलासा हुन गएमा पनि त्यस कुरालाई लिएर उनीहरूमाथि देवानी वा फौजदारी मुद्दा लगाउन, पक्राउ गर्न, कारावास सजाय दिन वा क्षतिपूर्ति तिर्न लगाउन पाइनेछैन ।

२. प्रान्तीय विधायिका र यसका सदस्यहरूको अन्य सुविधा र छुट राष्ट्रिय कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन् ।

३. प्रान्तीय विधायिकाका सदस्यहरूलाई प्रदान गरिने तलब भत्ता र सुविधाहरू प्रान्तीय राजस्व कोषमा प्रत्यक्ष खर्चको रूपमा जनाइनेछ ।

**११८. प्रान्तीय विधायिकामा सर्वसाधारणको पहुँच र सहभागिता**

१. प्रान्तीय विधायिकाले:

क. विधायिकामा एवम् विधायिका र यसका समितिका काम कारबाहीका अन्य प्रक्रियाहरूमा सर्वसाधारण नागरिकको सहभागिताको सहजीकरण गर्नुपर्दछ; र

ख. आफ्नो काम खुलारूपले गर्नुपर्दछ एवम् आफ्नो र त्यसका समितिहरूको बैठक सार्वजनिक स्थानमा सञ्चालन गर्नुपर्नेछ । तर यसका लागि देहायको उपयुक्त उपाय अवलम्बन गर्न सकिनेछ ।

(i) विधायिका र त्यसका समितिमा सञ्चारमाध्यमलगायत सर्वसाधारणको पहुँचलाई नियन्त्रण गर्न; र

ii कुनै पनि व्यक्तिलाई खानतलास गर्न, वा उपयुक्त भएमा कुनै पनि व्यक्तिलाई प्रवेश गर्नबाट रोक्न वा निकाल्न ।

२. प्रान्तीय विधायिकाले उसको कुनै समितिको बैठकमा सञ्चारमाध्यमलागयत सर्वसाधारणलाई प्रजातान्त्रिक र खुला सामाजमा र यथोचित ठानिएको कुनै बन्देजको अवस्थामा बाहेक रोकतोक लगाउने छैन ।

**११९. विधेयकको प्रस्तुतीकरण**

१. कुनै पनि प्रान्तको कार्यकारी परिषद्का वा समितिका सदस्यले वा प्रान्तीय विधायिका वा सदस्यले मात्र विधायिकामा विधेयक प्रस्तुत गर्नसक्ने छन् । तर त्यो प्रान्तको कार्यकारी परिषद्का आर्थिक विषय हेर्ने सदस्यले मात्र विधायिकामा आर्थिक विधेयक प्रस्तुत गर्नेछन् ।

**१२०. अर्थ विधेयक**

१. कुनै पनि विधेयक देहायको अवस्थामा अर्थ विधेयक हुनेछ(

क. यदि त्यो पैसाको विनियोजनसँग सम्बन्धित भएमा;

ख. यदि त्यो प्रान्तीय कर, शुल्क र महसुल लगाउने कामसँग सम्बन्धित भएमा; र

ग. कुनै पनि प्रान्तीय कर, शुल्क र महसुल घटाउने, हटाउने वा मिनाहा गर्ने कामसित सम्बन्धित भएमा, वा

घ. प्रान्तीय राजस्व कोषमाथि प्रत्यक्ष व्ययभार हुने विषयसित सम्बन्धित भएमा ।

२. देहायका विषयबाहेक अर्थ विधेयक अन्य विषयसँग सम्बन्धित हुनेछैनः–

क. रकम विनियोजनसित सम्बन्धित कुनै परिपूरक विषय;

ख. प्रान्तीय कर, महसुल र शुल्क लगाउने, हटाउने वा कम गर्ने विषयसँग सम्बन्धित;

ग. प्रान्तीय कर, महसुल र शुल्कको मिनाहा गर्ने विषयसँग सम्बन्धित; वा

घ. प्रान्तीय राजस्व कोषमा प्रत्यक्ष खर्च जनाउने गरी अधिकार प्रत्यायोजन गर्ने विषयसँग सम्बन्धित ।

३. प्रान्तीय ऐनले कुनै प्रान्तको विधायिकाले आर्थिक विधेयकमाथि संशोधन गर्ने प्रक्रियाको बारेमा प्रावधानको व्यवस्था गर्नुपर्नेछ ।

(खण्ड १२० सन् २००१ को ऐन ६१ को खण्ड एस ३ द्वारा प्रतिस्थापित)

**१२१. विधेयक स्वीकृत गर्ने**

१. यो भागमा उल्लेख गरिएअनुसार कुनै प्रान्तका मुख्यमन्त्रीले कि त प्रान्तीय विधायिकाले पारित गरेको विधेयकलाई स्वीकृति प्रदान गर्नुपर्छ कि त विधेयकको संवैधानिकतामा शङ्का लागेमा त्यसलाई पुनर्विचार गर्नका लागि विधायिकामा पठाउनुपर्नेछ ।

२. पुनर्विचार भइसकेपछि यदि विधेयकले मुख्यमन्त्रीको असहमतिलाई पूर्णरूपले निवारण गरेमा मुख्यमन्त्रीले विधेयकलाई स्वीकृति प्रदान गरेर हस्ताक्षर गर्नेछन् । यसो नगरेको खण्डमाः–

क. मुख्यमन्त्रीले स्वीकृति प्रदान गरेर हस्ताक्षर गर्नेछन्; वा

ख. विधेयकको वैधानिकता बारेमा फैसलाका लागि त्यसलाई संवैधानिक अदालतमा पठाउन सक्नेछन् ।

३. यदि संवैधानिक अदालतले विधेयक संवैधानिक छ भन्ने निर्णय गरेमा मुख्यमन्त्रीले त्यसलाई स्वीकृति प्रदान गरी हस्ताक्षर गर्नुपर्नेछ ।

**१२२. सदस्यहरूद्वारा संवैधानिक अदालतसमक्ष निवेदन दिने**

१. प्रान्तीय विधायिकाका सदस्यहरूले प्रान्तको कुनै पनि ऐन पूर्ण रूपमा वा आंशिकरूपमा असंवैधानिक छ भन्ने घोषणाको निर्णयका लागि संवैधानिक अदालतमा निवेदन दिनसक्नेछन् ।

२. निवेदनः–

क. विधायिकाका कम्तीमा २० प्रतिशत सदस्यहरूद्वारा समर्थन गरिएको हुनुपर्नेछ; र

ख. मुख्यमन्त्रीले स्वीकृति प्रदान गरेर हस्ताक्षर गरेको ३० दिनभित्रमा दिइएको हुनुपर्नेछ ।

३. संवैधानिक अदालतले उपखण्ड (१) बमोजिम निवेदनको विषय भएको ऐन पूर्ण वा आंशिकरूपले अमान्य छ भन्ने आदेश दिनसक्नेछ । यदि अदालतले निवेदनमाथि देहायका अवस्थामा फैसला गरेमाः–

क. न्यायको हितका लागि आवश्यक भएको खण्डमा; र

ख. निवेदन यथोचित रूपमा सफल हुने सम्भावना रहेमा ।

४. यदि निवेदन असफल भएमा वा सफल हुने यथोचित सम्भावना नरहेमा संवैधानिक अदालतले निवेदकलाई त्यसको व्ययभार वहन गर्न आदेश दिनसक्नेछ ।

**१२३. प्रान्तीय ऐनको प्रकाशन**

१. कुनै प्रान्तका मुख्यमन्त्रीले स्वीकृति प्रदान गरेर हस्ताक्षर गरेको विधेयक प्रान्तीय ऐन हुनेछ । यसलाई तुरुन्त प्रकाशन गर्नुपर्नेछ र प्रकाशन भएको मितिदेखि वा ऐनमा तोकिएको मितिबाट लागू हुनेछ ।

**१२४. प्रान्तीय ऐनको संरक्षण**

१. हस्ताक्षर गरिएको प्रान्तीय ऐनको प्रति नै त्यो ऐनमा भएका प्रावधानको निश्चित प्रमाण हो र प्रकाशनपछि त्यसको सुरक्षा र सम्भार गर्ने जिम्मा संवैधानिक अदालतलाई सुम्पिनुपर्छ ।

**प्रान्तीय कार्यकारी अधिकारीहरूः**

**१२५. प्रान्तका कार्यकारी अधिकारः–**

१. कुनै पनि प्रान्तको कार्यकारी अधिकार त्यो प्रान्तका मुख्यमन्त्रीमा निहीत हुनेछ ।

२. कार्यकारी परिषद्का अन्य सदस्यसहित मुख्यमन्त्रीले देहायबमोजिम कार्यकारी अधिकारको प्रयोग गर्दछन्ः

क. प्रान्तमा प्रान्तीय कानुन लागू गर्ने;

ख. संविधान र संसदको ऐनमा अन्य व्यवस्था भएबाहेक अनुसूची ४ र ५ मा उल्लेख भएको कार्यगत क्षेत्रभित्र रहेर सबै राष्ट्रिय कानुन लागू गर्ने;

ग. संसदले बनाएको ऐन अनुसार प्रान्तीय कार्यकारीले कार्यान्वयन गर्ने भनी तोकिएका अनुसूची ४ र ५ मा उल्लेख भएका कार्यगत क्षेत्रभन्दा बाहिरका सबै राष्ट्रिय कानुन लागू गर्ने;

घ. प्रान्तीय नीति तर्जुमा गर्ने र लागू गर्ने;

ङ. प्रान्तीय प्रशासन र यसका विभागहरूको काममा समन्वय कायम गर्ने;

च. प्रान्तीय ऐन(कानुनको तर्जुमा र कार्यान्वयन गर्ने; र

छ. संविधान र प्रान्तीय कानुनबमोजिम प्रान्तीय कार्यपालिकालाई तोकिएको अन्य कामहरू गर्ने ।

३. प्रभावकारीरूपमा जिम्मेवारीवहन गर्ने प्रशासनिक क्षमता भएको हदसम्म मात्र कुनै प्रान्तलाई उपखण्ड (२) (ख) अनुसारको कार्यकारी अधिकार हुनेछ । राष्ट्रिय सरकारले विधायिकी वा अन्य उपायद्वारा प्रान्तहरूलाई उपखण्ड (२) मा उल्लेख गरिएको उनीहरूको अधिकार र कार्यदक्षता प्रभावकारीरूपले अभ्यास गर्न चाहिने प्रशासनिक सामर्थ्य विकास गर्नका लागि सहयोग गर्नुपर्नेछ ।

४. कुनै कामसँग जोडिएको प्रान्तको प्रशासनिक सामर्थ्यसँग सम्बन्धित विवाद राष्ट्रिय प्रान्तीय परिषद्मा पेस गरिएको ३० दिनभित्र समाधान गर्नुपर्नेछ ।

५. खण्ड १०० को अधीनमा रहने गरी कुनै एक प्रान्तमा प्रान्तीय कानुनको कार्यान्वयन गर्ने त्यो प्रान्तको एकमात्र प्रान्तीय कार्यकारी अधिकार हो ।

६. प्रान्तीय कार्यपालिकाले देहायबमोजिम कार्य गर्नुपर्नेछ(

क. संविधान; र

ख. यदि कुनै प्रान्तका लागि प्रान्तीय संविधान पारित भएको खण्डमा सो प्रान्तको संविधान ।

**१२६. कामको विनियोजन**

१. कुनै एक प्रान्तको कार्यकारिणी परिषद्का सदस्यले संसदको ऐन वा प्रान्तको ऐनअनुसार प्रयोग गरिने अधिकार वा काम नगरपालिका परिषद्लाई जिम्मा दिन सक्नेछन् । त्यो कार्यभारः

क. सम्बन्धित कार्यकारी परिषद्को सदस्य र नगरपालिका परिषद्बीच भएको सम्झौता मुताविक हुनुपर्दछ;

ख. जुन ऐनको प्रावधानबमोजिम सम्बन्धित अधिकारको प्रयोग र काम सम्पन्न गरिएको छ त्यससँग मेलखाने हुनुपर्दछ; र

ग. मुख्यमन्त्रीले घोषणा गरेपछि लागू हुनेछ ।

**१२७. मुख्यमन्त्रीका काम, कर्तव्य र अधिकारः–**

१. कुनै एक प्रान्तका मुख्यमन्त्रीलाई संविधानले र कुनै कानुनले सो पदलाई प्रदान गरेको काम र अधिकार हुनेछन् ।

२. कुनै एक प्रान्तका मुख्यमन्त्री देहायका कुराप्रति जिम्मेवार हुनेछन् ।

क. विधेयक स्वीकृत गर्ने र लागू गर्ने;

ख. कुनै पनि विधेयकलाई त्यसको संवैधानिक हैसियतमाथि पुनर्विचार गर्नका लागि प्रान्तीय विधायिकामा फिर्ता पठाउने;

ग. विधेयकको वैधानिक हैसियतमाथि निर्णयका लागि विधेयकलाई संवैधानिक अदालतमा पठाउने;

घ. विशेष कामका लागि विधयिकाको विशेष बैठक आह्वान गर्ने;

ङ. छानबिन आयोगको गठन गर्ने; र

च. राष्ट्रिय कानुनबमोजिम जनमत सङ्ग्रहको आह्वान गर्ने ।

**१२८. मुख्यमन्त्रीको निर्वाचन :**

१. निर्वाचनपछिको प्रथम बैठकमा वा रिक्तस्थान पदपूर्ति गर्न आवश्यक परेको समयमा प्रान्तीय विधायिकाले आफ्ना सदस्यहरूमध्येबाट कुनै एक महिला वा पुरुषलाई प्रान्तको मुख्यमन्त्रीमा निर्वाचित गर्नसक्नेछ ।

२. प्रधानन्यायाधीशले तोकेका न्यायाधीशले मुख्यमन्त्रीको निर्वाचनमा अध्यक्षता गर्नेछन् ।

३. अनुसूची ३ को भाग 'क'मा निर्दिष्ट प्रक्रिया मुख्यमन्त्रीको निर्वाचनका लागि लागूहुनेछ ।

(उपखण्ड(एस(२) सन् २००१ को ऐन ३४ को एस १० द्वारा प्रतिस्थापित)

४. मुख्यमन्त्रीको रिक्त पद पूर्ति गर्ने निर्वाचन प्रधानन्यायाधीशले तोकेको समय र मितिमा सम्पन्न गर्नुपर्नेछ तर सो निर्वाचन पद रिक्त भएको ३० दिनभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

(उपखण्ड(एस (३) सन् २००१ को ऐन ३४ को खण्ड १०द्वारा प्रतिस्थापित)

**१२९. मुख्यमन्त्रीद्वारा पदभार ग्रहण**

१. नवनिर्वाचित मुख्यमन्त्रीले अनुसूची २ बमोजिम गणतन्त्रप्रति निष्ठा र संविधानको पालना गर्ने शपथ लिएर वा प्रतिज्ञा गरेर निर्वाचित भएको पाँच दिनभित्रमा पदभार ग्रहण गर्नुपर्नेछ ।

**१३०. पदावधि र मुख्यमन्त्रीको पदमुक्ति**

१. मुख्यमन्त्रीको पदावधि मुख्यमन्त्रीले पदभार ग्रहण गरेपछि सुरु हुन्छ र पद रिक्त हुन आएको अवस्थामा वा अर्को निर्वाचित मुख्यमन्त्रीले पदभार ग्रहण गरेपछि समाप्त हुन्छ ।

२. कुनै पनि व्यक्तिले दुई कार्याकालभन्दा बढी मुख्यमन्त्रीको पदभार सम्हाल्ने छैनन् । तर कुनै व्यक्ति रिक्त पदपूर्ति गर्नका लागि मुख्यमन्त्री निर्वाचित भएको खण्डमा उक्त निर्वाचन र मुख्यमन्त्रीको अर्को निर्वाचनको बीचको अवधिलाई एक कार्यकाल मानिने छैन ।

३. कुनै एक प्रान्तको विधायिकाले त्यसका जम्मा सदस्य सङ्ख्याको दुईतिहाइ सदस्यको समर्थनमा पारित प्रस्तावद्वारा संविधान वा

क. कानुनको गम्भीर उल्लङ्घन भएको आधारमा मात्र मुख्यमन्त्रीलाई पदबाट हटाउन सकनेछ;

ख. गम्भीर खराब आचारणको आधारमा ।

३. उपखण्ड (३) (क) वा (ख) बमोजिम मुख्यमन्त्रीको पदबाट हटाइएको जुनसुकै व्यक्तिले उक्त पदबापत प्राप्त हुने सुविधा पाउने छैनन् र सार्वजनिक पदमा रहेर काम गर्न पाउने छैनन् ।

**१३१. कार्यवाहक मुख्यमन्त्रीहरू**

१. मुख्यमन्त्री अनुपस्थित भएको बेलामा वा अन्यथा मुख्यमन्त्रीको पदको कार्य गर्न असमर्थ भएमा वा मुख्यमन्त्रीको पद रिक्त रहेको अवस्थामा निम्न लिखित क्रमाङ्कमा उल्लिखित पदाधिकारीले मुख्यमन्त्रीको काम गर्नेछन् ।

क. मुख्यमन्त्रीले तोकेका कार्यकारी परिषद्का सदस्य ।

ख. कार्यकारी परिषद्का अन्य सदस्यहरूले तोकेको परिषद्का सदस्य ।

ग. विधायिकाले आफ्ना सदस्यहरूमध्येबाट कुनै एक जनालाई नतोकुन्जेलसम्म सभामुख ।

२. कार्यवाहक मुख्यमन्त्रीलाई मुख्यमन्त्रीसरह जिम्मेवारी, काम र अधिकार हुनेछन् ।

३. मुख्यमन्त्रीको जिम्मेवारी, अधिकार र कामको कार्यभार लिनुअघि कार्यवाहक मुख्यमन्त्रीले अनुसूची २ बमोजिम गणतन्त्रप्रति निष्ठा र संविधानको पालना गर्ने शपथ वा प्रतिज्ञा गर्नुपर्नेछ ।

## १३२. कार्यकारी परिषद्

१. कुनै एक प्रान्तको कार्यकारी परिषद्मा परिषद्को प्रमुखका रूपमा मुख्यमन्त्री र मुख्यमन्त्रीले प्रान्तीय विधायिकाका सदस्यहरूमध्येबाट नियुक्त गरेका कम्तीमा पाँच जना र बढीमा १० जना सदस्य रहने छन् ।

२. कुनै एक प्रान्तका मुख्यमन्त्रीले कार्यकारी परिषद्का सदस्यको नियुक्ति गर्नेछन् र उनीहरूलाई काम, जिम्मेवारी र अधिकार तोक्नेछन् तथा उनीहरूलाई हटाउन सक्नेछन् ।

## १३३. जवाफदेहिता र जिम्मेवारी

१. कुनै एक प्रान्तको कार्यकारी परिषद्का सदस्यहरू मुख्यमन्त्रीले उनीहरूलाई तोकिएका कार्यकारी कामका लागि जिम्मेवारी हुनेछन् ।

२. कुनै एक प्रान्तको कार्यकारी परिषद्का सदस्यहरू उनीहरूको अधिकारको प्रयोग र आफ्नो कामका लागि सामूहिक र व्यक्तिगतरुमा विधायिकाप्रति जवाफदेही हुनेछन् ।

३. कुनै एक प्रान्तको कार्यकारी परिषद्का सदस्यहरूले

क. संविधानबमोजिम र यदि सम्बन्धित प्रान्तको लागि प्रान्तीय संविधान पनि पारित भएको रहेछ भने प्रान्तीय संविधानबमोजिम कार्य गर्नुपर्नेछ; र

ख. आफ्नो नियन्त्रण वा अधिकारअन्तर्गतका सम्पूर्ण विषयमा विधायिकालाई पूर्ण र नियमित प्रतिवेदन दिनुपर्नेछ ।

## १३४. निर्वाचनपछि कार्यकारी परिषद्को निरन्तरता(

प्रान्तीय विधायिकाको निर्वाचन भएको खण्डमा अर्को विधायिकाले मुख्यमन्त्रीमा निर्वाचित गरेको व्यक्तिले पदभार ग्रहण नगरेसम्म कार्यकारी परिषद् र त्यसका सदस्य काम गर्न योग्य हुनेछन् ।

## १३५. शपथ वा प्रतिज्ञा

कुनै एक प्रान्तको कार्यकारी परिषद्का सदस्यहरूले आफ्नो काम सुरु गर्नुभन्दा पहिला उनीहरूले अनुसूची २ बमोजिम गणतन्त्रप्रति निष्ठा र संविधानको पालना गर्ने शपथ वा प्रतिज्ञा गर्नुपर्नेछ ।

## १३६. कार्यकारी परिषद्का सदस्यहरूको आचारण

१. प्रान्तको कार्यकारी परिषद्का सदस्यहरूले राष्ट्रिय कानुनले तोकेको/निर्दिष्ट गरेको आचारसंहिताअनुसार काम गर्नुपर्नेछ ।

२. कुनै प्रान्तको कार्यकारी परिषद्का सदस्यलेः–

क. अर्को कुनै आयमूलक काम गर्न पाउने छैन;

ख. उनीहरूको पदीय मर्यादाविपरीत हुने केही काम गर्ने छैनन् एवम् आफ्ना पदीय जिम्मेवारी र व्यक्तिगत हितबीच द्वन्द्व निम्त्याउने जोखिमपूर्ण परिस्थितिबाट अलग रहनेछन् ।

ग. उनीहरूको पद वा उनीहरूलाई सुम्पिएको कुनै जानकारीबाट नाजायज फाइदा लिने वा पैसा कमाउने र अन्य व्यक्तिलाई पनि फाइदा पुऱ्याउने कामका लागि दुरुपयोग गर्ने छैनन् ।

(२ (३) देखि (६) सम्म समावेश)

## १३७. कार्यभार हस्तान्तरण

१. मुख्यमन्त्रीले घोषणाद्वारा देहायबमोजिमका कार्यहरू कार्यकारी परिषद्का सदस्यहरूलाई हस्तान्तरण गर्नसक्नेछन्ः–

क. अर्को कुनै सदस्यलाई जिम्मा लगाइएको कानुन कार्यान्वयन गर्ने;

ख. कानुनअनुसार अर्को कुनै सदस्यलाई सुम्पिएको कार्य वा अधिकार ।

**१३८. कार्यभारको अस्थायी विनियोजन**

कुनै एक प्रान्तका मुख्यमन्त्रीले कार्यकारी परिषद्को सदस्यलाई कार्यालयमा अनुपस्थित रहेको र तोकिएको काम र अधिकारको प्रयोग गर्न असमर्थ कुनै अर्को सदस्यको कार्यका जिम्मेवारी तोक्न सक्नेछन् ।

**१३९. स्थानीय सरकारमाथि प्रान्तको हस्तक्षेप**

१. संविधान र कानुनबमोजिम जब कुनै नगरपालिकाले कार्यकारी जिम्मेवारी पूरा गर्न सक्दैन वा पूरा गर्दैन भने सम्बन्धित प्रान्तको कार्यकारिणीले उक्त जिम्मेवारी पूरा गराउनका लागि आवश्यक हस्तक्षेपकारी कदम चाल्न सक्नेछन् । त्यसमा देहायका कदम पनि पर्दछन्:–

क. कुन हदसम्म काम पूरा गर्न नसकेको हो त्यसको व्याख्या गर्दै त्यो कर्तव्य पूरा गर्न के(कस्ता कदम आवश्यक छन् उल्लेख गर्दै नगरपरिषद्लाई निर्देशन दिने;

ख. त्यो नगरपालिकाको सम्बन्धित कामको जिम्मेवारी आवश्यकताअनुसार देहायको हदसम्म ग्रहण गर्ने;

i) आवश्यक राष्ट्रिय मापदण्ड कायम गर्ने वा सेवा प्रदान गर्ने स्थापित न्यूनतम मापदण्ड पूरा गर्ने;

ii) अर्को नगरपालिका वा सम्पूर्ण प्रान्तको हितप्रति भेदभाव हुने अनुपयुक्त काम गर्नबाट रोक्ने; वा

iii) आर्थिक एकता कायम राख्ने ।

ग. यदि विशेष परिस्थितिमा यस्तो कदम आवश्यक परेमा नगरपरिषद् विघटन गरी नयाँ नगरपरिषद् निर्वाचित भएको घोषणा नहोउन्जेलसम्मका लागि प्रशासकको नियुक्ति गर्ने ।

२. यदि प्रान्तीय कार्यकारीले उपखण्ड (१) (ख) अनुसार कुनै नगरपालिकामा हस्तक्षेप गरेमा–

क. उसले हस्तक्षेप गरेको लिखित सूचना देहायका निकायमा पठाउनुपर्नेछ;

(i) स्थानीय सरकार मामिला हेर्ने जिम्मेवारी पाएका मन्त्रिमण्डलको सदस्य; र

(ii) सम्बन्धित प्रान्तीय विधायिका र कार्यकारी परिषद् ।

यस्तो सूचना हस्तक्षेप गरेको १४ दिनभित्र दिइसक्नुपर्नेछ ।

ख. देहायका अवस्थामा हस्तक्षेप रोक्नुपर्नेः–

i) यदि स्थानीय सरकार मामिला हेर्ने मन्त्रिमण्डलका सदस्यले हस्तक्षेप सुरु भएको २८ दिनभित्र उक्त हस्तक्षेपलाई अस्वीकार गरेमा वा हस्तक्षेपको अवधिको समाप्ति भएको अवस्थासम्म पनि हस्तक्षेपलाई स्वीकृति नदिएमा;

ii) हस्तक्षेप सुरु भएको १८० दिनभित्र यदि परिषद्ले त्यसलाई अस्वीकृत गरेमा वा त्यो अवधिको अन्त्यसम्ममा हस्तक्षेपको अनुमोदन नगरेमा; र

ग. परिषद्ले हस्तक्षेप कायम रहेको अवधिभर नियमितरूपले हस्तक्षेपको समीक्षा गर्नेछ र प्रान्तीय कार्यकारिणीलाई आवश्यक सुझाव दिनेछ ।

३. यदि उपखण्ड (१) (ग) अनुसार नगरपरिषद् विघटन भएमा–

क. प्रान्तीय कार्यकारिणीले विघटन भएको सूचना तत्कालै देहायका निकायलाई दिनेछन्–

i) स्थानीय सरकार मामिलासम्बन्धी मन्त्रिमण्डलको सदस्यलाई;

ii) सम्बन्धित प्रान्तीय विधायिका र राष्ट्रिय प्रान्तीय परिषद्लाई;

ख. मन्त्रिमण्डलका सदस्य वा परिषद्ले विघटन भएको १४ दिनको अवधि समाप्त भएको दिनभित्र त्यो विघटनलाई नहटाएसम्ममा सूचना प्राप्त भएको १४ दिनभित्र विघटन लागूहुनेछ ।

४. यदि नगरपालिकाले संविधान र कानुनअनुसार बजेट वा बजेटलाई प्रभावकारी तुल्याउने कुनै पनि राजस्व सङ्कलन गर्ने उपायहरूसम्बन्धी आफ्नो कर्तव्य नगरेमा वा गर्न अस्वीकार गरेमा सम्बन्धित प्रान्तका कार्यकारीले बजेट वा त्यस्ता राजस्व सङ्कलनका व्यवस्थालाई स्वीकृत गराउने वा नगरपरिषद्लाई विघटन गर्नेलगायतका उपयुक्त कदम चालेर हस्तक्षेप गर्नसक्नेछन्; र

क. नवनिर्वाचित नगरपरिषद् निर्वाचित भएको घोषणा नहोउन्जेलसम्म प्रशासक नियुक्त गर्ने; र

ख. नगरपालिकको निरन्तर सञ्चालन व्यवस्थाका लागि अस्थायी बजेट वा राजस्व सङ्कलन उपायको अनुमोदन गर्ने ।

५. यदि कुनै नगरपालिका आर्थिक सङ्कटका कारण गम्भीर र लगातारररूपमा आधारभूत सेवा दिने उसको कर्तव्यबाट भौतिकरूपमा कर्तव्यचूत भएमा वा उसको आर्थिक कर्तव्य पूरा गर्न नसकेमा वा उसले आर्थिक दायित्व वा कर्तव्य पूरा गर्न नसक्ने स्वीकारोक्ति दिएमा सम्बन्धित प्रान्तका कार्यकारीले –

क. आधारभूत सेवा र आर्थिक दायित्व वहन गर्ने नगरपालिकालाई त्यसको क्षमता अभिवृद्धि गर्ने उद्देश्यसाथ पुनरुत्थान योजना लागू गर्ने । यो योजना–

i) राष्ट्रिय कानुनबमोजिम तर्जुमा गरिनेछ; र

ii) यसले नगरपालिकालाई त्यसको कानुन निर्माण गर्ने र कार्यकारिणी अधिकारको प्रयोगमा बन्धन सिर्जना गर्नेछ । तर त्यस्तो बन्धन नगरपालिकाको आर्थिक मामिलामा आएको सङ्कट समाधान गर्न आवश्यक हदसम्म मात्र हुनेछ; र

ख. यदि नगरपालिकाले आर्थिक पुनरुत्थान योजनालाई प्रभावकारी बनाउन आवश्यक बजेट वा कुनै राजस्व सङ्कलनका उपायलगायत कानुनी तरिकाहरूलाई अनुमोदन नगरेमा वा गर्न असमर्थ भएमा नगरपरिषद् भङ्ग गर्नेछन्; र

i) नवनिर्वाचित नगरपरिषद् निर्वाचित भएको घोषणा नहुन्जेलसम्मका लागि प्रशासकलाई नियुक्त गर्ने; र

ii) नगरपालिकाको निरन्तररूपमा सञ्चालन गर्ने व्यवस्थासम्बन्धी आर्थिक पुनरुत्थान योजनालाई प्रभावकारी बनाउने अस्थायी बजेट वा अन्य कुनै राजस्व सङक्लनका उपायलाई अनुमोदन गर्ने;

ग. यदि अनुच्छेद (ख) बमोजिम नगरपरिषद्लाई विघटन नगरिएमा नगरपालिकाले अन्यथा कार्यान्वयन गर्न नसक्ने वा नगर्ने हदसम्म आर्थिक पुनरुत्थान योजना लागू गर्ने दायित्व वहन गर्ने ।

६. उपखण्ड (४) र (५) अनुसार यदि प्रान्तीय कार्यकारीले नगरपालिकामा हस्तक्षेप गरेमा उसले उक्त हस्तक्षेपको सूचना लिखितरूपमा देहायका नियकामा बुझाउनुपर्नेछः–

क. स्थानीय सरकारसम्बन्धी मामिला हेर्ने मन्त्रिमण्डलका सदस्य; र

ख. सम्बन्धित प्रान्तीय विधायिका र राष्ट्रिय प्रान्तीय परिषद् ।

यस्तो सूचना हस्तक्षेप भएको सात दिनभित्र उपलब्ध गराइसक्नुपर्नेछ ।

७. यदि प्रान्तीय कार्यकारीले उपखण्ड (४) र (५) मा उल्लिखित अधिकार र काम कर्तव्य यथोचित र पूर्णरूपमा नगरेमा वा गर्न असमर्थता जनाएमा राष्ट्रिय कार्यकारीले सम्बन्धित प्रान्तको कार्यकारीको सट्टामा उपखण्ड (४) र (५) बमोजिम हस्तक्षेप गर्नुपर्नेछ ।

८. यस खण्डबाट स्थापित प्रक्रियालगायत यस खण्डको कार्यान्वयन राष्ट्रिय कानुनद्वारा नियमन गर्नसकिनेछ ।

(खण्ड १३९ सन् २००३ को ऐन ३ को खण्ड ४ द्वारा प्रतिस्थापित)

**१४०. कार्यकारी निर्णय**

१. कुनै एक प्रान्तका मुख्यमन्त्रीको निर्णय देहायको अवस्थामा लिखितरूपमा हुनेछः–

क. यदि त्यो कानुनअनुसार लिइएको हो भने; वा

ख. त्यसको कानुनी परिणाम हुने भएमा ।

२. यदि मुख्यमन्त्रीले लिएको निर्णय अन्य सदस्यलाई तोकिएको कामसँग सम्बन्धित भएमा मुख्यमन्त्रीले गरेको लिखित निर्णयमा अर्को कार्यकारी परिषद् सदस्यले पनि हस्ताक्षर गर्नुपर्ने ।

३. कुनै प्रान्तका घोषणा, कानुन र अन्य सहायक कानुनहरू सर्वसाधारणका लागि सजिलै उपलब्ध हुनुपर्छ ।

४. उपखण्ड (३) मा उल्लिखित दस्तावेजहरूलाई देहायको प्रक्रियामा लैजाने तरिका र पहलहरू प्रान्तीय कानुनले निर्धारण गर्नेछन्ः–

क. प्रान्तीय व्यवस्थापिकामा पेस गर्ने; र

ख. प्रान्तीय व्यवस्थापिकाले अनुमोदन गर्ने ।

**१४१. अविश्वासको प्रस्ताव**

१. यदि प्रान्तीय व्यवस्थापिकाले त्यसका बहुसङ्ख्यक सदस्यहरूको समर्थनबाट मुख्यमन्त्रीबाहेक त्यो प्रान्तको कार्यकारी परिषद्को विरुद्धमा अविश्वासको प्रस्ताव पारित गरेमा मुख्यमन्त्रीले कार्यकारी परिषद् पुनर्गठन गर्नुपर्दछ ।

२. यदि प्रान्तीय व्यवस्थापिकाले त्यसका बहुङ्ख्यक सदस्यहरूको समर्थनबाट मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव पारित गरेमा मुख्यमन्त्री र कार्यकारी परिषद्का अन्य सदस्यहरूले राजीनामा दिनुपर्नेछ ।

**प्रान्तीय संविधान**

**१४२. प्रान्तीय संविधानको अनुमोदन**

यदि प्रान्तीय विधायिकाका कम्तीमा पनि दुईतिहाइ सदस्यले विधेयकको पक्षमा मतदान गरेमा प्रान्तीय विधायिकाले प्रान्तको संविधान पारित गर्न वा जहाँ उपयुक्त हुन्छ त्यसको संशोधन गर्नसक्नेछ ।

**१४३. प्रान्तीय संविधानका विषयवस्तु**

१. प्रान्तीय संविधान वा संविधान यो संविधानसँग बाझिने वा असङ्गत हुनुहुँदैन । तर प्रान्तीय संविधानमा देहायका व्यवस्था गर्न सकिनेछः

क. यस अध्यायमा व्यवस्था गरिएकाभन्दा फरक प्रान्तीय विधायिकी वा कार्यकारी संरचना तथा प्रक्रिया; वा

ख. जहाँसम्म लागू गर्नसकिन्छ परम्परामा आधारित राजा, राजसंस्था, भूमिका/दायित्व, अधिकार र दर्जा ।

२. प्रान्तीय संविधानमा उल्लेख गरिएका प्रावधान वा उपखण्ड (१) को अनुच्छेद (क) र (ख) अनुसार संविधानमा भएका संशोधन–

क. खण्ड १ र अध्याय ३ का मूल्यमान्यताअनुरूप हुनुपर्ने; र

ख. अनुसूची ४ र ५ बमोजिम प्रान्तीय दक्षताभन्दा

i) बाहिरको क्षेत्रलाई कुनै पनि अधिकार वा काम उक्त प्रान्तलाई नदिनसक्ने; वा

ii) संविधानका अन्य खण्डद्वारा प्रान्तलाई प्रदान गरिएका अधिकार र कामका क्षेत्रभन्दा बाहिर ।

**१४४. प्रान्तीय संविधानको प्रमाणीकरण**

१. यदि प्रान्तीय विधायिकाले संविधान पारित गरेमा वा संशोधन गरेमा व्यवस्थपिकाका सभामुखले संविधान वा संविधान संशोधनको पाठलाई प्रमाणीकरणका लागि संवैधानिक अदालतमा पेस गर्नुपर्नेछ ।

२. संवैधानिक अदालतले देहायबमोजिम प्रमाणीकरण नगरेसम्म प्रान्तीय संविधान वा संविधानको संशोधनको पाठ कानुन मानिने छैन ।

क. खण्ड १४२ बमोजिम पाठ पारित भएको; र

ख. पूर्ण खण्ड १४३ सँग मेल खान्छ भने ।

**१४५. प्रान्तीय संविधानमा हस्ताक्षर, प्रकाशन र संरक्षण**

१. संवैधानिक अदालतले प्रमाणित गरेको प्रान्तीय संविधान र त्यसको संशोधनको पाठलाई मुख्यमन्त्रीले हस्ताक्षर गरी स्वीकृति प्रदान गर्नुपर्नेछ ।

२. मुख्यमन्त्रीले हस्ताक्षर गरी स्वीकृति प्रदान गरेको पाठ राष्ट्रिय सरकारी राजपत्रमा प्रकाशित गरिनेछ र प्रकाशित भएपछि वा त्यो संविधान वा संशोधनमा उल्लेख भएअनुसार कुनै पछिको मितिबाट लागूहुनेछ ।

३. प्रान्तीय संविधान वा संविधान संशोधनको हस्ताक्षर गरिएको पाठ नै त्यसमा भएका प्रावधानहरूको अखिरी प्रमाण हुनेछ र प्रकाशित भइसकेपछि त्यसको संरक्षणका लागि संवैधानिक अदालतलाई जिम्मा लगाउनुपर्नेछ ।

**बाझिएका कानुन**

**१४६. राष्ट्रिय र प्रान्तीय कानुनी असङ्गति/बेमेल**

१. यो खण्ड अनुसूची ४ मा उल्लिखित कार्यक्षेत्रभित्र पर्ने राष्ट्रिय कानुन र प्रान्तीय कानुनबीचको बेमेलको अवस्थामा लागू हुनेछ ।

२. देहायका कुनै पनि सर्तहरू पूरा भएमा समानरूपले सम्पूर्ण मुलुकभर लागूहुने राष्ट्रिय कानुन प्रान्तीय कानुनमाथि प्रभावी हुनेछ ।

क. राष्ट्रिय कानुन सम्बन्धित प्रान्तले एकलरूपमा बनाएका कानुनहरूले प्रभावकारी रूपमा नियमन गर्न नसक्ने विषयसँग सम्बन्धित भएमा;

ख. राष्ट्रिय कानुन त्यस्तो विषयसँग सम्बन्धित छ जसलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि मुलुकभर एकरूपताको आवश्यकता पर्दछ र राष्ट्रिय कानुनले देहायका कुरा स्थापित गरेर त्यस्तो एकरूपता कायम गर्नेछः

i) मान्यता र मापदण्डः

ii) दायरा

iii) राष्ट्रिय नीति

ग. राष्ट्रिय कानुनले देहायका कुराहरू पूरा गर्न आवश्यक छ भने

i) राष्ट्रिय सुरक्षा कायम गर्न;

ii) आर्थिक एकता कायम राख्न;

iii) वस्तु, सेवा, पुँजी र श्रमलाई चालु राख्नका लागि साझा बजारको संरक्षण गर्न;

iv) प्रान्तीय सिमानाबीच आर्थिक क्रियाकलापलाई प्रवर्द्धन गर्न;

ख) सरकारी सेवामा समान अवसर र पहुँच प्रवर्द्धन गर्न; र

vi) वातावरण संरक्षण गर्न ।

३. यदि राष्ट्रिय कानुनको उद्देश्य प्रान्तहरूलाई देहायका अनुपयुक्त क्रियाकलाप गर्नबाट रोक्ने हो भने त्यस्तो अवस्थामा प्रान्तीय कानुनमाथि राष्ट्रिय कानुन प्रभावी हुने छ यदि त्यस्तो क्रियाकलापः–

(क) कुनै अर्को प्रान्त वा सम्पूर्ण मुलुककै आर्थिक, स्वास्थ्य वा सुरक्षा हितप्रति पूर्वाग्रही भएमा; वा

(ख) राष्ट्रिय आर्थिक नीतिको कार्यान्वयनमा बाधा पुऱ्याउने भएमा;

४. उपखण्ड (२) (ग)मा निर्दिष्ट गरिएको उद्देश्यका लागि राष्ट्रिय कानुन आवश्यक छ वा छैन भन्ने विवाद भएमा र यदि उक्त विवाद समाधानका लागि अदालतमा पेस भएमा अदालतले राष्ट्रिय प्रान्तीय परिषद्ले उक्त कानुनलाई स्वीकृत गरेमा वा अस्वीकृत गरेमा त्यसलाई यथोचित सम्मान गर्नुपर्नेछ ।

५. उपखण्ड (२) वा (३) लागू नहुने अवस्थामा राष्ट्रिय कानुनमाथि प्रान्तीय कानुन प्रभावी हुनेछ ।

६. संसद्को ऐन वा प्रान्तीय ऐनबमोजिम बनाइएको कानुन राष्ट्रिय प्रान्तीय परिषद्ले उक्त कानुनलाई स्वीकृति प्रदान गरेको अवस्थामा मात्र प्रभावी हुनेछ ।

७. यदि राष्ट्रिय प्रान्तीय परिषद् कानुन निर्णयार्थ त्यहाँ प्रस्तुत भएपछि बसेको प्रथम बैठकबाट ३० दिनभित्र निर्णय लिन असमर्थ भएमा सबै प्रयोजनका लागि परिषद्द्वारा स्वीकृत गरेको मानिनेछ ।

८. यदि राष्ट्रिय प्रान्तीय परिषद्ले उपखण्ड (६) मा उल्लेख भएको कानुनलाई स्वीकृति नगरेमा त्यसको ३० दिनभित्र कानुन पेस गर्ने निकायलाई कानुन स्वीकृत नगर्नाका कारणहरू बुझाउनुपर्नेछ ।

**१४७. अन्य विवाद/द्वन्द्व**

१. देहायका विषयमा यदि राष्ट्रिय कानुन र प्रान्तीय संविधानका प्रावधानबीच विवाद देखिएमा(

क. संविधानअनुसार कुनै विषयसम्बन्धी प्रष्ट राष्ट्रिय कानुन निर्माण गर्नुपर्नेभएमा वा त्यस्तो परिकल्पना गरिएको भएमा प्रान्तीय संविधानको प्रावधानमाथि राष्ट्रिय कानुन प्रभावी हुन्छ ।

ख. खण्ड ४४ (२) अनुसारको राष्ट्रिय विधायिकी हस्तक्षेपमा प्रान्तीय संविधानको प्रावधानमाथि राष्ट्रिय कानुन प्रभावी हुन्छ; वा

ग. अनुसूची ४ मा उल्लेखित कार्यक्षेत्रभित्र पर्ने विषयको हकमा प्रभावित भएको प्रान्तीय संविधानका प्रावधानहरू त्यस खण्डमा उल्लेख भएका प्रान्तीय कानुनसरह हुनेछन् र खण्ड १४६ लागू हुनेछ ।

२१. अनुसूची ५ मा उल्लेख गरिएका कार्यक्षेत्रभित्र पर्ने विषयको हकमा प्रान्तीय कानुनमाथि खण्ड ४४ (२) मा उल्लेखित राष्ट्रिय कानुन मान्य हुनेछ ।

**१४८. समाधान गर्न नसकिने विवाद**

यदि कुनै द्वन्द्वसम्बन्धी विवाद अदालतले समाधान गर्न नसकेमा प्रान्तीय कानुन वा प्रान्तीय संविधानमाथि राष्ट्रिय कानुन मान्य हुनेछ ।

**१४९. मान्य नहुने अवस्थामा**

एउटा कानुन अर्को कानुनमाथि प्रभावीहुने भन्ने अदालतको निर्णयले अर्को कानुनलाई अमान्य बनाउँदैन तर विवाद कायम रहुन्जेलसम्म त्यो अर्को कानुन निष्क्रिय हुन्छ ।

**१५०. द्वन्द्वको व्याख्या**

राष्ट्रिय र प्रान्तीय कानुन वा राष्ट्रिय कानुन र प्रान्तीय संविधानबीच सम्भाव्य द्वन्द्व/विवादमाथि विचार गर्दा प्रत्येक अदालतले संविधान र कानुनको द्वन्द्वको परिणाम आउने अन्य कुनै वैकल्पिक व्याख्याको सट्टा त्यस्तो उपयुक्त व्याख्या रोज्नुपर्छ जसले अरू विवादको सिर्जना नहोस् ।

१. मुख्यमन्त्रीले पदभार ग्रहण नगरुन्जेलसम्म वा प्रान्तले आफ्नो संविधान नबनाएसम्म खण्ड १३२ लाई अनुसूची ६ को परिशिष्ट 'ग' अनुसार व्याख्या गर्नुपर्ने । अनुसूची ६ बुँदा १२ (२) हेर्नुहोस् ।

२. मुख्यमन्त्रीले पदभार ग्रहण नगरुन्जेलसम्म वा प्रान्तले आफ्नो संविधान नबनाएसम्म अनुसूची ६ को परिशिष्ट 'ग' मा लेखिएबमोजिम खण्ड १३६ ले उपखण्ड( एसएस (३) लाई समाहित गर्नेछ । अनुसूची ६ को बुँदा १२ (२) हेर्नुहोस् ।

## भाग ७ : स्थानीय सरकार

**१५१. नगरपालिकाको अवस्था**

१. गणतन्त्रको सम्पूर्ण भु-भागका निम्ति स्थापना गर्नैपर्ने नगरपालिकाहरू मिलेर सरकारको स्थानीय वर्गक्षेत्र बन्नेछ ।

२. एउटा नगरपालिकाको कार्यकारिणी र व्यवस्थापकीय अधिकार त्यस्कै नगर परिषदमा निहित रहनेछ ।

३. संबिधान अनुसार राष्ट्रिय तथा प्रान्तीय व्यवस्थापिकाको अधिनमा रही आफ्नो समुदायका स्थानीय सरकारी मामिलाहरूमाथि आफ्नै पहलमा शासन सञ्चालन गर्ने अधिकार नगरपालिकासँग सुरक्षित रहनेछ ।

४. राष्ट्रिय तथा प्रान्तीय सरकारले एउटा नगरपालिकाको दक्षता वा उसको अधिकारको प्रयोग वा काम सम्पादनमा कुनै सम्झौता गर्ने वा अवरोध सिर्जना गर्न सक्ने छैन ।

**१५२. स्थानीय सरकारका उद्देश्यहरू**

१. स्थानीय सरकारको निम्न उद्देश्यहरू रहनेछन् -

क. स्थानीय समुदायहरूका लागि प्रजातान्त्रिक तथा जवाफदेही *सरकार* प्रदान गर्ने ।

ख. समुदायका लागि सेवाहरूको प्रावधान दीगो ढंगले सुनिश्चित गर्ने ।

ग. सामाजिक तथा आर्थिक विकासलाई प्रवर्द्धन गर्ने ।

घ. एउटा सुरक्षित तथा स्वस्थ वातावरण प्रवर्द्धन गर्ने ।

ङ. स्थानीय सरकारका सवालहरूमा समुदाय तथा सामुदायिक संगठनहरूको सहभागितालाई प्रोत्साहित गर्ने ।

२. उपदफा (१) मा उल्लेखित उद्देश्यहरू हासिल गर्न एउटा नगरपालिकाले आफ्नो आर्थिक तथा प्रशासनिक क्षमताभित्र रहेर प्रयत्न गर्नुपर्नेछ ।

**१५३. नगरपालिकाका विकास कर्तव्यहरू**

**एउटा नगरपालिकाले**

क. समुदायको आधारभूत आवश्यकतालाई प्राथमिकता दिन र समुदायको सामाजिक तथा आर्थिक विकासको प्रवर्द्धन गर्न आफ्नो प्रशासन, बजेट र योजना प्रक्रियाहरूको स्वरुप निर्माण र सञ्चालन गर्नेछ , र

ख. राष्ट्रिय तथा प्रान्तीय विकास कार्यक्रमहरूमा सहभागिता जनाउनेछ ।

**१५४. सहकारी सरकारमा नगरपालिकाहरू**

१. राष्ट्रिय तथा प्रान्तीय सरकारले व्यवस्थापकीय तथा अन्य संयन्त्रद्वारा, आफ्ना मामिलाहरू व्यवस्थापन गर्न, अधिकारहरूको प्रयोग तथा आफ्ना कामहरू सञ्चालन गर्न नगरपालिकाको क्षमतालाइ सहयोग गर्ने तथा सुदृढ पार्नुपर्नेछ ।

२. स्थानीय सरकारको अवस्था, संस्थाहरू, अधिकारहरू तथा कार्यहरूलाई असर पार्ने राष्ट्रिय तथा प्रान्तीय विधानको खाकालाई, संसद तथा प्रान्तीय व्यवस्थापिकामा लानुअघि, व्यवस्थित स्थानीय सरकार, नगरपालिकाहरू र इच्छुक अन्य व्यक्तिहरूले खाका विधानको हकमा प्रतिनिधित्व गर्न मौका पाउने तवरले सर्वसाधारणको टिप्पणीका लागि प्रकाशित गरिनुपर्छ ।

**१५५. नगरपालिकाहरूको स्थापना**

१. निम्न वर्गका नगरपालिका छन् :

क. **वर्ग क:** आफ्नो क्षेत्रमा विशेष नगर कार्यकारिणी तथा व्यवस्थापकीय अधिकार भएको नगरपालिका ।

ख. **वर्ग ख:** आफ्नो क्षेत्रफलभित्र पर्ने वर्ग ग नगरपालिका क्षेत्रमा नगर कार्यकारिणी तथा व्यवस्थापकीय अधिकार बाँडफाँड गर्ने नगरपालिका ।

ग. **वर्ग ग:** एउटा भन्दा बढी नगरपालिकाहरू समाविष्ट कुनै एउटा क्षेत्रमा नगर कार्यकारिणी तथा व्यवस्थापकीय अधिकार भएको नगरपालिका ।

२. प्रत्येक वर्ग भित्र स्थापित हुन सक्ने विभिन्न प्रकारका नगरपालिकाहरूलाई राष्ट्रिय विधानले परिभाषित गर्नुपर्नेछ ।

३. राष्ट्रिय विधानले

क. एउटै क्षेत्रमा एउटा क वर्गको एकल नगरपालिका हुँदा वा त्यो सँग ख र ग दुवै वर्गका नगरपालिकाहरू हुँदा, त्यसलाई निर्धारण गर्ने मापदण्ड तयार पार्ने,

ख. एउटा स्वतन्त्र निकायद्वारा नगरको सीमाक्षेत्रहरूको निर्धारणका लागि मापदण्ड तथा कार्यविधिहरू खडा गर्ने, र

ग. कुनै क्षेत्रमा ख र ग दुवै वर्गका नगरपालिकाहरू पर्दा दफा २२९ को अधिनमा रही नगरपालिकाहरूवीच अधिकार तथा कामको एउटा उचित विभाजन हुने व्यवस्था गर्नेछ । एउटा ख तथा ग वर्गका नगरपालिकावीच अधिकार तथा कार्यको विभाजन ख तथा ग वर्गको अर्को नगरपालिकाको अधिकार तथा कार्य विभाजन भन्दा फरक हुन सक्नेछ ।

४. उपदफा ३ मा उल्लेखित विधानले नगर सेवाहरू समतामूलक तथा दीगो ढंगले प्रदान गर्ने आवश्यकताको जिम्मा लिनु पर्नेछ ।

५. प्रान्तीय विधानले प्रान्तमा स्थापना गरिने विभिन्न प्रकारका नगरपालिकाको निर्धारण गर्नुपर्नेछ ।

६. प्रत्येक प्रान्तीय सरकारले २ र ३ उपदफाहरू बमोजिम जारी गरिएको विधान अनुरुप हुनेगरी आफ्नो प्रान्तमा नगरपालिकाहरू खडा गर्नुपर्नेछ, र विधायिकाद्वारा वा अन्य उपाय अपनाएर

क. प्रान्तमा स्थानीय सरकारको सुपरिवेक्षण तथा सहयोग प्रदान गर्ने, र
ख. नगरपालिकाहरूलाई उनीहरूको कार्य तथा आन्तरिक मामिला व्यवस्थापन गर्न सक्ने बनाउन स्थानीय सरकारको क्षमता विकासलाई प्रोत्साहन गर्नेछ ।

(परिमार्जित - दफा (६क) सन् १९९८ को ऐन नं. ८७ को दफा १ मा थपिएको र १२औं शंशोधन ऐन, २००५ संबिधानको दफा २ द्वारा हटाइएको )

७. राष्ट्रिय सरकार र प्रान्तीय सरकारहरूसँग दफा ४४ को अधिनमा रही अनुसुचि ४ र ५ मा सुचिकृत गरिएका विषयहरू सम्बन्धमा, दफा १५६(१) मा उल्लेखित उनीहरूको कार्यकारिणी अधिकारको नगरपालिकाहरूद्वारा हुने अभ्यासलाई व्यवस्थित गरेर नगरपालिकाहरूका कार्यहरूको प्रभावकारी उपलब्धि हेर्ने, कानूनी र कार्यकारिणी अधिकार रहनेछ ।

**१५६. नगरपालिकाहरूका अधिकार तथा कामहरू**

१. एउटा नगरपालिकासँग निम्न विषयवस्तुमा कार्यकारिणी अधिकार र प्रशासन चलाउने अधिकार रहनेछ,

क. अनुसुचि ४ को खण्ड ख तथा अनुसुचि ५ को खण्ड ख मा सुचिकृत स्थानीय सरकारका विषयहरू, र

ख. राष्ट्रिय तथा प्रान्तीय विधानले तोकेका अन्य कुनै विषय ।

२. एउटा नगरपालिकाले आफूले प्रशासन चलाउन पाउने अधिकार भएका विषयहरूमा प्रभावकारी प्रशासनका लागि उपनियमहरू बनाउन र लगाउन सक्नेछ ।

३. राष्ट्रिय तथा प्रान्तीय विधानसँग बाझिने उपनियम, दफा १५१(४) को अधिनमा रही स्वत अमान्य हुनेछ । यदी एउटा उपनियम र दफा १४९ मा उल्लेखित द्वन्दका कारण सञ्चालन वाहिरको अवस्थामा पुगेको राष्ट्रिय तथा प्रान्तीय विधानवीच द्वन्द भएमा त्यो विधान सञ्चालन नहुदासम्म सो उपनियमलाई मान्यता दिइनेछ ।

४. राष्ट्रिय सरकार तथा प्रान्तीय सरकारहरू सम्झौताद्वारा तथा अन्य शर्तको अधिनमा रही एउटा नगरपालिकामा निम्नलिखित कुरा तोकिएको हुनुपर्नेछ, स्थानीय सरकारसँग सम्बन्धित अनुसुची ४ को खण्ड क वा अनुसुचि ५ को खण्ड क मा सुचिकृत विषयवस्तुको प्रशासन,

क. सो विषयवस्तु स्थानीयस्तरमै प्रभावकारी ढंगले सञ्चालित हुनेछ, र

ख. नगरपालिकासँग त्यसलाई हेर्ने प्रशासनिक क्षमता रहनेछ ।

५. एउटा नगरपालिकासँग आफ्ना कार्यहरूको प्रभावकारी सञ्चालनका लागि कारणवश वा अकारण आवश्यक पर्ने विषयवस्तुको सम्बन्धमा कुनै पनि शक्ति प्रयोग गर्ने अधिकार रहनेछ ।

**१५७. नगर परिषदहरूको रचना र निर्वाचन**

१. अनुसुचि ६ क को अधिनमा रही, एउटा नगर परिषदमा निम्न सदस्य सम्मिलित रहनेछन् -

क. उपदफा (२), (३), (४) र (५) अनुसार निर्वाचित सदस्यहरू, वा

ख. राष्ट्रिय विधानद्वारा तोकिएका

अ. अन्य नगर परिषदहरूले ती अन्य परिषदहरूको प्रतिनिधित्व गर्न नियुक्त गरेका सदस्यहरू, वा

आ. अनुच्छेद (क) अनुसार निर्वाचित र यो अनुच्छेदको उपअनुच्छेद (अ) बमोजिम नियुक्त सदस्यहरू दुवै ।

(सन् २००२ को ऐन नं १८ को दफा १(क) द्वारा परिमार्जित उप- दफा, (१)

२. उपदफा (१)(क) मा चाहना गरेजस्तै एउटा प्रणाली शिफारिस गर्ने राष्ट्रिय विधान अनुसार एउटा नगर परिषदका लागि सदस्यहरूको निर्वाचन हुनुपर्नेछ

क. सम्बन्धित नगरपालिकाको राष्ट्रिय साझा मतदाताहरूको रोलक्रमको भागमा आधारित र दलको प्राथमिकता क्रममा समाविष्ट दलका उम्मेदवारहरूको सुचीबाट सदस्यहरूको निर्वाचनका निम्ति सहयोग गर्ने समानुपातिक प्रतिनिधित्वबाट, वा

ख. त्यस नगरपालिकाको राष्ट्रिय साझा मतदाता क्रमको भागमा आधारित वडा प्रतिनिधित्व प्रणालीसँग जोडिएको अनुच्छेद (क) मा व्याख्या गरे अनुसारको समानुपातिक प्रतिनिधित्वबाट ।

३. उपदफा (२) अनुसारको एउटा निर्वाचन प्रणाली अनुसार सामान्यत समानुपातिक प्रतिनिधित्वको परिणाम आउनुपर्नेछ ।

(सन् २००२ को ऐन नं. १८ को दफा १ (ख) द्वारा परिमार्जित उप- दफा (३)

४.

क. यदी निर्वाचन प्रणालीले वडा प्रतिनिधित्वलाई समावेश गरेमा, राष्ट्रिय विधानमा उल्लेखित कार्यविधि र मापदण्डअनुसार सञ्चालित वा नियुक्त एउटा स्वतन्त्र निकायले वडाको हदबन्दी तोक्नुपर्नेछ ।

(सन् १९९८ को ऐन नं. ८७ को दफा २ द्वारा परिमार्जित उप-दफा (४) । सन् २००५ को बाह्रौं शंशोधन ऐन, संविधानको दफा ३ द्वारा अनुच्छेद (ख) मेटाइयो ।)

५. नगरपालिकाको राष्ट्रिय साझा मतदाता रोलक्रमको भागमा दर्ता भएको व्यक्तिले मात्र नगरपालिकामा मतदान गर्न पाउनेछ ।

६. उपदफा (१) (ख) मा उल्लेखित राष्ट्रिय विधानले नगर परिषदहरूमा हुने नियुक्तिमा, दल तथा हकहितहरूलाई, नियुक्त गरिने परिषदमा निष्पक्ष रुपमा प्रतिविम्वित हुनदिने एउटा प्रणालीको स्थापना गर्नुपर्नेछ ।

**१५८. नगर परिषदहरूको सदस्यता**

१. निम्नलिखित बाहेक नगर परिषदका निम्ति मतदान गर्न योग्य प्रत्येक नागरिक परिषदको सदस्यताका लागि योग्य हुनेछ,

क. नगरपालिकाको सेवामा रहेको वा नगरपालिकाद्वारा नियुक्त गरिएको र त्यसवापत तलब बुझ्ने वा राष्ट्रिय विधान अनुसार अयोग्य ठहर्‍याइएको व्यक्ति,

ख. राज्यद्वारा नियुक्त तथा राज्यको सेवामा रहेको र त्यसवापत तलवभत्ता बुझ्ने तथा राष्ट्रिय विधान अनुसार नगर परिषदको सदस्यताबाट अयोग्य ठहर्‍याइएको व्यक्ति,

ग. राष्ट्रिय सभामा मतदानका लागि अयोग्य ठहर गरिएको वा दफा ४७ (१)(ग), (घ) वा (ङ) अनुसार सभाको सदस्य हुन अयोग्य व्यक्ति,

घ. राष्ट्रिय सभाको सदस्य वा प्रान्तहरूको राष्ट्रिय परिषदका लागि एउटा प्रतिनिधि वा एउटा प्रान्तीय विधायिकाको सदस्य, तर यो अयोग्यता राष्ट्रिय परिषदमा स्थानीय सरकारको प्रतिनिधित्व गर्ने नगर परिषदको सदस्यका हकमा लागु हुने छैन, वा

ङ. अर्को नगर परिषदको सदस्य, तर यो अयोग्यता त्यस्तै छुट्टै वर्गको अर्को नगर परिषदमा त्यो परिषदको प्रतिनिधित्व गर्ने नगर परिषदको सदस्यका हकमा लागु हुने छैन ।

२. राष्ट्रिय विधानले तोकेको कुनै सिमा तथा शर्तको अधिनमा रही एउटा नगर परिषदको सदस्यताका लाग उपदफा (१) (क), (ख), (घ) वा (ङ) बमोजिम अयोग्य नरहेको व्यक्ति ।

**१५९. नगर परिषदको समयावधि**

१. राष्ट्रिय विधानले तोके अनुसार नगर परिषदको समयावधि पाँच वर्षभन्दा बढीका लागि हुनेछैन ।

२. राष्ट्रिय विधान अनुसार एउटा नगर परिषद विघटन भएमा, वा त्यस्को समयावधि पुरा भएमा, परिषद विघटन भएको वा समयावधि सकिएको मितिले ९० दिनभित्र परिषदको चुनाव गरिसक्नुपर्नेछ ।

३. दफा १३९ को हस्तक्षेप पछि सोही बमोजिम विघटन गरिएको एउटा नगर परिषद वाहेकको नगर परिषद, विघटन भएदेखि वा समयावधि सकिएपछि पनि नयाँ परिषद निर्वाचित भएको घोषणा नहुन्जेल काम गर्न सक्षम रहनेछ ।

(दफा १५९ लाई सन् १९९८ को ऐन नं ६५ को दफा १ ले परिमार्जन गरेको छ ।)

**१६०. आन्तरिक कार्यविधिहरू**

१. एउटा नगर परिषदले

क. सबै अधिकारहरूको प्रयोग र नगरपालिकाका सबै कामको सम्पादन सम्बन्धमा निर्णय लिनेछ,

ख. आफ्नो सभापति नियुक्त गर्नुपर्नेछ,

ग. राष्ट्रिय विधानको अधिनमा रही एउटा कार्यकारी तथा अन्य समितिहरू निर्वाचित गर्न सक्नेछ, र

घ. यस्का कार्यहरूको प्रभावकारी सम्पादनका लागि आवश्यक व्यक्तिहरूलाई रोजगारी दिन सक्नेछ ।

२. नगरपरिषदद्वारा निम्न कार्यहरू हस्तान्तरीत नभएको हुन सक्छ ।

क. उपनीयमहरू पारित गर्ने,

खं. बजेटको अनुमोदन गर्ने,

ग. दर तोक्ने तथा अन्य कर, महशुल र शुल्कहरू लगाउने तथा असुल्ने, र

घ. ऋण उठाउने ।

३.

क. कुनै विषयमा मतदान हुने भएमा मतदान अघिनै नगर परिषदका सदस्यहरूको बहुमत संख्या उपस्थित हुन पर्नेछ ।

ख. आफ्नो सदस्यहरूमध्ये बहुमतको समर्थन सहित नगर परिषदद्वारा गरिएको निर्णयले उपदफा (२) मा उल्लेखित विषयहरूसँग सम्बन्धित सबै प्रश्नहरू निर्धारण गर्नेछ ।

ग. नगर परिषद अघि उब्जेका अन्य सबै प्रश्नहरूमा खसालिएका मतको बहुमतका आधारमा निर्णय गरिनेछ ।

४. निम्न बमोजिम वाहेक कुनै पनि उपनीयम नगर परिषदले पारित गर्नेछैन

क. परिषदका सबै सदस्यहरूलाई कारण सहित सुचना दिएपछि, वा

ख. प्रस्तावित उपनीयम सर्वसाधारणको टिप्पणीका लागि प्रकाशित गरेपछि ।

५. राष्ट्रिय विधानले निर्धारणका निम्ति निम्न मापदण्ड तोक्न सक्नेछ

क. एउटा नगर परिषदको आकार,

ख. नगर परिषदहरूले कुनै कार्यकारी समिति वा अन्य कुनै समिति निर्वाचित गर्न सक्ने वा नसक्ने सम्बन्धमा, वा

ग. नगर परिषदको कार्यकारी समिति वा अन्य कुनै समितिको आकार ।

६. नगर परिषदले निम्न लिखितका निम्ति नियम तथा आदेशहरू निर्दिष्ट हुने उपनियमहरू बनाउन सक्नेछ

क. यसका आन्तरिक प्रवन्धहरू,

ख. यसको कार्य तथा सञ्चालन, र

ग. यसका समितिहरूको स्थापना, संरचना, कार्यविधि, अधिकार तथा काम ।

७. एउटा नगर परिषदले आफ्नो कार्य खुला पारदर्शी ढंगले गर्नुपर्नेछ, र गरिरहेको कामको प्रकृति अनुसार सम्बन्धित रहेर तर्कसंगत अवस्थामा मात्र आफ्ना बैठकहरू वा आफ्ना मध्येका समितिहरू बन्द गर्न सक्नेछ ।

८. नगर परिषदका सदस्यहरू यस्को सञ्चालन र समितिहरूमा सहभागि हुन निम्न तवरले सक्नेछन् ।

क. दलहरू तथा परिषदभित्र देखिएका हीतहरूको निष्पक्ष प्रतिनिधित्व प्रदान गर्नेगरि ।

ख. प्रजातन्त्र सुहाँउदो रहने, र

ग. राष्ट्रिय विधानद्वारा सञ्चालिन हुन सक्ने गरी ।

**१६१. सुविधा**

प्रान्तीय विधानले राष्ट्रिय विधानको ढाँचाभित्र रहेर नगर परिषदहरू र तीनका सदस्यहरूलाई सुविधा तथा प्रतिरोधी कवच प्रदान गर्न सक्नेछन् ।

**१६२. नगर उप-नीयमको प्रकाशन**

१. सम्बन्धित प्रान्तको आधिकारिक राजपत्रमा प्रकाशित भएपछिमात्र एउटा नगर उप-नीयम लागु हुन सक्नेछ ।

२. एउटा प्रान्तीय आधिकारिक राजपत्रले नगरपालिकाको अनुरोधमा एउटा नगर उप-नीयम प्रकाशन गर्नुपर्नेछ ।

३. नगर उप-नियमहरू सर्वसाधारणको पहुँचमा हुनुपर्नेछ ।

**१६३. व्यवस्थित स्थानीय सरकार**

दफा ७६ द्वारा स्थापित कार्यविधि बमोजिम जारी गरिएको संसदको एउटा ऐनले

क. नगरपालिकाहरू प्रतिनिधित्व गर्ने राष्ट्रिय तथा प्रान्तीय संगठनहरूलाई मान्यता दिनुपर्नेछ ।

ख. स्थानीय सरकारका लागि निम्न कार्यविधिहरू तय गर्नुपर्नेछ जस्ले -

अ. राष्ट्रिय तथा प्रान्तीय सरकारसँग परामर्श गर्नेछ,

आ. प्रान्तका राष्ट्रिय परिषदमा सहभागि हुन प्रतिनिधिहरू तोक्नेछ, र

इ. दफा २२१ (१) (ग) मा कल्पना गरिएको राष्ट्रिय विधानमा उल्लेखित प्रक्रियामा सहभागि हुनेछ ।

(अनुच्छेद (ख) लाई सन् २००१ को ऐन नं ६१ को दफा ४ ले परिमार्जित गरेको छ ।)

**१६४. अन्य विषयहरू**

संबिधानमा व्यवस्था नभएका स्थानीय सरकार सम्बन्धित अन्य विषयहरू राष्ट्रिय विधान वा सो विधानको ढाँचामा रहेर प्रान्तीय विधानले उल्लेख गर्न सक्नेछ ।

**भाग ८ अदालत र न्याय सम्पादन**

**१६५. न्यायिक अधिकार**

१. गणतन्त्र दक्षिण अफ्रिकाको न्यायिक अधिकार अदालतहरूमा निहित हुनेछ ।

२. अदालतहरू स्वतन्त्र हुनेछन् र केवल संविधान एवम् कानुनअन्तर्गत सञ्चालन हुनेछन् । अदालतहरूले बिना डर, पक्षपात र पूर्वाग्रहरहित ढङ्गले निष्पक्षतापूर्वक कानुन लागू गर्नेपर्नेछ ।

३. अदालतको काम(कारबाहीमा कुनै व्यक्ति वा राज्यको अङ्गले हस्तक्षेप गर्ने छैनन् ।

४. कानुनी र अन्य उपायद्वारा राज्यका अङ्गहरूले अदालतलाई सहयोग पुऱ्याउनुपर्नेछ र स्वतन्त्रता निष्पक्षता, प्रतिष्ठा, पहुँच र प्रभावकारिताको प्रत्याभूति गर्न त्यसको रक्षा गर्नुपर्नेछ ।

५. अदालतको निर्णय वा आदेश लागू हुने सबै व्यक्ति तथा राज्यका अङ्गहरूमाथि बन्धनकारी हुनेछ ।

**१६६. न्यायिक पद्धति**

अदालतहरू देहायबमोजिम छन्–

क. संवैधानिक अदालत;

ख. सर्वोच्च पुनरावेदन अदालत;

ग. उच्च अदालत;

उच्च अदालतअन्तर्गत उच्च अदालतको पुनरावेदन सुनुवाइ गर्ने संसदद्वारा निर्मित कानुनद्वारा स्थापित कुनै पनि उच्च पुनरावेदन अदालत पनि पर्दछन् ।

घ. मेजिस्ट्रेट अदालत; र

ङ. उच्च अदालत वा मेजिस्ट्रेट अदालतसरह दर्जा भएका अदालतलगायत संसदद्वारा निर्मित कानुनद्वारा स्थापित वा मान्यता दिइएका कुनै पनि अदालतहरू ।

**१६७. संवैधानिक अदालत**

१. संवैधानिक अदालत दक्षिण अफ्रिकाका प्रधानन्यायाधीश, उपप्रधान न्यायाधीश र अन्य नौ जना न्यायाधीशसहितको हुनेछ ।

(उपखण्ड(एस (१) सन् २००१ को ऐन ३४ को एस ११ द्वारा प्रतिस्थापित भएको)

२. संवैधानिक अदालतसामु आएको कुनै विषयको मुद्दा कम्तीमा आठ जना न्यायाधीशले सुनुवाइ गर्नेछन् ।

३. संवैधानिक अदालत

क. सम्पूर्ण संवैधानिक विषयमा सर्वोच्च हुनेछ;

ख. संवैधानिक विषय र असंवैधानिक विषयसँग सम्बन्धित निर्णय र मुद्दामा मात्र निर्णय गर्नेछ; र

ग. कुनै विषय संवैधानिक विषय हो वा होइन र कुनै मुद्दा संवैधानिक विषयसम्बन्धी निर्णयसँग सम्बन्धित छ वा छैन भन्नेबारेमा अन्तिम निर्णय गर्नेछ ।

४. केवल संवैधानिक अदालतले मात्र देहायका निर्णय गर्नेछ(

क. राज्यका अङ्गको संवैधानिक हैसियत, अधिकार र कामसँग सम्बन्धित ती अङ्गबीच राष्ट्रिय र प्रान्तीय क्षेत्रसँग सम्बन्धित विवाद भएमा त्यसमाथि निर्णय गर्ने ।

ख. संसदीय वा प्रान्तीय विधेयकको संवैधानिकतामाथि निर्णय लिने । तर यस्तो निर्णय खण्ड ७९ वा १२१ मा परिकल्पना गरिएको अवस्थामा मात्र लिनसकिनेछ ।

ग. खण्ड ८० र १२२ मा परिकल्पना गरिएका निवेदनउपर निर्णय गर्ने ।

घ. कुनै पनि संविधान संशोधनको संवैधानिकताबारे निर्णय गर्ने;

ङ. संसद वा राष्ट्रपतिले संविधानको कर्तव्यपालना नगरेको भन्ने निर्णय लिने; वा

च. खण्ड १४४ बमोजिम प्रान्तीय संविधानलाई प्रमाणीकरण गर्ने ।

५. संवैधानिक अदालतले संसदद्वारा निर्मित कुनै ऐन, प्रान्तीय ऐन, वा राष्ट्रपतिको आचरण संवैधानिक भए/नभएकोबारे अन्तिम निर्णय लिन्छ र सर्वोच्च पुनरावेदन अदालत, उच्च अदालत वा समान दर्जाको अदालतले अमान्य भनेर दिएको आदेशलाई उक्त आदेश लागू हुनुपूर्व भएको अनुमोदन पुष्टि गर्नेछ ।

६. न्यायको हितमा भएमा र संवैधानिक अदालतलको अनुमतिले राष्ट्रिय कानुन वा संवैधानिक अदालतलको नियमले कुनै एक व्यक्तिलाई देहायको अनुमति दिनुपर्नेछ ।

क. कुनै विषयलाई सिधैँ संवैधानिक अदालतमा ल्याउने; वा

ख. अन्य कुनै अदालतमार्फत सिधै संवैधानिक अदालतमा पुनरावेदन गर्ने ।

७. संवैधानिक विषय संविधानको व्याख्या, रक्षा वा त्यसलाई लागू गर्नेसम्बन्धी कुनै विषयसँग सम्बन्धित हुनेछ ।

**१६८. सर्वोच्च पुनरावेदन अदालत**

१. सर्वोच्च पुनरावेदन अदालत एक अध्यक्ष, एक उपाध्यक्ष र संसदद्वारा निर्मित कानुनमा तोकिएको सङ्ख्यामा अन्य न्यायाधीशहरूसहितको हुनेछ ।

(उपखण्ड(एस (१) सन् २००१ को ऐन ३४ को एस १२ द्वारा प्रतिस्थापित)

२. सर्वोच्च पुनरावेदन अदालतसामु रहेको कुनै मुद्दा संसदद्वारा निर्मित कानुनमा तोकिएको न्यायाधीशको संख्याद्वारा निर्णय गरिनेछ ।

(उपखण्ड(एस (२) सन् २००१ को ऐन ३४ को एस १२ द्वारा प्रतिस्थापित)

३. सर्वोच्च पुनरावेदन अदालतले कुनै पनि विषयका पुनरावेदनमाथि निर्णय गर्नसक्नेछ । यो संवैधानिक विषयबाहेक पुनरावेदनको उच्च अदालत हो र यसले देहायका विषयमा मात्र निर्णय गर्नेछ ।

क. पुनरावेदन;

ख. पुनरावेदनसम्बन्धी मुद्दाहरू/विषयहरू; र

ग. संसदद्वारा निर्मित कानुनमा उल्लेख गरिएको अवस्था अनुसार त्यहाँ पठाइएका अन्य कुनै विषय ।

**१६९. उच्च अदालत**

उच्च अदालतले देहायका विषयमा निर्णय गर्नसक्नेछ

क. तल उल्लेखित अवस्थामा बाहेक कुनै संवैधानिक विषयमा

i) संवैधानिक अदालतले मात्र निर्णय गर्नसक्ने ; वा

ii) संसदद्वारा निर्मित कानुनद्वारा उच्च अदालतसरह दर्जाको अन्य अदालतलाई तोकेको विषय; र

ख. संसदद्वारा निर्मित कानुनद्वारा अर्को अदालतलाई नतोकिएको अन्य कुनै विषय ।

**१७०. मेजिस्ट्रेट अदालत र अन्य अदालतहरू**

मेजिस्ट्रेट अदालत र अन्य सबै अदालतले संसदद्वारा निर्मित कानुनले निर्धारण गरेको कुनै पनि विषयमा निर्णय लिन सक्नेछन् तर उच्च अदालतभन्दा तल्लो दर्जाको अदालतले कुनै कानुन वा राष्ट्रपतिको आचरणको बारेमा छानबिन गर्न वा त्यसको संवैधानिकताको बारेमा फैसला गर्नसक्ने छैनन् ।

**१७१. अदालती प्रक्रिया**

सबै अदालतहरू राष्ट्रिय कानुन अनुसार सञ्चालन हुन्छन् र तिनीहरूको नियम र प्रक्रिया राष्ट्रिय कानुनमा व्यवस्था गरिएबमोजिम हुनेछ ।

**१७२. संवैधानिक विषयमा अदालतका अधिकार**

१. आफ्नो अधिकारभित्रको संवैधानिक विषयमा निर्णय गर्दा अदालतले

क. बेमेल भएको हदसम्म अमान्य छ भन्ने घोषणा गर्नुपर्नेछ; र

ख. देहायमा उल्लिखितलगायत न्यायोचित र समातामूलक कुनै आदेश दिनसक्नेछ ।

i) अमान्य भनेर गरिएको घोषणाको पूर्व(प्रभावलाई सीमित गर्ने आदेश ; र

ii) योग्य निकायलाई कमजोरी सुधार गर्ने मौका प्रदान गर्न अमान्यताको घोषणालाई कुनै अवधि र कुनै पनि स्थितिमा निलम्बन गरेको आदेश ।

२. सर्वोच्च पुनरावेदन अदालत, उच्च अदालत वा समान दर्जाको अदालतले(

क. संसदद्वारा निर्मित ऐन, प्रान्तीय ऐन अथवा राष्ट्रपतिको आचरणको संवैधानिक मान्यतासँग सम्बन्धित आदेश दिन सक्नेछन् । तर संवैधानिक अदालतले पुष्टि नगरेसम्म संवैधानिक अमान्यताको आदेश प्रभावकारी हुनेछैन ।

ख. संवैधानिक अमान्यताको आदेश दिने अदालतले कुनै पनि पक्षलाई अस्थायी निषेधादेश वा अन्य अस्थायी राहत दिनसक्नेछ वा संवैधानिक अदालतले कुनै निश्चित ऐन अथवा आचरणको मान्यतामाथि फैसला नहुन्जेलसम्मका लागि अदालती प्रक्रियालाई मुलतवीमा राख्न सक्नेछ ।

ग. राष्ट्रिय कानुनले संवैधानिक अमान्यताको आदेशलाई संवैधानिक अदालतमा पठाउन सिफारिस गर्ने व्यवस्था गर्नेछ ।

घ. यस उपखण्डअनुसार पर्याप्त रुचि भएको कुनै व्यक्ति वा राज्यको निकायले अदालतले गरेको संवैधानिक अमान्यताको आदेशलाई पुष्टि गर्न वा परिवर्तन गर्नका लागि सिधै संवैधानिक अदालतसमक्ष पुनरावेदन दिन वा निवेदन दिन सक्नेछन् ।

**१७३. अन्तरनिहित अधिकार**

संवैधानिक अदालत, सर्वोच्च पुनरावेदन अदालत र उच्च अदालतसँग उनीहरूको आफ्नो प्रक्रियाको बचावट/रक्षा गर्ने र नियमन गर्ने तथा न्यायको हितलाई ध्यानमा राख्दै सार्वजनिक कानुनको प्रवर्द्धन र विकास गर्ने मौलिक अधिकार हुनेछ ।

**१७४. न्यायिक अधिकारीको नियुक्ति**

१. उचित योग्यता हासिल गरेका योग्य र उपयुक्त महिला वा पुरुषलाई न्यायिक अधिकारीको रूपमा नियुक्त गर्न सकिने छ । संवैधानिक अदालतमा नियुक्त गरिने व्यक्ति दक्षिण अफ्रिकी नागरिक हुनुपर्दछ ।

२. न्यायिक अधिकारीको नियुक्ति गर्दा न्यायापालिकालाई दक्षिण अफ्रिकाको जातीय र लैङ्गिक बनावट प्रतिबिम्बित हुने किसिमले गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्नुपर्नेछ ।

३. राष्ट्रपतिले राष्ट्रिय कार्यपालिकाको प्रमुखका हैसियतले न्यायसेवा परिषद् र राष्ट्रियसभामा प्रतिनिधित्व भएका राजनीतिक दलका नेताहरूको सल्लाहमा प्रधानन्यायाधीश र उपप्रधानन्यायाधीश नियुक्त गर्नेछन् तथा न्यायसेवा आयोगसँग सल्लाह गरेपछि सर्वोच्च पुनरावेदन अदालतका अध्यक्ष र उपाध्यक्षको नियुक्ति गर्नेछन् ।

(उपखण्ड( (३) सन् २००१ को ऐन ३४ को खण्ड १३ द्वारा प्रतिस्थापित)

४. राष्ट्रिय कार्यपालिकाको प्रमुखको हैसियतले राष्ट्रपतिले देहायको प्रक्रियाबमोजिम प्रधानन्यायाधीश र राष्ट्रियसभामा प्रतिनिधित्व भएका दलहरूका नेतासँग सल्लाह गरी संवैधानिक अदालतका अन्य न्यायाधीशको नियुक्ति गर्नेछन् ।

क. न्यायसेवा परिषद्ले नियुक्तिका लागि नामावली सूची तयार गर्नेछ । त्यसमा नियुक्त गर्नुपर्ने सङ्ख्यामा थप तीन जनाको नाम दिनुपर्नेछ र उक्त सूची राष्ट्रपतिलाई दिनुपर्नेछ ।

ख. राष्ट्रपतिले उक्त सूचीबाट नियुक्ति गर्नसक्नेछन् र सिफारिस गरिएकामध्ये कुनै पनि व्यक्ति अमान्य भएमा वा कुनै पनि नियुक्ति गर्न बाँकी भएमा कारणसहित न्यायसेवा परिषद्लाई सल्लाह दिनसक्नेछन् ।

ग. न्यायसेवा आयोगले अन्य व्यक्तिको नाम सिफारिस गरेर थप नामावली सूची दिनेछन् र राष्ट्रपतिले बाँकी नियुक्ति सो थप नामावली सूचीबाट गर्नेछन् ।

(उपखण्ड (४) सन् २००१ को ऐन ३४ को खण्ड १३द्वारा प्रतिस्थापित)

५. संवैधानिक अदालतका कम्तीमा चार जना सदस्यहरू संवैधानिक अदालतमा नियुक्ति हुँदाका बखत न्यायाधीशको पदमा कार्यरत हुनुपर्नेछ ।

६. राष्ट्रपतिले अन्य सबै अदालतका न्यायाधीशको नियुक्ति न्यायसेवा परिषद्को सिफारिसबमोजिम गर्नेछन् ।

७. अन्य न्यायिक अधिकारीको नियुक्ति संसदले बनाएको ऐनबमोजिम हुनेछ र यो ऐनले यी न्यायिक अधिकारीको नियुक्ति, बढुवा, सरुवा, बर्खास्तगी वा उनीहरूविरुद्ध अनुशासनको कारबाही बिनापक्षपात पूर्वाग्रहरहितरूपले गरिनेछ ।

८. न्यायिक अधिकारीहरूले आफ्नो काम सुरु गर्नुभन्दा पहिले अनुसूची २ बमोजिम संविधानको पालना र रक्षा गर्ने शपथ वा प्रतिज्ञा गर्नुपर्नेछ ।

**१७५. कार्यवाहक न्यायाधीश**

१. राष्ट्रपतिले यदि पद रिक्त भएमा वा न्यायाधीश अनुपस्थित भएमा कुनै महिला वा पुरुषलाई संवैधानिक अदालतको कार्यवाहक न्यायाधीशमा नियुक्त गर्नसक्नेछन् ।

कार्यवाहक न्यायाधीशको नियुक्ति न्यायसम्पादन हेर्ने जिम्मेवारी पाएका मन्त्रिमण्डलका सदस्यको सिफारिस र प्रधानन्यायाधीशको सम्मतिमा गरिनेछ ।

(उपखण्ड (१) सन् २००१ को ऐन ३४ को खण्ड १४ द्वारा प्रतिस्थापित)

२. न्यायसम्पादनको जिम्मेवारी पाएका मन्त्रिमण्डलका सदस्यले कार्यवाहक न्यायाधीशले सेवा गर्ने अदालतका वरिष्ठ न्यायाधीशको सल्लाह र सहमतिमा कार्यवाहक न्यायाधीशको नियुक्ति गर्नेछन् ।

**१७६. कार्यकाल, पारिश्रमिक**

१. संवैधानिक अदालतका न्यायाधीशको पदावधि संसदद्वारा निर्मित कानुनले पदावधि लम्ब्याएको/म्याद थपेको अवस्थामा बाहेक नवीकरण गर्न नपाइने गरी १२ वर्षसम्म वा निज ७० वर्ष नपुगुन्जेलसम्म जुन पहिला आउँछ त्यही कायम हुनेछ ।

(उपखण्ड (१) सन् २००१ को ऐन ३४ को बुँदा १५ द्वारा प्रतिस्थापित)

२. अन्य न्यायाधीशहरू संविधानद्वारा निर्मित ऐनले व्यवस्था गरेबमोजिम सक्रिय सेवाबाट नहटेसम्म पदमा बहाल रहनेछन् ।

३. न्यायाधीशको वेतन/तलब, सुविधा घटाउन पाइने छैन ।

**१७७. पदबाट हटाउने/बर्खास्त गर्ने**

१. न्यायाधीशलाई देहायको अवस्थामा मात्र पदबाट हटाउन सकिनेछ ।

क. न्यायसेवा आयोगले कुनै न्यायाधीश काम गर्न पूर्ण असक्षम र अशक्त छन् भन्ने ठानेमा वा गम्भीर खराब आचरणमा दोषी ठहरिएमा; अथवा

ख. राष्ट्रियभाले आफ्ना कम्तीमा पनि दुईतिहाइ सदस्यहरूको समर्थन मतबाट पारित प्रस्तावद्वारा कुनै न्यायाधीशलाई हटाउन माग गरेमा ।

२. कुनै न्यायाधीशलाई पदबाट हटाउने प्रस्ताव पारित भएपछि राष्ट्रपतिले न्यायाधीशलाई पदमुक्त गर्नेछन् ।

३. राष्ट्रपतिले न्यायसेवा आयोगको सल्लाहबमोजिम खण्ड (१) अनुसार कुनै पनि प्रक्रियाको विषय भएका/परेका न्यायाधीशलाई निलम्बन गर्न सक्नेछन् ।

**१७८. न्यायसेवा आयोग**

१. देहायका पदाधिकारी रहेको एक न्यायसेवा आयोग गठन हुनेछ ।

क. प्रधानन्यायाधीश जसले आयोगको बैठकको अध्यक्षता गर्दछन्;

ख. सर्वोच्च पुनरावेदन अदालतलका अध्यक्ष;

(अनुच्छेद (ख) सन् २००१ को ऐन ३४ को बुँदा १६ (क)द्वारा प्रतिस्थापित)

ग. न्यायाधीश अध्यक्षहरूद्वारा तोकिएका एक जना न्यायाधीश अध्यक्ष;

घ. न्यायसम्पादनको जिम्मेवारी पाएका मन्त्रिमण्डलका सदस्य वा मन्त्रिमण्डलको सदस्यद्वारा तोकिएका वैकल्पिक सदस्य;

ङ. राष्ट्रपतिद्वारा नियुक्त गरिएका सम्पूर्ण कानुन व्यवसायीको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना पेसावर वकिलहरू;

च. राष्ट्रपतिद्वारा नियुक्त सम्पूर्ण सरकारी वकिलको पेसालाई प्रतिनिधित्व गर्ने उक्त पेसामा सक्रिय दुई अधिवक्ताहरू;

छ. दक्षिण अफ्रिकाका विश्वविद्यालयका कानुन प्राध्यापकद्वारा तोकिएका एक जना कानुन प्राध्यापक;

ज. राष्ट्रियसभामा प्रतिनिधित्व भएका विपक्षी दलका कम्तीमा तीन जना सदस्यहरूसहित राष्ट्रियसभाले आफ्ना सदस्यहरूमध्येबाट तोकेका छ जना सदस्य;

झ. कम्तीमा पनि ६ प्रान्तको समर्थन मतप्राप्त गरेका राष्ट्रिय प्रान्तीय परिषद्द्वारा तोकिएका चार जना परिषद्का स्थायी प्रतिनिधिहरू;

ञ. राष्ट्रपतिले राष्ट्रिय कार्यपालिका प्रमुखको हैसियतले राष्ट्रियसभामा रहेका सबै दलहरूसँग सरसल्लाह गरी नियुक्त गरिएका चार जना व्यक्ति;

ट. कुनै निश्चित उच्च अदालतसँग सम्बन्धित विषयमा विचार गर्नुपर्ने अवस्थामाः

i) उक्त अदालतका न्यायाधीश अध्यक्ष र सम्बन्धित प्रान्तका मुख्यमन्त्री वा उनीहरूले तोकेका एक/एक जना वैकल्पिक व्यक्तिहरू ।

(अनुच्छेद (ट) सन् २००१ को ऐन ३४ को बुँदा १६ (ख) र सन् १९९८ को ऐन ६५ को बुँदा २ (क) द्वारा प्रतिस्थापित)

२. यदि उपखण्ड (१) (ङ) र (च) अनुसार कानुन व्यवसायी र अधिवक्ता व्यवसायीहरूमध्येबाट मनोनीत गर्नुपर्ने व्यक्तिको सङ्ख्या रिक्त सदस्य सङ्ख्या बराबर भएमा राष्ट्रपतिले उक्त सङ्ख्यामा नियुक्त गर्नुपर्नेछ । यदि मनोनयन गरिएका व्यक्तिको सङ्ख्या रिक्त रहेको सङ्ख्याभन्दा बढी भएमा राष्ट्रपतिले सम्बन्धित व्यवसाय/पेसागत समूहसँग सरसल्लाह गरी रिक्त स्थान पूर्ति गर्न आवश्यक सङ्ख्यामा सो पेसागत समूह सम्पूर्णलाई प्रतिनिधित्व हुने गरी उक्त पेसाबाट प्रतिनिधि सदस्य नियुक्त गर्नुपर्नेछ ।

३. राष्ट्रिय प्रान्तीय परिषद्द्वारा तोकिएका आयोगका सदस्यहरू उनीहरू सबै प्रतिस्थापित नभएसम्म वा उनीरुको उक्त सङ्ख्यामा रिक्त स्थान सिर्जना नभएसम्म सदस्य पदमा रहनेछन् । आयोगमा मनोनीत भएका वा तोकिएका अन्य सदस्यहरू उनीहरूलाई मनोनीत गर्ने वा तोक्ने निकायले उनीहरूको सट्टा अन्य व्यक्तिलाई मनोनयन नगरुन्जेल वा नतोकुन्जेलसम्म सदस्य पदमा रहने छन् ।

४. न्यायसेवा आयोगलाई संविधान र राष्ट्रिय कानुनले तोकेबमोजिम अधिकार र काम हुनेछन् ।

५. न्याय सेवा आयोगले न्यायपालिका वा न्यायसम्पादनसँग सम्बन्धित कुनै पनि विषयमा राष्ट्रिय सरकारलाई सल्लाह/सुझाव दिन सक्नेछ । तर जब परिषद्ले न्यायाधीशको नियुक्तिसम्बन्धी विषयबाहेक अन्य विषयमा विचार गर्दा त्यस्तो अवस्थामा उपखण्ड (१) (ज) र (झ) अनुसार तोकिएको सदस्यहरू आयोगको सो बैठकमा उपस्थित हुने छैनन् ।

६. न्यायसेवा आयोगले उसको कार्य प्रक्रिया निर्धारण गर्न सक्नेछ तर आयोगका निर्णयमा त्यसका बहुमत सदस्यहरूको समर्थन रहेको हुनुपर्दछ ।

७. यदि प्रधानन्यायाधीश अथवा सर्वोच्च पुनरावेदन अदालतका अध्यक्ष अस्थायी रूपमा आयोगमा सेवा दिन असमर्थ भएमा उप्रधानन्यायाधीश अथवा सर्वोच्च पुनरावेदन अदालतका उपाध्यक्षले अवस्थाअनुसार आयोगमा उनका विकल्पका रूपमा कार्य गर्नेछन् ।

(उपखण्ड( (७) सन् १९९८ को ऐन ६५ को बुँदा २ (ख) द्वारा थप गरिएको तथा सन् २००१ को ऐन ३४ को बुँदा १६ (ग) द्वारा प्रतिस्थापन गरिएको)

८. उपखण्ड (१) (ग), (ङ), (च) र (छ) अनुसार आयोगका सदस्य नियुक्त गर्ने, मनोनयन गर्ने वा तोक्ने राष्ट्रपति वा व्यक्तिले सोही प्रकारले आयोगमा यदि नियुक्त गरिएका सदस्यले अस्थायीरूपमा आफ्नै कारणले आयोगमा रही काम गर्न असमर्थ भएमा ती सदस्यको विकल्पमा अन्य सदस्य नियुक्त, मनोनयन वा तोक्न सक्नेछन् ।

(उपखण्ड (८) सन् १९९८ को ऐन ६५ को बुँदा २ (ख)द्वारा थपिएको)

**१७९. अभियोजन निकाय**

१. संसदद्वारा निर्मित कानुनअनुसार साङ्गठनिक संरचना भएको र देहायका सदस्यहरू रहेको गणतन्त्र दक्षिण अफ्रिकाको एउटामात्र अभियोजन निकाय हुनेछ ।

   क. राष्ट्रपतिले राष्ट्रिय कार्यपालिकाको प्रमुखको हैसियतले नियुक्त गरेका एक जना सार्वजनिक अभियोजन निकायका राष्ट्रिय निर्देशक जो सो निकायका प्रमुख हुनेछन् ।

   ख. संसदद्वारा निर्मित ऐनमा तोकिएबमोजिम सार्वजनिक अभियोजन निकायका निर्देशकहरू र अभियोजकहरू ।

२. अभियोजन निकायलाई राज्यको तर्फबाट फौजदारी मुद्दा लगाउने अधिकार साथै फौजदारी मुद्दा दायर गर्दा आवश्यक पर्ने कुनै पनि कामकारबाही गर्ने अधिकार हुनेछ ।

३. राष्ट्रिय कानुनले सार्वजनिक अभियोजन निकायका निर्देशकका देहायका सर्तहरू प्रत्याभूति गर्नुपर्नेछ ।

   क. उपयुक्त शैक्षिक योग्यता हासिल गरेको; र

   ख. उपखण्ड (५) को अधीनमा रहने गरी निश्चित अधिकार क्षेत्रमा अभियोजन कार्य गर्न जिम्मेवारीपूर्ण भएको ।

४. राष्ट्रिय कानुनले अभियोजन निकायले आफ्नो काम निडरताका साथ कुनै पूर्वाग्रह वा आग्रह वा पक्षपातबिना गर्नेछ भन्ने प्रत्याभूति गर्नेछ ।

५. सार्वजनिक अभियोजन निकायका राष्ट्रिय निर्देशक(

सार्वजनिक अभियोजन निकायका राष्ट्रिय निर्देशकले

क. न्यायसम्पादनको जिम्मेवारी मन्त्रिमण्डलका सदस्यको सम्मतिमा र सार्वजनिक अभियोजन निकायका निर्देशकसँगको सरसल्लाहमा अभियोजन प्रक्रियामा पालना गर्नुपर्ने अभियोजन नीति निर्धारण गर्नेछन्;

ख. अभियोजन प्रक्रियामा पालना गर्नुपर्ने नीतिगत निर्देशन दिनेछन्;

ग. नीतिगत निर्देशन पालना नभएको अवस्थामा अभियोजन प्रक्रियामा हस्तक्षेप गर्नसक्नेछन्; र

घ. सम्बन्धित सार्वजनिक अभियोजन निकायका निर्देशकसँगको सरसल्लाहपछि र सार्वजनिक अभियोजन निकायका राष्ट्रिय निर्देशकले तोकेको अवधिभित्र देहायका व्यक्तिबाट प्रतिनिधित्व/बयान, स्पष्टीकरण लिइसकेपछि अभियोग लगाउने वा नलागाउनेसम्बन्धी निर्णयलाई पुनरावलोकन गर्नसक्नेछन्।

i) अभियुक्त

ii) निवेदक

iii) राष्ट्रिय निर्देशकले उपयुक्त ठानेका अन्य कुनै व्यक्ति/पक्ष।

६. न्यायसम्पादनको जिम्मेवारी पाएका मन्त्रिमण्डलका सदस्यले अभियोजन निकायप्रतिको अन्तिम जिम्मेवारीको अभ्यास गर्नुपर्नेछ।

७. अभियोजन निकायसम्बन्धी अन्य सबै विषयहरू राष्ट्रिय कानुनले निर्धारण गर्नेछ।

**१८०. न्यायसम्पादनसम्बधी अन्य विषयहरू**

देहायमा दिइएका लगायत संविधानमा उल्लेख नगरिएका न्यायसम्पादनसँग सम्बन्धित सम्पूर्ण विषयका बारेमा राष्ट्रिय कानुनमा व्यवस्था गर्न सकिनेछ।

क. न्यायिक अधिकारीका लागि तालिम कार्यक्रम;

ख. न्यायिक अधिकारीविरुद्ध आएका सिकायत/गुनासोसँग सम्बन्धित प्रक्रियाहरू; र

ग. अदालतको निर्णयमा न्यायिक अधिकारीबाहेक अरू व्यक्तिहरूको सहभागिता।

## भाग-९: संबैधानिक प्रजातन्त्रलाई सहयोग गर्ने राज्य संस्थाहरू

**१८१. स्थापना तथा शासनगर्ने सिद्धान्तहरू**

१. गणतन्त्रमा निम्न राज्य संस्थाहरूले संबैधानिक प्रजातन्त्रलाई सुदृढ बनाउनेछन्।

क. सार्वजनिक संरक्षक।

ख. दक्षिण अफ्रिकाली मानव अधिकार आयोग।

ग. सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूको अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने आयोग।

घ. लैगिंक समानता आयोग।

ङ. निर्वाचन आयोग।

२. संविधान तथा कानुनको अधिनमा रही यी संस्थाहरू स्वतन्त्र हुनेछन् र यिनीहरूले निष्पक्ष भएर आफ्ना अधिकारहरू तथा कार्यहरूलाई विना डर, पक्षपात, पुर्वाग्रह नराखी प्रयोग गर्नुपर्दछ।

३. विधायिका तथा अन्य संयन्त्रहरूमार्फत ती संस्थाहरूको स्वतन्त्रता, निश्पक्षता, मर्यादा तथा ती संस्थाहरूको प्रभावकारिता सुनिश्चित गर्न राज्यका अन्य अंगहरूले ती संस्थाहरूलाई सघाउने तथा सुरक्षा प्रदान गर्नुपर्दछ ।

४. यी संस्थाहरूको संचालनमा कुनै व्यक्ति तथा राज्यका अंगले हस्तक्षेप गर्नेछैन ।

५. यी संस्थाहरू राष्ट्रिय सभाप्रति जवाफदेही रहनेछन् र तिनीहरूका गतिविधिहरू तथा कार्यहरूको सम्पादनको प्रतिवेदन वर्षको कम्तीमा एकपटक सभालाई बुझाउनुपर्नेछ ।

**सार्वजनिक संरक्षक**

**१८२. सार्वजनिक संरक्षकका कार्यहरू**

१. राष्ट्रिय विधानले तोके अनुसार सार्वजनिक संरक्षकसंग निम्न अधिकार रहनेछ ।

क. राज्य मामिला वा सरकारको कुनै क्षेत्रको जनप्रशासनमा, अनुचित भनी शंका गरिएको वा आरोप लगाइएको वा कुनै अनुचितता वा पुर्वाग्रहमा परिणत भएको, जस्तोसुकै आचरणको अनुसन्धान गर्ने,

ख. सो आचरण सम्बन्धमा प्रतिवेदन बनाउने, र

ग. उचित उपचारात्मक कारवाही गर्ने ।

२. सार्वजनिक संरक्षकसँग राष्ट्रिय विधानले तोकेका अतिरिक्त अधिकारहरू तथा कामहरू हुनेछन् ।

३. सार्वजनिक संरक्षकले अदालतका निर्णयहरूको अनुसन्धान गर्नेछैन ।

४. सार्वजनिक संरक्षकहरू सबै व्यक्तिहरू तथा समुदायको पहुँचमा हुनुपर्नेछ ।

५. राष्ट्रिय विधान बमोजिम निर्धारित हुने अपवादको परिस्थितिमा गोप्य राख्न आवश्यक एउटा प्रतिवेदन वाहेक सार्वजनिक संरक्षकले जारी गरेको कुनै पनि प्रतिवेदन सर्वसाधारणका लागि खुला हुनुपर्दछ ।

**१८३. कार्यावधि**

नविकरण नहुने गरी सात वर्षको अवधिका लागि सार्वजनिक संरक्षक नियुक्त हुनेछ ।

**दक्षिण अफ्रिकाली मानव अधिकार आयोग**

**१८४. दक्षिण अफ्रिकाली मानव अधिकार आयोगको कार्यहरू**

१. दक्षिण अफ्रिकाली मानव अधिकार आयोगले:

क. मानव अधिकार तथा मानव अधिकारको एउटा संस्कृतिका निम्ति आदर जगाउन सक्नुपर्छ ।

ख. मानव अधिकारको संरक्षण, विकास र उपलब्धिको प्रवर्द्धन गर्नुपर्दछ ।

ग. गणतन्त्रमा मानवअधिकार पालनाको अनुगमन गर्ने तथा विवरण लिने गर्नुपर्दछ ।

२. दक्षिण अफ्रिकाली मानव अधिकार आयोगसंग यस्का कार्यहरूको सम्पादन गर्न आवश्यक अधिकारहरू सहित राष्ट्रिय विधानद्वारा तोकिएका अधिकारहरू हुन्छन् ।

क. मानव अधिकारको पालना सम्बन्धमा अनुसन्धान गर्ने तथा प्रतिवेदन बनाउने,

ख. मानव अधिकार उल्लंघन भएको स्थानमा त्यस्को उचित निवारणको सुनिश्चितताका लागि कदम चाल्ने,

ग. अनुसन्धान कार्य गर्ने, र

घ. शिक्षा प्रदान गर्ने ।

३. दक्षिण अफ्रिकाली मानव अधिकार आयोगलाई, आवास, स्वास्थ्य सेवा, खाद्यान्न, पानी, सामाजिक सुरक्षा, शिक्षा र वातावरण सम्बन्धी अधिकारको विधेयकमा अधिकारहरूको प्रत्यक्षीकरण तर्फ चालिएका संयन्त्रहरू सम्बन्धमा, प्रत्येक वर्ष आयोगलाई सुचना प्रदान गर्न सम्बन्धित राज्यका अंगहरूको आवश्यकता हुनेगर्दछ ।

४. दक्षिण अफ्रिकाली मानव अधिकार आयोगसंग राष्ट्रिय विधानले तोकेका अतिरिक्त अधिकारहरू तथा कार्यहरू हुनेछन् ।

**सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूको अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने आयोग**

**१८५. आयोगका कामहरू**

१. सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूको अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने आयोगका प्राथमिक उद्देश्यहरूमाः

क. सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूको अधिकारको निम्ति आदरभाव जगाउने,

ख. सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूवीच समानता, भेदभावविहिनता र स्वतन्त्र सहकार्यका आधारमा शान्ति, मित्रता, मानवियता, सहनशिलता र राष्ट्रिय एकताको प्रवर्द्धन तथा विकास गर्ने, र

ग. दक्षिण अफ्रिकालीको एउटा समुदाय तथा समुदायहरूका निम्ति राष्ट्रिय विधान अनुसार एउटा सांस्कृतिक तथा अन्य परिषद वा परिषदहरूको स्थापना तथा मान्यताका लागि शिफारिस गर्ने ।

२. राष्ट्रिय विधानले तोके अनुसार आयोग संग सुपरिवेक्षण, अनुसन्धान, सोध, शिक्षा प्रदान, *लव्वी* गर्ने, सुझाव दिने र सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूको अधिकार सम्बन्धमा प्रतिवेदन बनाउने सहितको प्राथमिक उद्देश्यहरू हासिल गर्न आवश्यक अधिकार हुनेछ ।

३. आयोगले आफ्नो अधिकार तथा कार्य अन्तर्गत पर्ने कुनै विषयवस्तु सम्बन्धमा दक्षिण अफ्रिकाली मानव अधिकार अनुसन्धान आयोगलाई प्रतिवेदन दिन सक्नेछ ।

४. आयोगसंग राष्ट्रिय विधानले तोकेका अतिरिक्त अधिकारहरू तथा कार्यहरू हुनेछन् ।

**१८६. आयोगको संरचना**

१. सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूको अधिकारको प्रवर्द्धन तथा सुरक्षाका निम्ति आयोगको सदस्यहरूको संख्या र तिनको नियुक्ति तथा सेवाका शर्तहरू राष्ट्रिय विधानले तोके अनुसार हुनुपर्नेछ ।

२. आयोगमा

क. दक्षिण अफ्रिकाका मुख्य सांस्कृतिक, धार्मिक तथा भाषिक समुदायहरूको व्यापक प्रतिनिधित्व, र

ख. दक्षिण अफ्रिकाको लैंगिक संरचना व्यापक रुपमा झल्कने संरचना हुनुपर्छ ।

**लैगिंक समानता आयोग**

**१८७. लैगिंक समानता आयोगका कार्यहरू**

१. लैगिंक समानता आयोगले लैंगिक समानता तथा सो समानतको संरक्षण, विकास तथा उपलब्धिका निम्ति आदर जगाउन सक्नुपर्दछ ।

२. लैगिंक समानता आयोगसंग सुपरिवेक्षण, अनुसन्धान, शोध, शिक्षा प्रदान गर्ने, लवि गर्ने, सल्लाह दिने र लैंगिक समानताका मुद्धाहरू सम्बन्धी प्रतिवेदन बनाउने सहित यस्का कार्यहरू गर्न आवश्यक राष्ट्रिय विधानले तोके अनुसारको अधिकार हुनेछ ।

३. लैगिंक समानता आयोगसंग राष्ट्रिय विधानले तोके अनुसार अतिरिक्त अधिकारहरू तथा कार्यहरू हुनेछ ।

**महालेखा परिक्षक**

**१८८. महालेखा परिक्षकका कार्यहरू**

१. महालेखा परिक्षकले निम्नसम्बन्धमा लेखाहरू, आर्थिक वक्तव्यहरू र आर्थिक व्यवस्थापनको लेखा परिक्षण गर्ने तथा प्रतिवेदन तयार पार्नुपर्दछ

क. सबै राष्ट्रिय तथा प्रान्तीय राज्य विभागहरू र प्रशासनहरू,

ख. सबै नगरपालिकाहरू, र

ग. अन्य कुनै संस्था तथा आवश्यक लेखा निकाय ।

२. उपदफा (१) मा शिफारिस गरिएका दायित्वहरूका अतिरिक्त र कुनै विधानको अधिनमा रही महालेखा परिक्षकले निम्नसम्बन्धमा लेखाहरू, आर्थिक वक्तव्यहरू तथा आर्थिक व्यवस्थापनहरू सम्बन्धमा लेखापरिक्षण गर्ने तथा प्रतिवेदन तयार पार्नेछ

क. राष्ट्रिय राजस्व कोष वा एउटा प्रान्तीय राजस्व कोष वा एउटा नगरपालिकाद्वारा आर्थिक सहयोग प्राप्त कुनै संस्था, वा

ख. कुनै कानुन बमोजिम एउटा सार्वजनिक उद्देश्यका लागि रकम प्राप्त गर्ने कुनै एउटा आधिकारिक संस्था ।

३. महालेखा परिक्षकले लेखा परिक्षणको प्रतिवेदनहरू लेखा परिक्षणमा प्रत्यक्ष चाख राख्ने कुनै विधायिका र राष्ट्रिय विधानले शिफारिस गरेको कुनै अर्को अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्नेछ ।

४. महालेखा परिक्षकसंग राष्ट्रिय विधानद्वारा तोकिएका अतिरिक्त अधिकारहरू तथा कार्यहरू हुनेछ ।

**१८९. कार्यावधि**

पाँच देखि दश वर्षवीच निर्धारित एउटा नविकरण नहुने अवधिका लागि महालेखा परिक्षक नियुक्त गरिनुपर्नेछ ।

**निर्वाचन आयोग**

**१९०. निर्वाचन आयोगका कार्यहरू**

१. निर्वाचन आयोगले

क. राष्ट्रिय विधान अनुसार राष्ट्रिय, प्रान्तीय तथा नगर विधायिका निकायहरूको निर्वाचनको व्यवस्था गर्नुपर्नेछ,

ख. ती निर्वाचनहरू स्वतन्त्र र निष्पक्ष रहने सुनिश्चित गर्नुपर्दछ, र

ग. राष्ट्रिय विधानद्वारा सकेसम्म छोटो समयावधिका लागि तोके बमोजिम निर्वाचनहरूको परिणाम घोषणा गर्नुपर्दछ ।

२. निर्वाचन आयोगसंग राष्ट्रिय विधानले तोके बमोजिम अतिरिक्त अधिकारहरू तथा कार्यहरू हुनेछन् ।

**१९१. निर्वाचन आयोगको संरचना**

निर्वाचन आयोग कम्तीमा तीन व्यक्तिहरू मिलेर बन्नेछ । राष्ट्रिय विधानले तोकेअनुसारको सदस्य संख्या र तिनीहरूको सेवावधि हुनुपर्नेछ ।

**प्रसारण माध्यमलाई सञ्चालन गर्ने स्वतन्त्र प्राधिकरण**

**१९२. प्रसारण प्राधिकरण**

राष्ट्रिय विधानले प्रसारण सेवालाई समाजको हितमा सञ्चालन गर्न तथा दक्षिण अफ्रिकाली समाजको व्यापक प्रतिनिधित्व गर्ने विचारहरूको विविधता र निश्पक्षता सुनिश्चित गर्न एउटा स्वतन्त्र प्राधिकरणको स्थापना गर्नुपर्नेछ ।

**साझा प्रावधानहरू**

**१९३. नियुक्तिहरू**

१. यो पाठद्वारा स्थापित कुनै पनि आयोगका सदस्यहरू तथा सार्वजनिक संरक्षक निम्नलिखित महिला वा पुरुष हुनुपर्नेछ ।

क. दक्षिण अफ्रिकाली नागरिकहरू,

ख. सम्बन्धित कार्यालयको जिम्मेवारी पूरा गर्न सक्षम तथा उचित व्यक्तिहरू,

ग. राष्ट्रिय विधानद्वारा तोकिएका केही अन्य योग्यताहरू पूरा गर्ने ।

२. यो पाठद्वारा एउटा आयोगको निम्ति आवश्यक सदस्यहरू नियुक्त गरिदा दक्षिण अफ्रिकाको जाती र लैंगिक संरचनालाई व्यापक विम्वित गरेको विचार पुर्याइनुपर्दछ ।

३. महालेखा परिक्षक कार्यालयको सञ्चालन गर्न एउटा सुहाँउदो र उचित दक्षिण अफ्रिकी नागरिक महिला तथा पुरुष हुनुपर्नेछ ।

महालेखा परिक्षक नियुक्त गर्दा लेखा परिक्षणमा विशेषज्ञता हासिल गरेको वा राज्य अर्थहरू तथा सार्वजनिक प्रशासनमा अनुभविलाई विशेष ग्राह्यता दिइनुपर्नेछ ।

४. राष्ट्रिय सभाको शिफारिसमा राष्ट्रपतिले सार्वजनिक संरक्षक, महालेखा परिक्षक र निम्न निकायहरूका सदस्यहरू नियुक्त गर्नुपर्नेछ ।

क. दक्षिण अफ्रिकाली मानव अधिकार आयोग,

ख. लैंगिक समानता आयोग, र

ग. निर्वाचन आयोग ।

५. राष्ट्रिय सभाले निम्न व्यक्तिहरूलाई शिफारिस गर्नुपर्दछ ।

क. सभामा समानुपातिक तवरले प्रतिनिधित्व गर्ने सबै दलका सदस्यहरूमध्ये सभाको एउटा समितिले चयन गरेकाहरू,

ख. सहायक मतसमेत ग्रहण गरेर एउटा संकल्प प्रस्तावद्वारा सभाले अनुमोदन गरेको

अ. सार्वजनिक संरक्षक तथा महालेखा परिक्षकको नियुक्ति सम्बन्धी शिफारिस चाहिएमा सभाका सम्पूर्ण सदस्यहरूमध्ये कम्तिमा ६० प्रतिशतबाट, वा

आ. एउटा आयोगको एउटा सदस्यको नियुक्तिसँग सम्बन्धित शिफारिस भए सभाको बहुमत सदस्यहरूले ।

६. दफा ५९ (१) (क) मा दर्शाइए बमोजिम शिफारिस प्रक्रियामा नागरिक समाजको सहभागिता प्रदान गर्न सकिनेछ ।

**१९४. सेवाबाट हटाउने**

१. यो पाठद्वारा खडा गरिएका सार्वजनिक संरक्षक, महालेखा परिक्षक तथा आयोगको एउटा सदस्यलाई यी अवस्थामा सेवाबाट हटाउन सकिनेछ ।

क. दुर्व्यवहार, असक्षमता र अक्षमताको आधारमा,

ख. राष्ट्रिय सभाको एउटा समितिले त्यस्तो केही निष्कर्ष निकालेमा, र

ग. सभाले सो व्यक्तिलाई सेवाबाट हटाउन आव्हान गर्दै एउटा प्रस्ताव ग्रहण गरेमा ।

२. सेवाबाट हटाउने सम्बन्धी राष्ट्रिय सभाको एउटा प्रस्तावमा

क. सार्वजनिक संरक्षक तथा महालेखा परिक्षकको हकमा सभाको सदस्यहरूको कम्तीमा दुइ तिहाइ मतको समर्थन हासिल गरेर, वा

ख. एउटा आयोगको सदस्यको हकमा सभाका सदस्यहरूको बहुमतको समर्थन मत सहित ।

३. राष्ट्रपतिले

क. राष्ट्रिय सभाको एउटा समितिले कुनै एउटा व्यक्तिलाई सेवाबाट हटाउनका निम्ति प्रक्रिया शुरु गरेपछि कुनै पनि समय सेवाबाट बर्खास्त गर्न सक्नेछ, र

ख. एउटा व्यक्तिलाई सेवाबाट हटाउन आव्हन गर्दै सभाद्वारा प्रस्तावलाई ग्रहण गरिएपछि ।

## भाग ११: सुरक्षा सेवाहरू

**१९८. सञ्चालनका सिद्धान्तहरू**

निम्न सिद्धान्तहरूले गणतन्त्रको राष्ट्रिय सुरक्षालाई सञ्चालन गर्नेछन ।

क. दक्षिण अफ्रिकालीहरूको व्यक्तिगत तथा राष्ट्रको रुपमा समानढंगले शान्तपुर्वक तथा आपसी मेलमिलापसँग बाच्ने, कुनै किसिमको डरबाट स्वतन्त्र र कुशल जीवनको चाहना र खोजिमा राष्ट्रिय सुरक्षाले संकल्प प्रदान गर्नुपर्नेछ ।

ख. शान्ति र मेलमिलापसँग बाच्ने संकल्पले कुनै दक्षिण अफ्रिकाली नागरिकलाई संविधान र राष्ट्रिय विधानले निसृत गरेको वाहेकका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शसस्त्र द्वन्दमा जानबाट रोक्नेछ ।

ग. अन्तर्राष्ट्रिय कानून सहितको कानुनको परिपूरकका रुपमा राष्ट्रिय सुरक्षा खोजिनुपर्नेछ ।

घ. संसदको निकाय तथा राष्ट्रिय कार्यकारिणीको अधिनमा राष्ट्रिय सुरक्षा रहनेछ ।

**१९९. सुरक्षा सेवाहरूको स्थापना, स्वरुप निर्माण र व्यवहार**

१. संविधान बमोजिम खडा गरिएको एउटा एकल रक्षा फौज, एउटा प्रहरी सेवा र अनुसन्धान सेवाहरू गणतन्त्रको सुरक्षा सेवाहरू अन्तर्गत पर्नेछन् ।

२. गणतन्त्रको एकमात्र कानुनी सेनाको रुपमा रक्षा सेना रहनेछ ।

३. संविधान बमोजिम खडा गरिएका वाहेकका सैनिक सेवाहरू, शसस्त्र संगठनहरू वा सेवाहरू राष्ट्रिय विधान बमोजिम खडा गर्न सकिनेछ ।

४. सुरक्षा सेवाहरूको स्वरुप निर्माण र व्यवस्थापन राष्ट्रिय विधानद्वारा गरिनुपर्नेछ ।

५. सुरक्षा निकायहरूले संबिधान, कानून र प्रचलित अन्तर्राष्ट्रिय नियम तथा अन्तर्राष्ट्रिय संझौताहरू बमोजिम कार्य गर्ने, र आफ्ना सदस्यहरूलाई कार्य गर्न सिकाउनु आवश्यक हुनेछ ।

६. सुरक्षा सेवाका कुनै सदस्यले पनि गैरकानुनी घोषित आदेश पालना गर्नेछैन ।

७. सुरक्षा सेवा वा त्यस्का अन्य कुनै सदस्यले आफ्नो काम गर्दा

 क. संविधान बमोजिम कानुनी रहेको राजनीतिक दलको हितको आग्रह राखेर, वा

 ख. त्यसमाथि, दलगत ढंगले, कुनै पार्टिविशेषको हितमा ध्यान दिनेछैन ।

८. पारदर्शिता र जवाफदेहिताको सिद्धान्तलाई प्रभावित पार्न, बहुदलीय संसदीय समितिहरूले सबै सुरक्षा सेवाहरूलाई राष्ट्रिय विधान वा संसदको नियम तथा आदेशद्वारा सुपरिवेक्षण गर्नुपर्नेछ ।

**रक्षा**

**२००. रक्षा सेना**

१. रक्षा सेनालाई एउटा अनुशासित सैनिक सेनाको स्वरुपमा खडा गरी व्यवस्थित गर्नुपर्छ ।

२. रक्षा सेनाको प्राथमिक उद्देश्य संबिधान र सेना प्रयोग तथा परिचालन सम्बन्धी अन्तर्राष्ट्रिय कानुन बमोजिम गणतन्त्र, यसको भूमिक्षेत्रको अखण्डता र जनताको रक्षा गर्ने हुनेछ ।

**२०१. राजनीतिक दायित्व**

१. मन्त्रीपरिषदको एकजना सदस्य रक्षाप्रति उत्तरदायी हुनेछ ।

२. राष्ट्रिय कार्यकारिणीको हैसियतले राष्ट्रपतिले मात्र रक्षा सेनामा नियुक्तिको अधिकार निम्न बमोजिम दिनसक्नेछन् ।

 क. प्रहरी सेवाको सहयोगमा,

 ख. गणतन्त्रको रक्षार्थ, वा

 ग. अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्न ।

३. उपदफा (२) मा उल्लेखित उद्देश्य हासिल गर्न सुरक्षा फौजलाई नियुक्त गरेपछि राष्ट्रपतिले तत्कालै र आवश्यक विवरण सहित संसदलाई निम्न जानकारी गराउनुपर्नेछ ।

 क. रक्षा सेनामा नियुक्ति गर्नुपर्ने कारणहरू

 ख. फौज नियुक्त गरिएको कुनै स्थान

 ग. नियुक्त फौज बहाल रहने अनुमानित अवधि ।

४. उपदफा (२) बमोजिम, रक्षा फौज नियुक्त गरिएको पहिलो सात दिनसम्म संसद नबसेमा राष्ट्रपतिले सो जानकारी उपदफा (३) बमोजिम उचित समितिलाई प्रदान गर्नुपर्नेछ ।

**२०२. रक्षा फौजको आदेश**

१. राष्ट्रिय कार्यकारिणीको प्रमुख तथा रक्षा फौजको सर्वोच्च सेनापतिको हैसियतले राष्ट्रपतिले रक्षा फौजको सैनिक सेनापति नियुक्त गर्नुपर्नेछ ।

२. राष्ट्रपतिको अधिकार अन्तर्गत रहेर, रक्षाका लागि जिम्मेवार मन्त्रीपरिषदका सदस्यको निर्देशन बमोजिम रक्षा फौजको आदेश पालना गरिनेछ ।

**२०३. राष्ट्रिय सुरक्षाको अवस्था**

१. राष्ट्रपतिले राष्ट्रिय कार्यकारी प्रमुखको हैसियतले निम्न विवरण सहित राष्ट्रिय सेनाको अवस्था घोषणा गर्ने तथा संसदलाई तत्काल आवश्यक उचित विवरण जानकारी गराउनेछन्

क. घोषणाको कारणहरू

ख. रक्षा फौजहरू नियुक्त गरिएको कुनै स्थान, र

ग. सहभागि नागरिकको संख्या ।

२. राष्ट्रिय सुरक्षाको अवस्था घोषणा गर्दा संसद बैठक नबसेको भए राष्ट्रपतिले घोषणा भएको सात दिन भित्र अतिरिक्त बैठक बोलाउन सक्नेछन् ।

३. घोषणा भएको सात दिन भित्र संसदले अनुमोदन नगरेमा राष्ट्रिय सुरक्षाको अवस्थासम्बन्धी घोषणा निष्क्रीय हुनेछ ।

**२०४. रक्षा नागरिक सचिवालय**

रक्षाका लागि जिम्मेवार मन्त्रीपरिषदका सदस्यको निर्देशन अन्तर्गत रहेर काम गर्न राष्ट्रिय विधानद्वारा रक्षाका लागि एउटा नागरिक सचिवालयको स्थापना गरिनेछ ।

**प्रहरी**

**२०५. प्रहरी सेवा**

१. राष्ट्रिय, प्रान्तीय तथा आवश्यक परेको स्थानीय क्षेत्रका सरकारका लागि काम गर्न राष्ट्रिय प्रहरी सेवाको स्वरुप निर्धारण गरिनेछ ।

२. राष्ट्रिय विधानले प्रहरी सेवाको अधिकार तथा कर्तव्यहरू स्थापना गर्ने र प्रान्तका आवश्यकताहरूको जानकारी लिएर आफ्नो जिम्मेवारीहरूलाई प्रभावकारी ढंगले पूरा गर्न सक्ने गरी प्रहरी सेवाको क्षमता बढाउनुपर्छ ।

३. प्रहरी सेवाका उद्देश्यहरू सामाजिक सुव्यवस्था कायम राख्नु, गणतन्त्रका बासिन्दाको सुरक्षा तथा तिनीहरूको सम्पत्तिको रेखदेख र कानूनको पालना तथा कार्यान्वयनका लागि अपराध रोक्ने, नियन्त्रण गर्ने र अनुसन्धान गर्ने हुनेछन् ।

**२०६. राजनीतिक उत्तरदायित्व**

१. मन्त्रीपरिषदको एकजना सदस्य प्रहरी सेवाका लागि जिम्मेवार रहनुपर्नेछ, र सो सदस्यले प्रान्तीय सरकारहरूसँगको परामर्शपछि वा प्रहरी सेवाका आवश्यकताहरू र प्रान्तीय कार्यकारिणीहरूद्वारा तय गरिए अनुसार प्रान्तका प्राथमिकताहरू जानकारीमा लिइ राष्ट्रिय प्रहरी नीतिको निर्धारण गर्नुपर्नेछ ।

२. राष्ट्रिय प्रहरी नीतिले विभिन्न प्रान्तहरूको प्रहरी आवश्यकता तथा प्राथमिकता बुझेर ती प्रान्तहरूका निम्ति फरक नीतिहरूको व्यवस्था गर्न सक्नेछ ।

३. प्रत्येक प्रान्तले

क. प्रहरी आचरणको सुपरिवेक्षण गर्न

ख. प्रहरी सेवा सम्बन्धमा जानकारीहरू लिएर सेवाको प्रभावकारिता तथा चुस्तता निरीक्षण गर्न,

ग. प्रहरी र समुदायवीच राम्रो सम्बन्ध प्रवर्द्धन गर्न

घ. बाहिर देखिने प्रहरी सेवाको प्रभावकारिता बुझ्न र

ङ. अपराध तथा प्रान्तमा प्रहरी सेवाका सम्बन्धमा प्रहरी हेर्ने मन्त्रीपरिषदको सदस्य सँग सम्पर्कमा रहन अधिकार राख्तछन् ।

४. प्रान्तीय कार्यकारी निम्न प्रहरीकृत कार्यका लागि जिम्मेवार रहनेछ

क. यो पाठ बमोजिम उसमा नीहित,

ख. राष्ट्रिय विधान अनुसार उस्लाई तोकिएका

ग. राष्ट्रिय प्रहरीकृत नीतिले उसमा विनियोजन गरेका कार्य ।

५. उपदफा (३)मा उल्लेखित कार्यहरू गर्नका लागि, एउटा प्रान्तले

क. कुनै प्रहरीको निष्प्रभाव सम्बन्धी उजुरी तथा प्रहरी र कुनै समुदायवीचको सम्बन्ध तोडिएउपर एउटा अनुसन्धान आयोग नियुक्त गरि अनुसन्धान गर्न सक्नेछ, र

ख. प्रहरी सेवा हेर्ने मन्त्रीपरिषदको जिम्मेवार सदस्यसमक्ष सिफारिस चढाउनूपर्नेछ ।

६. प्रान्तीय कार्यकारिणीको उजुरी प्राप्त गरेपछि, राष्ट्रिय विधानले खडा गरेको प्रहरी उजुरी हेर्ने एउटा स्वतन्त्र निकायले प्रान्तमा प्रहरी सेवामा रहेको कुनै एउटा सदस्यले गरेको अपराध वा उद्वारा दुर्व्यवहार भएको आरोप सम्बन्धमा छानविन गर्नुपर्नेछ ।

७. नगर प्रहरी सेवाहरूको स्थापना, अधिकार, कार्य तथा नियन्त्रणका निम्ति राष्ट्रिय विधानले एउटा ढाँचा प्रदान गर्नुपर्नेछ ।

८. प्रहरी सेवाको प्रभावकारी समन्वय सुनिश्चित गर्न र सरकारका कार्यक्षेत्रवीच प्रभावकारी सहयोगको आदानप्रदानका लागि मन्त्रीपरिषदका सदस्य तथा कार्यकारिणी परिषदका सदस्यहरू सम्मिलित प्रहरीकृत सेवाका लागि जिम्मेवार एउटा समिति खडा गर्नुपर्नेछ ।

९. प्रान्तीय विधानलाई आफ्नो अघि देखिन वा यस्का कुनै समितिहरूको प्रश्नहरूको जवाफ दिन प्रान्तको प्रान्तीय आयुक्तको आवश्यकता पर्नसक्छ ।

**२०७. प्रहरी सेवाको नियन्त्रण**

१. राष्ट्रिय कार्यकारिणीको प्रमुखको हैसियतले राष्ट्रपतिले प्रहरी सेवालाई नियन्त्रण तथा व्यवस्थापन गर्न प्रहरी सेवाको राष्ट्रिय आयुक्तको रुपमा कुनै महिला वा पुरषलाई नियुक्त गर्न सक्नेछ ।

२. राष्ट्रिय आयुक्तले राष्ट्रिय प्रहरी सेवा नीति तथा जिम्मेवार मन्त्रीपरिषदका सदस्यको निर्देशन अनुसार प्रहरी सेवामाथि नियन्त्रण गर्ने वा सेवाको व्यवस्थापन लागु गर्नेछ ।

३. राष्ट्रिय आयुक्तले प्रान्तीय कार्यकारिणीसँगको सहमतिमा सो प्रान्तका लीग प्रान्तीय आयुक्तको रुपमा एउटा महिला तथा पुरुषलाई नियुक्त गर्नेछ, तर नियुक्ति सम्बन्धमा राष्ट्रिय आयुक्त वा प्रान्तीय कार्यकारिणी सहमत हुन नसकेमा प्रहरी सेवाका लागि जिम्मेवार मन्त्रीपरिषदका सदस्यले दुइ पक्षवीच मध्यस्थता गर्नुपर्नेछ ।

४. प्रान्तीय आयुक्तहरू उनीहरूको प्रान्तमा प्रहरीकृत सेवाका लागि जिम्मेवार रहनेछन्

क. राष्ट्रिय विधानमा उल्लेख भए अनुसार, र

ख. राष्ट्रिय आयुक्तको अधिकारको अधिनमा रही उपदफा (२) बमाजिम प्रहरी सेवामाथि नियन्त्रण तथा व्यवस्थापन लागु गर्न ।

५. प्रान्तीय आयुक्तले प्रान्तीय विधायिकालाई प्रान्तमा प्रहरीकृत सेवाको सम्बन्धमा जानकारी दिनुपर्नेछ र जानकारीको एउटा प्रति राष्ट्रिय आयुक्तकहाँ पठाउनुपर्नेछ ।

६. प्रान्तीय आयुक्तले प्रान्तीय कार्यकारिणीको विश्वास गुमाएमा, कार्यकारिणीले सो आयुक्तलाई राष्ट्रिय विधान अनुसार हटाउन वा सरुवा गर्न वा उमाथि विभागीय कारवाही गर्न आवश्यक प्रक्रिया चाल्न सक्नेछ ।

**२०८. प्रहरी नागरिक सचिवालय**

राष्ट्रिय विधानद्वारा प्रहरीकृत सेवाका लागि जिम्मेवार मन्त्रीपरिषदका सदस्यको निर्देशन अन्तर्गत रहेर काम गर्न एउटा नागरिक सचिवालय स्थापना गर्नुपर्नेछ ।

**विशेष प्रहरी**

**२०९. विशेष प्रहरी सेवाको स्थापना तथा नियन्त्रण**

१. राष्ट्रिय कार्यकारिणीको प्रमुखका हैसियले राष्ट्रिय विधानको अधिनमा रही राष्ट्रपतिले मात्र रक्षा फौज तथा प्रहरी सेवा वाहेक अन्य कुनै विशेष सेवा विभाग स्थापना गर्न सक्नेछन् ।

२. राष्ट्रिय कार्यकारीणीको प्रमुखको हैसियतले राष्ट्रपतिले उपदफा (१) बमोजिम स्थापना गरिएको प्रत्येक विशेष सेवामा एउटा महिला वा पुरुषलाई नियुक्त गर्नुपर्नेछ र त्यस्ता कुनै सेवालाई नियन्त्रण तथा निर्देशित गर्नका लागि कि त राजनीतिक उत्तरदायित्व ग्रहण गर्नुपर्नेछ नत्र मन्त्रीपरिषदका कुनै सदस्यलाई सो जिम्मेवारी तोक्नुपर्नेछ ।

**२१०. अधिकारहरू, कार्यहरू तथा सुपरिवेक्षण**

राष्ट्रिय विधानले रक्षा फौज वा प्रहरी सेवाको कुनै अनुसन्धान महाशाखा सहित, विशेष सेवाहरूका उद्देश्य, अधिकार तथा कार्यहरू व्यवस्थित गरिदिनुपर्नेछ र

क. सबै विशेष सेवाहरूको समन्वय, र

ख. राष्ट्रपतिद्वारा राष्ट्रिय कार्यकारिणीको प्रमुखको हैसियतले दिएको नियुक्ति राष्ट्रिय सभाको कम्तीमा दुइ तिहाइ सदस्यहरूले समर्थन मतसहित प्रस्ताव अनुमोदन भएका निरीक्षकद्वारा ती सेवाहरूका गतिविधिको नागरिक सुपरिवेक्षण गर्नुपर्नेछ ।

  १. दफा १९८ मा दर्शाइएको विधान जारी नहुञ्जेल अनुच्छेद (ख) लागू हुने छैन । हेर्नुस अनुसूचि ६ फाँट २१ (२) ।

  २. हेर्नुस अनुसूचि ६ को फाँट २१ (३) तर नोट गर्नुस, कुनै अनुच्छेद (क) अहिलेसम्म प्रकाशित भएको छैन ।

**भाग १२ - परम्परागत नेताहरू**

**२११. मान्यता**

१. प्रचलित कानुनअनुसार परम्परागत नेतृत्वको संस्था, अवस्था र भूमिकालाई संबिधानको अधिनमा रही मान्यता दिइनेछ ।

२. प्रचलित कानुनको एउटा प्रणाली पालना गर्ने एउटा परम्परागत निकायले लागु गर्न मिल्ने विधान तथा चलन र त्यसको संशोधन तथा खारेजी सहितको अधिनमा रही काम गर्न सक्नेछ ।

३. अदालतहरूले संबिधान तथा प्रचलित कानुनसँग सम्बन्धित अन्य विधानको अधिनमा रही लागू गर्न मिल्ने अवस्थामा प्रचलित कानुन लगाउनुपर्नेछ ।

**२१२. परम्परागत नेताहरूको भूमिका**

१. राष्ट्रिय विधानले परम्परागत नेतृत्वलाई स्थानीय तहमा स्थानीय समुदायहरूलाई प्रभावित पार्ने विषयहरूमा संस्थाको रुपमा परम्परागत नेतृत्वको भूमिका प्रदान गर्नसक्नेछ ।

२. प्रचलित कानुनको प्रणाली हेरी परम्परागत नेतृत्व, परम्परागत नेताहरूको भूमिका, प्रलचित कानुन तथा समुदायहरूको चलनहरू सँग सम्बन्धित विषयहरू सम्बोधन गर्नेछ ।

क. राष्ट्रिय तथा प्रान्तीय विधानले परम्परागत नेताहरूको घरका लागि जगहरू प्रदान गर्न सक्नेछ ।

ख. राष्ट्रिय विधानले परम्परागत नेताहरूको एउटा परिषद खडा गर्न सक्नेछ ।

## भाग १३: अर्थ

**सामान्य आर्थिक विषयहरू**

**२१३. राष्ट्रिय राजस्व कोष**

१. संसदको एउटा ऐनले कारण दर्शाएर समावेश नगरेको बाहेक, राष्ट्रिय सरकारले प्राप्त गरेको सबै रकम तिर्नुपर्ने एउटा राष्ट्रिय राजस्व कोष रहनेछ ।

२. राष्ट्रिय राजस्व कोषबाट निम्न बमोजिम मात्र रकम निकालिनेछ

क. संसदको एउटा ऐनले विनियोजन गरे बमोजिम

ख. राष्ट्रिय राजस्व कोष विरुद्ध एउटा प्रत्यक्ष अधिकारको रुपमा संविधान तथा संसदको एउटा ऐनल दिएको बेला ।

३. राष्ट्रियरुपमा उठाइएको एउटा प्रान्तको समान राजस्वको भाग राष्ट्रिय राजस्व कोष विरुद्ध प्रत्यक्ष अधिकार हो ।

(प्रारम्भ भएको मिति : १ जनवरी १९९८)

**२१४. समान शेयरहरू र राजस्वको विनियोजन**

१. संसदको एउटा ऐनले निम्नलिखित प्रदान गर्नुपर्नेछ

क. राष्ट्रिय, प्रान्तीय र सरकारको स्थानीय कार्यक्षेत्रवीच राष्ट्रियस्तरमा उठाइएको राजस्वको समान विभाजन,

ख. त्यो राजस्वको प्रान्तीय शेयरबाट प्रत्येक प्रान्तका लागि समान शेयरको अडान, र

ग. त्यो राजस्वबाट प्राप्त राष्ट्रिय सरकारको शेयरबाट प्रान्त, स्थानीय सरकार वा नगरपालिकाहरूमा हुने अन्य कुनै विनियोजन र त्यस्तो विनियोजन गर्न सकिने अन्य शर्तहरू ।

२. उपदफा (१) मा उल्लेखित कानुन प्रान्तीय सरकारहरूले व्यवस्थित स्थानीय सरकार र आर्थिक तथा वित्तिय आयोगसँग परामर्शपछि र आयोगका अन्य सुझावहरूमा विचार गरेपछि लागू हुन सक्नेछ र त्यस्ले,

क. राष्ट्रिय हित,

ख. राष्ट्रिय ऋण तथा अन्य राष्ट्रिय शर्तहरू बमोजिम गरिएका कुनै व्यवस्था,

ग. उद्देश्यपरक मापदण्डले तय गरेका राष्ट्रिय सरकारका आवश्यकता तथा हितहरू,

घ. आधारभूत सेवाहरू प्रदान गर्न तथा तिनीहरूलाई तोकिएका कामहरू पूरा गर्न प्रान्त तथा नगरपालिकाहरू सक्षम रहेको सुनिश्चित गर्ने आवश्यकता,

ङ. प्रान्तहरू तथा नगरपालिकाहरूको वित्तिय क्षमता तथा प्रभावकारिता,

च. प्रान्त, स्थानीय सरकार तथा नगरपालिकाहरूको विकास तथा अन्य आवश्यकताहरू,

छ. प्रान्तहरूभित्रै तथा वीच आर्थिक भिन्नता,

ज. राष्ट्रिय विधान अनुसार प्रान्त र नगरपालिकाहरूका शर्तहरू,

ञ. राजस्व शेयरहरूको स्थिर तथा अनुमानित विनियोजनको चाहना, र

ट. आकस्मिक संकट तथा अन्य अस्थायी आवश्यकताहरूलाई सम्बोधन गर्ने लचकताको चाहना र अन्य त्यस्तै उद्देश्य मापदण्डमा पर्ने कारकतत्वहरू ।

(प्रारम्भ भएको मितिः १ जनवरी, १९९८)

**२१५. राष्ट्रिय, प्रान्तीय तथा नगर बजेटहरू**

१. राष्ट्रिय, प्रान्तीय तथा नगर बजेटहरू तथा बजेटका प्रक्रियाहरूले पारदर्शीता, जवाफदेहिता र अर्थतन्त्र, ऋण तथा सार्वजनिक क्षेत्रको प्रभावकारी आर्थिक व्यवस्थापनको प्रवर्द्धन गर्नुपर्नेछ ।

२. राष्ट्रिय विधानले निम्नलिखित उल्लेख गर्नुपर्नेछ

क. राष्ट्रिय, प्रान्तीय तथा नगर बजेटहरूको स्वरुप,

ख. राष्ट्रिय तथा प्रान्तीय बजेट प्रस्तुत हुने मिति, र

ग. ती बजेटहरूले राजस्वका स्रोतहरू र प्रस्तावित खर्चले सरकारको प्रत्येक कार्यक्षेत्रमा कसरी राष्ट्रिय विधानको पालना गर्नेछ त्यो देखाउनुपर्नेछ ।

३. सरकारको प्रत्येक क्षेत्रमा रहेको बजेटमा

क. पूजी र वर्तमान खर्चवीच फरक देखाएर राजस्व तथा खर्चको अनुमान हुनेछ ,

ख. तिनीहरूले आवेदन दिएको कुनैपनि अपेक्षित घाटाको समयावधीका लागि लगानीका निम्ति प्रस्ताव, र

ग. सार्वजनिक ऋणलाई त्यो वर्षको अवधिका लागि बढाउने सापटी तथा अन्य स्वरुपका सार्वजनिक दायित्व सम्बन्धमा नियतहरूको सूचक ।

(प्रारम्भ भएको मिति : १ जनवरी, १९९८)

**२१६. राज्यकोष नियन्त्रण**

१. राष्ट्रिय विधानले एउटा राष्ट्रिय राज्यकोष खडा गर्नुपर्नेछ र निम्नलिखितको परिचय दिएर सरकारको प्रत्येक क्षेत्रमा पारदर्शिता तथा खर्च नियन्त्रण दुवै सुनिश्चित हुने संयन्त्र शिफारिस गर्नुपर्नेछ ।

क. सामान्यतः मान्यताप्राप्त लेखापरिक्षण विधि

ख. एकनासको खर्च वर्गिकरणहरू, र

ग. एकनाशका राज्यकोषको मुल्य तथा परिमानहरू ।

२. उपदफा (१) बमोजिम स्थापित संयन्त्रहरूसँगै राष्ट्रिय राज्यकोषले मिलाउने नीतिहरू लागु गर्न, र राज्यको कुनै अंगमा सो अंगले कुनै गम्भिर वा ती संयन्त्रहरूको विद्यमान सामाग्री उल्लंघन हुने कार्य गरेमा रकमको निकासा रोक्न सक्नेछ ।

(सन् २००१ को ऐन नं ६१ को दफा ५ (क) ले उपदफा (२) लाई परिमार्जन गरेको छ )

३. दफा २१४ (१) बमोजिम एउटा प्रान्तमा पठाउने रकम रोक्ने निर्णय उपदफा (२) मा उल्लेखित अवस्थामा मात्र लिन सकिनेछ, र -

क. १२० दिन भन्दा बढी का निम्ति रकमको निकासा रोकिने छैन, र

ख. निर्णय तत्कालै लागु हुन सक्नेछ, तर यो निर्णण दफा ७६(१) बमोजिम स्थापित र संसदको संयुक्त नियम तथा आदेशहरूमा उल्लेखित समग्रमा उस्तै एउटा प्रक्रिया भएपछि संसदले त्यसलाई अनुमोदन नगरे पृष्ठदर्शीरुपमा त्यसै हराएर जानेछ ।

(सन् २००१ को ऐन नं ६१ को दफा ५ (ख) द्वारा संशोधित उपदफा (३)

४. संसदले उपदफा (३) बमोजिम स्थापित गरेको प्रक्रिया पछि, एक पटकमा १२० दिनभन्दा बढी रकमको निकासा रोक्ने निर्णय नवीकरण गर्न सक्नेछ ।

५. एउटा प्रान्तमा जाने रकमको निकासा रोक्ने निर्णयलाई संसदले अनुमोदन तथा नवीकरण गर्नुअघि

क. महालेखापरिक्षकले संसदलाई जानकारी गराउनुपर्नेछ । र

ख. त्यो प्रान्तलाई आफूविरुद्ध लागेको अभियोगसम्बन्धमा एउटा समितिसमक्ष उत्तर दिने र आफनो भनाइ राख्ने मौका दिइनुपर्नेछ ।

(प्रारम्भ भएको मितिः १ जनवरी, १९९८)

**२१७. वारिसनामा**

१. राष्ट्रिय, प्रान्तीय तथा सरकारको स्थानीय क्षेत्रमा राज्यका कुनै अंग वा राष्ट्रिय विधानमा पहिचान गरिएका अन्य कुनै संस्थाले सामान तथा सेवाका लागि सम्झौता गर्दा निश्पक्ष, पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी ढंगको प्रणाली अपनाउनुपर्दछ ।

२. उपदफा (१) ले राज्यका अंगहरू तथा संस्थाहरूलाई सो उपदफामा उल्लेखित वारिसनामा नीतिको कार्यान्वयनबाट रोक्ने छैन, तर

क. सम्झौताहरूको विनियोजन प्राथमिकताका आधारमा वर्गीकरण, र

ख. व्यक्ति, व्यक्तिको वर्ग, पक्षपातपूर्ण भेदभावद्वारा विपन्न पारिएकाहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

३. राष्ट्रिय विधानले उपदफा (२) मा उल्लेखित नीतिको कार्यान्वयनका लागि एउटा खाका शिफारिस गर्नुपर्नेछ ।

(सन् २००१ को ऐन नं ६१ले उपदफा (३) लाई परिमार्जन गरेको छ । )

**२१८. सरकारी प्रत्याभूतिहरू**

१. राष्ट्रिय तथा प्रान्तीय सरकार वा नगरपालिकाले राष्ट्रिय विधानमा उल्लेखित शर्तहरूसँग मिल्ने भएमा मात्र ऋण प्रत्याभूत गर्न सक्नेछ ।

२. आर्थिक तथा वित्तिय आयोगले दिएको कुनै सुझावहरू उपर विचार गरेपछि मात्र उपदफा (१) मा उल्लेखित राष्ट्रिय विधान जारी गर्न सकिनेछ ।

३. प्रत्येक सरकारले हरेक वर्ष आफूले प्रदान गरेका प्रत्याभूतिहरूको प्रतिवेदन प्रकाशित गर्नुपर्नेछ ।

(प्रारम्भ भएको मिति : १ जनवरी, १९८०)

**२१९. सार्वजनिक कार्यालय सम्हाल्ने व्यक्तिहरूको तलवमान**

१. संसदको एउटा ऐनले निम्न तय गर्नका लागि एउटा खाका तयार गर्नुपर्नेछ

क. राष्ट्रिय सभा, प्रान्तहरूका राष्ट्रिय परिषदका स्थायी प्रतिनिधिहरू, मन्त्रीपरिषदका सदस्यहरू, उपमन्त्रीहरू, परम्परागत नेताहरू र परम्परागत नेताहरूका जुनसुकै परिषदका सदस्यहरूको तलब, भत्ता र सुविधाहरू ।

ख. प्रान्तीय विधायकहरू, कार्यकारी परिषदका सदस्यहरू र भिन्न वर्गका नगर परिषदका सदस्यहरूको सबैभन्दा उच्च सिमित तलवमान, भत्ता तथा सुविधाहरू ।

२. उपदफा (१) मा उल्लेखित तलब, भत्ता र सुविधाहरू सम्बन्धमा सुझाबहरू दिन एउटा स्वतन्त्र आयोगको गठन राष्ट्रिय विधानले गर्नुपर्नेछ ।

३. उपदफा (२) बमोजिम गठन भएको आयोगले दिएको जस्तोसुकै सुझाबहरूमाथि पुनर्विचार गरेर मात्र उपदफा ( १) मा उल्लेखित विधानलाई संसदले पारित गर्न सक्नेछ ।

४. उपदफा (२) बमोजिम गठन भएको आयोगका जस्तोसुकै सुझाबहरूमा पुर्नविचार गरेर मात्र उपदफा (१) मा उल्लेखित राष्ट्रिय विधानलाई राष्ट्रिय कार्यकारी, प्रान्तीय कार्यकारी, नगरपालिका तथा अन्य कुनै सम्बन्धित निकायले कार्यान्वयन गर्न सक्नेछ ।

५. न्यायाधिशहरू, सर्वसाधारणका सुरक्षा अधिकृतहरू, महालेखापरिक्षक र दफा १९२ मा उल्लेखित प्रसारण अधिकारी सहित संबिधानमा उल्लेखित सबै आयोगका सदस्यहरूको तलब, भत्ता तथा सुविधा निर्धारण गर्ने खाँकाहरू राष्ट्रिय विधानले तयार गर्नेछ ।

**आर्थिक तथा वित्तिय आयोग**

**२२०. स्थापना तथा कार्यहरू**

१. गणतन्त्रका लागि एउटा आर्थिक तथा वित्तिय आयोग हुनेछ जस्ले संसद, प्रान्तीय विधायिकाहरू तथा राष्ट्रिय विधानले तोकेको अन्य कुनै निकायलाई, यो पाठमा तथा राष्ट्रिय विधानमा दर्शाइएका सुझाबहरू दिनेछ ।

२. आयोग स्वतन्त्र रहनेछ र संविधान तथा कानुनको अधिनमा रही निश्पक्ष भएर काम गर्नेछ ।

३. आफ्ना कार्यहरू सम्पादन गर्दा दफा २१४ (२) मा सुचिकृत सहित सबै सम्बन्धित कारकतत्वहरूमाथि विचार पुर्‍याएर संबिधानको एउटा ऐन बमोजिम आयोगले काम गर्नेछ ।

**२२१. सदस्यहरूको नियुक्ति तथा समयावधि**

१. राष्ट्रपतिले कार्यकारी प्रमुखको हैसियतले नियुक्त गरेका निम्न महिला तथा पुरुष आयोगमा रहनेछन्:

क. एकजना अध्यक्ष तथा उपाध्यक्ष,

ख. राष्ट्रिय विधानले सुझाएको एउटा प्रक्रिया बमोजिम तयार पारिएको एउटा सुचिबाट प्रधानमन्त्रीसँग परामर्श गरेर छानिएका तीन व्यक्ति ।

ग. राष्ट्रिय विधानमा उल्लेखित प्रक्रिया बमोजिम तयार सुचिबाट व्यवस्थित स्थानीय सरकारसँगको परामर्शपछि छानिएका दुइ व्यक्ति । र

घ. दुई अन्य व्यक्तिहरू ।

(उपदफा (१) लाई सन् १९९९ को ऐन नं २को दफा (२) ले शंशोधन र सन् २००१ को ऐन नं

६१ को दफा ७ (क)ले परिमार्जन गरेको छ । )

यो उपदफा (१) मा उल्लेखित राष्ट्रिय विधानले निम्नको सहभागिता गराउनुपर्छ -

अ. उपदफा (१) (ख) मा कल्पना गरिएको सुचिको एकाकारमा रहेका प्रमुखहरू, र

आ. उपदफा (१) (ग) मा कल्पना गरिएको सुचिको एकबद्धतामा व्यवस्थित स्थानीय सरकार ।

( सन् २००१ को ऐन नं ६१ को दफा ७ (ख) मा उपदफा (१क) समाविष्ट गरिएको छ । )

२. आयोगका सदस्यहरूसँग उचित विशेषज्ञता हुनुपर्नेछ ।

३. राष्ट्रिय विधानबमोजिम स्थापित समयावधिसम्म सदस्यहरू सेवामा रहनेछन् । दुर्व्यवहार, क्षमताको अभाव र दुर्वलताको आधारमा राष्ट्रपतिले कुनै सदस्यलाई सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

**२२२.प्रतिवेदनहरू**

आयोगले संसद तथा प्रान्तीय विधायिकाहरूलाई नियमित प्रतिवेदन बुझाउनुपर्नेछ ।

**केन्द्रीय बैंक**

**२२३. स्थापना**

दक्षिण अफ्रिकाली रिजर्भ बैंकनै गणतन्त्रको केन्द्रीय बैंक हुनेछ र संसदको एउटा ऐन बमोजिम यो सञ्चालित हुनेछ ।

**२२४. प्राथमिक उद्देश्य**

१. दक्षिण अफ्रिकाली रिजर्भ बैंकको प्राथमिक उद्देश्य गणतन्त्रमा सन्तुलित तथा दीगो आर्थिक वृद्धिको हीत हुनेगरी मुद्राको मान सुरक्षा गर्ने हुनेछ ।

२. आफ्नो प्राथमिक उद्देश्य हासिल गर्न दक्षिण अफ्रिकाली रिजर्भ बैंकले स्वतन्त्रतापूर्वक तथा निडर भएर, कसैप्रति आग्रह तथा पूर्वाग्रह नराखी कार्य सम्पादन गर्नेछ, तर बैंक तथा राष्ट्रिय आर्थिक मामिला सम्बन्धमा जिम्मेवार मन्त्रीपरिषदको सदस्यवीच नियमित परामर्श हुनुपर्नेछ ।

**२२५. अधिकार तथा कार्यहरू**

दक्षिण अफ्रिकाली रिजर्भ बैंकको अधिकार तथा कार्यहरू संसदको एउटा ऐनले तोकिदिएको हुनुपर्नेछ र त्यो ऐनमा उल्लेखित शर्तहरूको अधिनमा रही लागू भएको वा सम्पादित हुनुपर्नेछ, केन्द्रीय बैंकहरूले प्रयोग गर्ने तथा सम्पादन गर्ने प्रचलित अधिकार तथा कार्यहरू हुनेछन् ।

प्रान्तीय तथा स्थानीय आर्थिक मामिलाहरू

**२२६. प्रान्तीय राजस्व कोषहरू**

१. प्रत्येक प्रान्तमा एउटा प्रान्तीय राजस्व कोष रहनेछ जस्मा संसदको एउटा ऐनले कारणसहित हटाएको बाहेक प्रान्तीय सरकारले प्राप्त गर्ने सबै रकम तिर्नुपर्नेछ ।

२. प्रान्तीय राजस्व कोषबाट निम्न बमोजिममात्र रकम निकाल्न सकिनेछ -

क. एउटा प्रान्तीय ऐनद्वारा गरिने एउटा विनियोजन बमोजिम, वा

ख. संबिधान वा एउटा प्रान्तीय ऐनमा प्रदान गरिंदा प्रान्तीय राजस्व कोष विरुद्ध कुनै एउटा प्रत्यक्ष अधिकारको रुपमा ।

३. दफा २१४ (१) बमोजिम एउटा प्रान्तभित्र रहेको स्थानीय सरकारका लागि प्रान्तमार्फत राजस्व विनियोजन गरेमा त्यो प्रान्तको राजस्व कोष विरुद्ध प्रत्यक्ष अधिकार हुनेछ ।

४. राष्ट्रिय विधानले निम्न रहने गरी एउटा खाका तय गर्न सक्नेछ -

क. एउटा प्रान्तीय ऐनले उपदफा (२) (ख) बमोजिम प्रान्तीय राजस्व कोष विरुद्ध प्रत्यक्ष अधिकारको रुपमा रकम निकाल्नका लागि अधिकार दिन सक्नेछ, र

ख. उपदफा (३) बमोजिम सो प्रान्तमा प्रान्तले स्थानीय सरकारलाई विनियोजन गरेको राजस्व सो प्रान्तमा रहेको नगरपालीकालाई तिर्नुपर्नेछ ।

(उप-दफा (४) मा सन् २००१ को ऐन नं. ६१ को दफा ८ जोडेको छ । )

(प्रारम्भ भएको मितिः १ जनवरी १९९८)

**२२७. प्रान्तीय तथा स्थानीय सरकारको अनुदानका राष्ट्रिय स्रोतहरू**

१. स्थानीय सरकार तथा प्रत्येक प्रान्त

क. आधारभूत सेवाहरू तथा आफूलाई सुम्पिएका कार्यहरू सम्पादन गर्नका लागि आफूलाई सक्षम बनाउन राष्ट्रिय रुपमा उठाइएको राजस्वको समुचित अंशको हकदार हुनेछन् ।

ख. राष्ट्रिय सरकारको राजस्वबाट, शर्शत वा निर्शत गरिने अन्य विनियोजनहरू प्राप्त गर्न सक्नेछन् ।

२. राज्यस्तरमा उठाइने राजस्वबाट तथा राष्ट्रिय सरकार राजस्वबाट र तिनीहरूले पाउने अन्य विनियोजनको अंशबाट प्रान्तहरू तथा नगरपालिकाहरूले उठाएका अतिरिक्त राजस्वहरू घटाइनेछैन । साथै, वित्तिय क्षमता तथा करको आधार सुहाउदो राजस्व नउठाउने कुनै प्रान्त वा नगरपालिकालाई राष्ट्रिय सरकारले क्षतिपुर्ती दिनैपर्ने कुनै नियम छैन ।

३. दफा २१६ बमोजिम रोकिएको बाहेक, राष्ट्रिस्तरमै उठाइएको प्रान्तको राजस्वको समुचित अंश प्रान्तलाई तत्काल र कुनै कटौती नगरी पठाउनुपर्छ ।

४. एउटा प्रान्तले संबिधानमा दर्शाइएका बाहेकका आफ्ना आवश्यकताहरूका लागि आफूलाई चाहिएका कुनै स्रोतहरू, आफ्नो प्रान्तीय संबिधानको व्यवस्था बमोजिम प्रदान गर्नुपर्नेछ ।

(प्रारम्भ भएको मिति : १ जनवरी, १९९८।)

**२२८. प्रान्तीय करहरू**

१. एउटा प्रान्तीय विधायिकाले निम्न करहरू लागु गर्न सक्नेछ

क. आम्दानी कर, अतिरिक्त सेवा शुल्क, साधारण विक्रि कर, सम्पत्तिको दरहरू वा भन्सार शुल्कहरूबाहेकका करहरू, दरहरू र शुल्कहरू, र

ख. कर्पोरेट आम्दानी कर, अतिरिक्त कर, सम्पत्ति तथा भन्सार शुल्कका दरहरू बाहेक राष्ट्रिय विधानले लगाएको, कुनै कर, दर वा शुल्कमा अतिरिक्त शुल्क ।

(सन् २००१ को ऐन नं. ६१ ले अनुच्छेद (ख) लाई परिमार्जित गरेको छ )

२. कर, शुल्क, दर तथा अतिरिक्त शुल्कहरू लगाउने प्रान्तीय विधायिकाको अधिकार

क. भौतिक तथा अकारण पूर्वाग्रह राख्ने राष्ट्रिय आर्थिक नीतिहरू, प्रान्तीय सिमाक्षेत्रहरूका आर्थिक गतिविधिहरू सामान, सेवा, पूँजी तथा श्रमको राष्ट्रिय परिचालन नहुनेगरी प्रयोग हुनेछन् ।

ख. आर्थिक तथा वित्तिय आयोगको कुनै पनि सुझावहरूमा पुनविचार गरेपछि जारी गरिने संसदको एउटा ऐनको आधारमा सञ्चालित हुन सक्नेछ ।

(प्रारम्भ भएको मितिः १ जनवरी १९९८)

**२२९. नगरका वित्तिय अधिकारहरू तथा कार्यहरू**

१. (२), (३) र (४) उपदफाहरूको अधिनमा रही एउटा नगरपालिकाले निम्न व्यवस्था लागू गर्न सक्नेछ ।

क. नगरपालिकाका तर्फबाट वा प्रदान गरिएका सेवाहरूका निम्ति लगाइएको शुल्क वृद्धि गर्ने तथा सम्पत्तिका दरहरू तोक्ने, र,

ख. राष्ट्रिय विधानले अधिकार दिएमा, स्थानीय सरकार वा नगरपालिका रहेको स्थानीय सरकार वर्गको निकायका लागि उचित अन्य करहरू, महशुल र शुल्क लगाउने, तर कुनै नगरपालिकाले आम्दानी कर, अत्तिरिक्त सेवा शुल्क, साधारण विक्री कर र भन्सार शुल्क लगाउन सक्ने छैन ।

२. सम्पत्तिको दर तोक्ने, नगरपालिकाद्वारा वा त्यसको तर्फबाट सेवाहरूका निम्ति लगाइएको शुल्कहरूमा वृद्धि, वा अन्य करहरू, महशुल वा शुल्क लागु गर्ने एउटा नगरपालिकाको अधिकार

क. वस्तुगतरुपमा वा राष्ट्रिय आर्थिक नीति, नगर क्षेत्रभरका आर्थिक गतिविधिहरू वा सामान, सेवा, पूजी वा श्रमसँग अकारण पुर्वाग्रही हुने गरि प्रयोग गरिने छैन, र

ख. राष्ट्रिय विधानद्वारा सञ्चालन गर्न सकिनेछ ।

३. दुइटा नगरपालिकासँग एउटै क्षेत्रका सम्बन्धमा उस्तै वित्तिय अधिकार तथा कार्यहरू भएमा राष्ट्रिय विधान अनुसार ती अधिकार तथा कामहरूको उचित विभाजन गरिनुपर्नेछ । कम्तिमा निम्न मापदण्डहरूमा विचार पुर्‍याएरमात्र विभाजन कार्य गरिनेछ ।

क. कर प्रणालीको राम्रा सिद्धान्तहरूसँग मेल खानुपर्ने ।

ख. प्रत्येक नगरपालिकाले गरेका अधिकार तथा कामहरू ।

ग. प्रत्येक नगरपालिकाको वित्तिय क्षमता ।

घ. कर, महशुल तथा शुल्क उठाउने प्रभावकारिता तथा चुस्तता ।

ङ. समता ।

४. यो दफामा उल्लेखित बुँदाले यो दफा बमोजिम एउटै क्षेत्रमा वित्तिय अधिकार तथा कार्यहरू भएका नगरपालिकाहरूवीच उठाइएको राजस्वको बाँडफाँडमा अवरोध पुर्‍याउने छैन ।

५. व्यवस्थित स्थानीय सरकार र आर्थिक तथा वित्तिय आयोगवीचको परामर्शपछिमात्र यो दफामा उल्लेखित राष्ट्रिय विधान लागू हुनेछ र आयोगका कुनै पनि सुझाबमाथि विचार गरिनेछ ।

**२३०. प्रान्तीय तथा नगर ऋणहरू**

१. एउटा प्रान्तले पूँजी तथा राष्ट्रिय विधान बमोजिम विद्यमान खर्चका लागि ऋण उठाउन सक्नेछ, तर आर्थिक वर्ष अवधिमा उद्देश्यहरू हासिल गर्न आवश्यक पर्दामात्र विद्यमान खर्चका निम्ति ऋण उठाउन सकिनेछ ।

२. आर्थिक तथा वित्तिय आयोगका कुनै पनि सुझावहरूमाथि विचार पुर्‍याएरमात्र उपदफा (१) मा उल्लेखित राष्ट्रिय विधान जारी गरिनेछ ।

(सन् २००१ को ऐन नं ६१ को दफा १० ले दफा २३० लाई परिमार्जित गरेको छ )

(प्रारम्भ भएको मिति : १ जनवरी, १९९८)

**२३० क. नगर ऋणहरू**

१. राष्ट्रिय विधानअनुसार एउटा नगर परिषदले -

क. नगरपालिकाको निम्ति पूँजी तथा विद्यमान खर्चका लागि ऋणहरू उठाउनेछ, तर आर्थिक वर्ष अवधिमा उद्देश्यहरू हासिल गर्न आवश्यक पर्दामात्र विद्यमान खर्चका निम्ति ऋण उठाउन सकिनेछ, र

ख. नगरपालिकाको निम्ति ऋणहरू तथा लगानीहरूको व्यवस्था गर्न आफ्नो विधायिका तथा कार्यकारी निकायको प्रयोगमा आफू तथा एउटा भविष्यको परिषदलाई वाध्यात्मक बनाउनेछ ।

२. आर्थिक तथा वित्तिय आयोगका कुनै पनि सुझावहरूमाथि विचार पुर्‍याएरमात्र उपदफा (१) मा उल्लेखित राष्ट्रिय विधान जारी गरिनेछ ।

**भाग १४ : सामान्य प्रावधानहरू**

**अन्तर्राष्ट्रिय कानुन**

**२३१. अन्तर्राष्ट्रिय सम्झौताहरू**

सबै अन्तर्राष्ट्रिय सम्झौताहरूमा वार्ता तथा हस्ताक्षर गर्ने जिम्मेवारी राष्ट्रिय कार्यकारिणीको हुनेछ ।

उपदफा (३) मा उल्लेखित वाहेक, राष्ट्रिय सभा तथा प्रान्तहरूको राष्ट्रिय परिषद दुवैले संकल्प प्रस्तावमार्फत अनुमोदन गरेपछिमात्र एउटा अन्तराष्ट्रिय सम्झौता गणतन्त्रका लाीग वाध्यकारी हुनेछ।

राष्ट्रिय कार्यकारिणीमार्फत भित्रिएको, प्राविधिक, प्रशासनिक तथा कार्यकारिणी प्रकृतिको एउटा अन्तर्राष्ट्रिय सम्झौता तथा अनुमोदन तथा सहमति दुवैको आवश्यकता नरहेको सम्झौता राष्ट्रिय सभा तथा प्रान्तहरूको राष्ट्रिय परिषदको अनुमोदन वेगरै गणतन्त्रका लागि बाध्यकारी हुनेछ तर त्यसलाई एउटा उचित समयभित्र सभा र परिषदमा प्रस्तुत गर्नुपर्नेछ ।

राष्ट्रिय विधानले कानुन बनाएर जारी गरेपछि मात्र कुनै अन्तराष्ट्रिय सम्झौता गणतन्त्रका लागि कानुन हुनेछ, तर संसदले कानुनको रुपमा अनुमोदन गरेको सम्झौताको एउटा स्व-कारी प्रावधान संबिधान तथा संसदको ऐनसँग नबाँझिदासम्म मात्रै गणतन्त्रका लागि कानुन रहनेछ ।

यो संबिधान लागू हुँदाका बखत गणतन्त्रका लागि बाध्यकारी रहेका अन्तराष्ट्रिय सम्झौताहरूको पालना गणतन्त्रले गर्नुपर्नेछ ।

**२३२. प्रचलित अन्तर्राष्ट्रिय कानुन**

संबिधान तथा संसदको एउटा ऐनसँग नबाँझिदासम्म प्रचलित अन्तर्राष्ट्रिय कानुन गणतन्त्रको कानुन हुनेछ ।

**२३३. अन्तर्राष्ट्रिय कानुनको प्रयोग**

प्रत्येक अदालतले कुनै विधानको व्याख्या गर्दा अन्तर्राष्ट्रिय कानुनसँग बाँझिने कुनै वैकल्पिक व्याख्याभन्दा अन्तर्राष्ट्रिय कानुनसँग मिल्ने विधानको कुनै उचित व्याख्यालाई प्राधान्यता दिनुपर्नेछ ।

**अन्य विषयहरू**

**२३४. अधिकारहरूको वडापत्रहरू**

संविधानले स्थापना गरेको प्रजातन्त्रको संस्कृतिलाई मजबुत पार्न संसदले संबिधानका प्राबधानहरू सुहाँउदो अधिकारहरूका वडापत्रहरू अंगिकार गर्न सक्नेछ ।

**२३५. आत्म-निर्णय**

समग्र दक्षिण अफ्रिकाली जनतालाई संबिधानले सुनिश्चित गरेको आत्म-निर्णयको अधिकारले यो अधिकारको बनोटभित्र रहेर गणतन्त्रको एउटा भू-भाग भित्र बसोवास गर्ने वा राष्ट्रिय विधानले निर्धारण गरे बमोजिम अन्य कुनै तवरले एउटा साझा सांस्कृतिक तथा भाषिक सम्पदा बाँडफाँड गर्ने कुनै समुदायको आत्म निर्णयको अधिकारलाई प्राप्त मान्यताको पहिचान नकार्ने छैन ।

## २३६. राजनीतिक दलहरूलाई आर्थिक सहयोग

बहुदलीय प्रजातन्त्रको संबर्द्धनका लागि राष्ट्रिय विधानले राष्ट्रिय तथा प्रान्तीय विधायिकाहरूमा सहभागि राजनीतिक दलहरूलाई समान तथा समानुपातिक आधारमा आर्थिक सहयोग प्रदान गर्नुपर्नेछ ।

## २३७. शर्तहरूको पूर्ण पालना

सम्पूर्ण संबैधानिक शर्तहरूको कडाइका साथ विना कुनै ढिलाइ पालना हुनुपर्नेछ ।

## २३८. संस्था तथा प्रत्यायोजन

सरकारको कुनै कार्यक्षेत्रमा राज्यको एउटा कार्यकारी अंगले विधान बमोजिम प्रयोग तथा पालना हुनुपर्ने कुनै अधिकार तथा कार्य राज्यको अर्को कुनै कार्यकारी अंगसँग प्रत्यायोजन सक्नेछ तर सो प्रत्यायोजित अधिकारको प्रयोग तथा कार्यको सम्पादन गर्ने सम्बन्धमा विधानसँग वा संस्था वा विनियोजनका आधारमा कुनै अर्को राज्यको कार्यकारी अंगका निम्ति मिल्ने अधिकारको प्रयोग तथा कुनै कार्यको सम्पादन हुनुपर्नेछ ।

## २३९. परिभाषाहरू

सन्दर्भले अन्यथा नदर्शाएमा यो संबिधानमा "राष्ट्रिय विधान" ले संसदको एउटा ऐन बमोजिम बनेका तल्ला तहका विधान, र संबिधान जारी हुँदा लागु रहेको राष्ट्रिय सरकारद्वारा प्रशासित विधानलाइ समेट्नेछ, "राज्यका अंग" भन्नाले राज्यको कुनै विभाग वा सरकारको राष्ट्रिय, प्रान्तीय तथा स्थानीय कार्यक्षेत्रमा संविधान तथा एउटा प्रान्तीय संबिधान बमोजिम अधिकारको प्रयोग तथा कार्यको सम्पादन गरिरहेका, तर कुनै अदालत तथा न्यायिक अधिकृत समावेश नगर्ने, कुनै निकाय तथा संस्था वा कुनै विधान बमोजिम सार्वजनिक अधिकारको प्रयोग तथा सार्वजनिक कार्य सञ्चालन गरिरहेको प्रशासनलाई जनाउछ, "प्रान्तीय विधान" ले एउटा प्रान्तीय कानुन बमोजिम बनेका तल्लातहका विधान, र संबिधान जारी हुँदाका बखत लागु रहेको प्रान्तीय सरकारद्वारा सञ्चालित विधानलाई समेट्नेछ ।

## २४०. विभिन्न शब्दहरूवीच मतभेद

संविधानका विभिन्न शब्दहरूमा मत बाँझिएको अवस्थामा अंग्रजी संस्करण कायम रहनेछ ।

## २४०. संक्रमणकालीन व्यवस्थाहरू

संबिधानले स्थापना गरेको नयाँ संबैधानिक मर्यादाक्रमको संक्रमण र त्यो संक्रमणसँग सम्बन्धित विषयमा अनुसुचि ६ प्रयुक्त हुनेछ ।

## २४२. कानुनहरूको खारेजी

दफा २४३ र अनुसुचि ६ को अधिनमा रही अनुसुचि ७ मा उल्लेखित कानुनहरू खारेज भएका छन् ।

## २४३. संक्षीप्त उपसंहार तथा प्रारम्भ

यो ऐनलाई दक्षिण अफ्रिकाली गणतन्त्रको संबिधान, १९९६ भनिनेछ र राष्ट्रपतिको घोषणामार्फत १ जुलाई १९९७ भन्दा ढिलो नहुने गरी, यथासक्य चाँडो एउटा मितिबाट लागू गरिनेछ ।

संबिधानको विभिन्न प्रावधानहरू अन्तर्गत रहेर उपदफा (१) मा उल्लेखित मिति भन्दा अघि राष्ट्रपतिले विभिन्न मितिहरू तय गर्न सक्नेछ ।

सन्दर्भले अन्यथा नदर्शाए, संबिधान लागु भएपछि संविधानको एउटा प्रावधानमा समयको एउटा सन्दर्भ त्यो प्रावधान लागु भएपछि समयको एउटा सन्दर्भको रुपमा व्याख्या गरिनेछ ।

उपदफा (२) बमोजिम संबिधानको कुनै विशेष प्रावधानका निम्ति कुनै छुट्टै मिति निर्धारण गरिएमा, सोही मितिदेखि लागु हुने गरी, घोषणामा उल्लेखित, दक्षिण अफ्रिकाली गणतन्त्रको संबिधान, १९९३ (१९९३को ऐन २००) को कुनै मिल्दो प्रावधान खारेज हुनेछ ।

१ जनवरी १९९८ मा २१३, २१४, २१५, २१६, २१८, २२६, २२७, २२८, २२९ र २३० दफाहरू लागु हुनेछन, तर यस्ले यो संविधानबमोजिम यी मध्ये कुनै प्रावधानहरूमा कल्पना गरिएको विधानलाई सो मिति अघि जारीहुनबाट रोक्ने छैन । सो मितिसम्म दक्षिण अफ्रिकाली गणतन्त्रको संबिधान, १९९३ सँग मिल्ले र एउटै पर्नगएका प्रावधानहरू क्रियाशिल रहनेछन् ।